नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

शनिबार, कात्तिक १८, २०७४ | Saturday, November 4, 2017 | www.newsofnepal.com | नेसं ११३८ कछलाथ्व: १५ | वर्ष २३, अंक २८९ | पृष्ठ १२ | मूल्य रू. १०/–

२ { यस कारण अगाडि छ वाम गठबन्धन
५ { 'उपत्यकाको ट्राफिक व्यवस्थापन जटिल बन्दै'
९ { टिकट नदिएपछि रातारात पार्टी परिवर्तन
१० { वाम गठबन्धनको महत्वाकांक्षी आर्थिक एजेन्डा




लापर्बाही : 'पुनर्संरचना बनाउन माग मात्र नगरौं, यसको आदर र प्रयोग गर्न पनि सिकौं' रत्नपार्कको आकासेपुल मुनि बाटो कट्दै सर्वसाधारण । तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

## वाम गठबन्धनको चुनावी तालमेल

# उम्मेदवार छनोटमा जालझेल

**मधुसूदन रायमाझी**

काठमाडौं

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा चुनावी तालमेल गरेका वाम गठबन्धन नेकपा एमाले र नेकपा माओवादी केन्द्रभित्र टिकट वितरणमा नातावाद र पैसावाललाई दिएको भन्दै असन्तुष्टि चुलिएको छ।

१ सय ६५ वटा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन क्षेत्रमा चुनावी तालमेल गरेको एमाले र माओवादी केन्द्रले टिकट वितरणमा विधि र पार्टी पद्धतिलाई बेवास्ता गरेको भन्दै नेतृत्वप्रति तीव्र असन्तुष्टि देखिएको छ। दुवै पार्टीले टिकट वितरण गर्दा नातावाद र पैसावाल रोजेको भन्दै कार्यकर्ता रुष्ट भएका छन्।

पार्टीमा निरन्तर रूपमा लामो समय काम गरेका, जेल जीवन बिताएका, सशस्त्र द्वन्द्वको समयमा योगदान गरेका व्यक्तिलाई भन्दा पनि नेताहरूको मनोमानी ढंगले टिकट वितरण भएको भन्दै पार्टी केन्द्रदेखि स्थानीय तहसम्म नै असन्तुष्टि देखिएको छ। टिकट वितरणमा नेताहरूले भेदभाव गरेको भन्दै मनोनयन दर्ताका क्रममा बागी उम्मेदवारी दिए पनि कारबाही गर्ने चेनावनीपछि नेताहरू उम्मेदवारी फिर्ता लिन बाध्य भएका छन्।

मंसिर १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका क्रममा टिकट वितरणप्रति असन्तुष्टि जनाउँदै एमाले र माओवादीबाटै आफ्ना नेताविरुद्ध बागी उम्मेदवारी दिएका नेताले पार्टीको दबाबमा उम्मेवारी फिर्ता लिएका थिए। मंसिर २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा बिहीबार भएको मनोनयन दर्ताका क्रममा पनि वाम गठबन्धनभित्र दर्जनौं बागी उम्मेदवारी परेको छ।

तर पार्टी नेतृत्वले उम्मेवारी फिर्ता लिन दबाब दिन शुरू गरिसकेको छ। 'बागी नउठौं नेतृत्वले गरेको अन्याय सहनुपर्ने, उम्मेदवारी फिर्ता नलिऔं अहिलेसम्म गरेको राजनीति नै धर्म संकटमा पर्ने खतरा छ', एक बागी उम्मेदवारले भने- 'पार्टीमा विधि र पद्धतिभन्दा पनि नातावाद र पैसावालको बिगबिगी भयो यो अन्याय सहन निकै गाह्रो भो।'

एमाले र माओवादीका नेताहरूले टिकट वितरण गर्दा पार्टीमा योगदान गरेका योग्य र क्षमतावान् युवा नेताहरूलाई विभेद गरेको आरोप लागेको छ। दुवै पार्टीमा आफन्तलाई टिकट वितरण गर्दा प्राथमिकता दिएको आरोप लागेको छ। नेकपा एमालेले समानुपातिकको बन्दसूचीमा समावेश गरिएका उम्मेदवारको नाम सार्वजनिक गरिसकेको छ भने माओवादी केन्द्रले अझै समानुपातिकतर्फको बन्दसूचीमा समावेश गरिएका उम्मेदवारको नाम सार्वजनिक गरेको छैन।

**१ सय ६५ वटा प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन क्षेत्रमा चुनावी तालमेल गरेको एमाले र माओवादी केन्द्रले टिकट वितरणमा विधि र पार्टी पद्धतिलाई बेवास्ता गरेको भन्दै नेतृत्वप्रति तीव्र असन्तुष्टि देखिएको छ।**

संविधानले कल्पना गरेको समाजवाद व्यवस्था ल्याउनका लागि दुई कम्युनिस्ट पार्टी मिलेर वामपन्थी गठबन्धन निर्माण गर्दै निर्वाचनमा चुनावी तालमेल गरेका छन्। दुई दलबीच चुनावी तालमेलसँगै आगामी दिनमा एउटै कम्युनिस्ट पार्टी निर्माण गर्ने सहमति गरेर अगाडि बढेका छन्। गठबन्धन बनाएका दुवै दलले आफ्ना नातेदारलाई टिकट वितरण गरेको भन्दै नेतृत्वको आलोचना गरेका छन।

टिकट वितरणमा नेताहरूले पार्टीमा योगदान गरेको आधारमा भन्दा पनि आफ्ना श्रीमती, भाइ, बहिनीलाई रोज्दा दुवै पार्टीभित्र आन्तरिक विवाद चुलिएको छ। वामपन्थी गठबन्धन बनाउन भूमिका खेल्नुभएका एमालेका उपाध्यक्ष वामदेव गौतम बर्दिया क्षेत्र १ बाट प्रतिनिधिसभाको उम्मेदवार बन्नुभएको छ भने उहाँको श्रीमती तुलसी थापालाई समानुपातिकतर्फको उम्मेदवार बनाइएको छ। एमालेका नेता शंकर पोखरेल ५ नम्बर प्रदेशको मुख्यमन्त्रीका दाबेदारसहित दाङबाट प्रदेशसभाका लागि उम्मेदवारी दिनुभएको छ भने उहाँकी श्रीमती सुजिता शाक्यलाई समानुपातिकतर्फको उम्मेदवार बनाइएको छ।

नेता रघुवीर महासेठ धनुषा-४ बाट उम्मेदवार बन्नुभएको छ भने उहाँको श्रीमती जुली महतो केन्द्रका लागि समानुपातिक सूचीमा रहनुभएको छ। एमालेको निर्वाचन आयोग प्रमुख सोमनाथ प्यासी समानुपातिको सूचीमा रहनुभएको छ भने उहाँकै बहिनी प्रभा कोइराला पनि समानुपातिक सूचीमा पर्न सफल हुनुभएको छ। एमालेका नेता सुवास नेम्वाङ इलाम क्षेत्र नं २ बाट प्रतिनिधिसभाको उम्मेदवार बन्नुभएको छ भने उहाँकै भाइ वसन्त नेम्वाङले प्रदेशसभामा टिकट पाउनुभएको छ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले चितवन-३ बाट प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारी दिनुभएको छ। प्रचण्डकी बुहारी विना मगर कञ्चनपुर-१ बाट प्रतिनिधिसभाका उम्मेदवार बन्नुभएको छ। उहाँकै ज्वाइँ जीवन आचार्य मोरङबाट प्रदेशसभामा उम्मेदवार बन्नुभएको छ भने भाइ नारायण दाहाललाई समानुपातिकतर्फको सूचीमा राखिएको छ।

टिकट बाँडफाँड कार्यदलमा संयोजक बन्नुभएका वर्षमान पुन रोल्पाबाट प्रतिनिधिसभाका उम्मेदवार बन्नुभएको छ। उहाँकी श्रीमती निवर्तमान सभामुख ओनसरी घर्ती समानुपातिक सूचीमा रहनुभएको छ भने बहिनी लालकुमारी पुन ललितपुरबाट प्रदेशसभामा उम्मेदवार बन्नुभएको छ। नेता देव गुरुङ लमजुङबाट प्रतिनिधिसभाका लागि उम्मेदवार बन्नुभएको छ भने उहाँकी श्रीमती यशोदा सुवेदी समानुपातिकको सूचीमा रहनभुएको छ।

नेता हितमान शाक्य काठमाडौं १० बाट प्रतिनिधिसभाको उम्मेदवार बन्नुभएको छ भने उहाँकी श्रीमती अमृता थापामगर समानुपातिक सूचीमा रहनुभएको छ। माओवादी केन्द्रले समानुपातिकतर्फको उम्मेदवार पनि अधिकांश नेताका नातागोता र अन्य पैसावाललाई समावेश गरेको बताइएको छ।

टिकट वितरणप्रति असन्तुष्टि जनाउँदै नेकपा माओवादी केन्द्रका युवा नेता हिमाल शर्माले पार्टीले विभेद गरेर टिकट वितरण गरेको बताउनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# समानुपातिक उम्मेदवारको नाम सार्वजनिक

**नेपाल समाचारपत्र**

काठमाडौं

निर्वाचन आयोगले प्रतिनिधिसभा र प्रदेशसभातर्फका समानुपातिक उम्मेदवारको नाम शुक्रबार सार्वजनिक गरेको छ।

मंसिर १० र २१ गते हुने प्रदेश र प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दलहरूले समानुपातिकतर्फ बुझाएको बन्दसूची आयोगले साँझ सार्वजनिक गरेको हो। प्रारम्भिक सूचीमा दाबी विरोध, उजुरीमा जाँचबुझलगायतको चरण पूरा गरेर मंसिर ३ गते अन्तिम नामावली सार्वजनिक गर्ने निर्वाचन आयोगको कार्यतालिका रहेको प्रवक्ता नवराज ढकालले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका २०७४ अनुसार दलले दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु र मुस्लिमको जनसंख्या प्रतिशतको आधारमा प्रतिनिधित्व हुने गरी उम्मेदवारको नाम समावेश गर्नुपर्ने प्रावधान रहेको छ।

समानुपातिकतर्फ ५० प्रतिशत महिलासहित दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम समुदायको अनिवार्य प्रतिनिधित्व हुने गरी बन्दसूची तयार गर्नुपर्ने प्रवक्ता ढकालले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

प्रतिनिधिसभाका लागि समानुपातिक सूची तयार गर्दा दलित १३ दशमलव ८, आदिवासी जनजाति २८ दशमलव ७, खस आर्य ३१ दशमलव २, मधेसी १५ दशमलव ३, थारु ६ दशमलव ६ र मुस्लिम ४ दशमलव ४ प्रतिशत तोकिएको छ। प्रदेशसभाका लागि जनसंख्या र जातीय आधारमा प्रतिशत तोकिएको छ।

दलहरूले पेस गरेको बन्द सूचीबाट प्रदेश र प्रतिनिधिसभाको समानुपातिकतर्फका ३ सय ३० जना सदस्य निर्वाचित हुनेछन्। असोज २९ गते दलहरूले समानुपातिकतर्फको सूची बुझाएका थिए। बुझाइएको सूची सच्याउन आयोगले दलहरूलाई समय प्रदान गरेको थियो। समानुपातिक निर्वाचन निर्देशिकाअनुसार आयोगले निर्देशन गरेबमोजिम सम्बन्धित राजनीतिक दलहरूले कात्तिक ६ देखि १२ गतेसम्म उम्मेदवारको बन्दसूची सच्याई आयोगमा पेस गरेका थिए।

समानुपातिकतर्फ आयोगमा प्रतिनिधिसभातर्फ ४९ र प्रदेशसभातर्फ ५५ दलले बन्दसूची बुझाएका छन्। समानुपातिकतर्फ प्रतिनिधिसभामा १ सय १० र सातै प्रदेशसभाका लागि २ सय २० जना सदस्य चुनिनेछन्।

सातवटै प्रदेशका प्रदेशसभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरूले समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारको नामावली प्रदेशअनुसार बेग्ला बेग्लै बन्दसूचीसमेत निर्वाचन अधिकृतको कार्यालयमा पेस गरेका थिए। आयोगका अनुसार प्रदेश नम्बर एकमा २७, प्रदेश नम्बर दुईमा २९, प्रदेश नम्बर तीनमा ३१, प्रदेश नम्बर चारमा २०, प्रदेश नम्बर पाँचमा २७, प्रदेश नम्बर छमा १८ र प्रदेश नम्बर सातमा २० वटा राजनीतिक दलले उम्मेदवारहरूको बन्दसूची पेस गरेका थिए। दोस्रो चरणको निर्वाचनका लागि प्रत्यक्षतर्फ दर्ता गराइएको मनोनयनविरुद्ध आज उजुरी गर्ने समय तोकिएको छ।

# रगतको चरम अभाव

- मागअनुसारको आपूर्ति नहुँदा समस्या
- गनिएकै अस्पतालमा रगत स्टक छैन

**प्रशान्त वली, काठमाडौं**

अघिल्लो साता रोल्पा लिवाङका ५४ वर्षीय मानबहादुर बुढामगरलाई एक्कासि पेट फुलेर काठमाडौंस्थित वीर अस्पतालमा पुऱ्याइयो। इमरजेन्सी कक्षमा भर्ना भएका मगरलाई चिकित्सकहरूले रगतको कमी भएकाले रगत ल्याउन उनका आफन्तलाई आग्रह गरे। र, लगत्तै फोन गरियो रक्त सञ्चार केन्द्रमा।

**बिरामीका आफन्त** : सर, नमस्कार। एबी पोजेटिभ ब्लड आवश्यक पऱ्यो। जसरी भए पनि मिलाइदिनुपऱ्यो।

**केन्द्रको जवाफ** : अहिले सकिएको छ। आयो भने खबर गर्छौं ल।

वीर अस्पतालको नजिकै रहेको ट्रमा सेन्टरमा समेत बेलाबेला रक्त संकलन भइरहेको हुन्छ। त्यहाँ बिरामीका आफन्तले फोन गर्दा पनि सेन्टरले अहिले छैन भन्ने प्रतिक्रिया दियो।

काठमाडौंमा रगतको चरम अभाव देखिएको छ। मागअनुसारको आपूर्ति हुन नसक्दा रगतको अभाव देखिएको हो। वार्षिक ३ लाख युनिट रगत सप्लाई भइरहेको रक्त सञ्चार केन्द्रले जनाएको छ। वर्षेनि ३ लाखको १३ प्रतिशत माग बढ्दै गएको केन्द्रका निर्देशक मनिताराजकर्णिकारले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

रगत आवश्यक परेका बिरामीका आफन्तहरू मिल्दो समूहको व्यक्ति खोजेर केन्द्रमा नै गएर रगत दिने गरेका छन्। निर्देशक राजकर्णिकारले भन्नुभयो- 'काठमाडौं उपत्यकामा मात्रै २० वटा अस्पतालले रगत संकलन गर्न पाउँछन्। मागअनुसार आपूर्ति दर न्यून हुँदा समस्या भएको छ। अब जनचेतनालाई अझ व्यापक बनाउनुपर्छ।'



गनिएकै अस्पतालमा आपत्कालीन रगतको स्टक नहुँदा बिरामीको अकालमै ज्यानसमेत जाने गरेको छ। नेपाल रेडक्रस सोसाइटीले अस्पताल तथा बिरामीबाट रगतको माग बढेको तर तिहार तथा छठजस्ता महत्त्वपूर्ण चाडको समयमा रक्तदान शिविर र दाताहरूको संख्यामा कमी भएकाले आपूर्ति घट्दा काठमाडौंमा रक्त अभाव भएको जनाएको छ।

काठमाडौंमा रगत अभाव भएपछि रेडक्रसले रक्तदान गर्न सबैमा आग्रह गरेको छ। नेपाल रेडक्रस सोसाइटीले भृकुटीमण्डपस्थित रक्त सञ्चार केन्द्रको पुरानो भवन रहेको खुला ठाउँमा विशेष रक्त संकलन क्याम्पसमेत सञ्चालनमा ल्याइरहेको छ।

रक्तदान गर्ने व्यक्तिको उमेर १८ देखि ६० वर्ष हुनुपर्ने र रक्तदाताको तौल ४५ किलोग्राम माथिको हुनुपर्छ। रक्तदाता मलेरिया, औलो, कुनै प्रकारको यौनरोग, जन्डिस, चिनी रोग, एड्स, क्षयरोग लागेको हुनुहुँदैन।

रक्तदान गर्दा रक्सी वा अन्य कुनै लागूपदार्थ सेवन गरेको हुनुहुँदैन।

गर्भवती, महिनावरी भइरहेकाले पनि रक्तदान गर्नुहुँदैन। रक्तदान गर्ने बेलामा रक्तदाताको शरीरमा हेमोग्लोबिनको मात्रा १० प्रतिशतभन्दा कम हुनुहुँदैन। रक्सी सेवनको २४ घण्टाभित्र रक्तदान गर्नुहुँदैन।

रक्तसञ्चारको तथ्यांकअनुसार ९९ दशमलव ४ प्रतिशत नेपाली पोजिटिभ समूहको छ भने शून्य दशमलव ६ प्रतिशतको निगेटिभ रगत समूह छ। अर्थात् नेपालमा २ सय जनामा एकको रगत समूह नेगेटिभ छ। शरीरमा रगतको मात्रा कमी भएमा बेथेको साग, केराउ, हरियो धनियाँ, गोलभेंडा, गहुँ, चना, मुगीको दाल, लसुन, अमला, अनार र लौकाको जुस नियमित रूपमा खानुपर्ने चिकित्सकको सुझाव छ।

# छात्रवृत्ति दिने विद्यार्थी भेट्टाउन गाह्रो

**नेपाल समाचारपत्र**

काठमाडौं

विद्यार्थीलाई छात्रवृत्तिका बारेमा जानकारी नै नहुँदा छात्रवृत्ति दिने निकाय अन्योलमा पर्ने गरेको छ। विद्यार्थी वित्तीय सहयोग कोष विकास समितिले शैक्षिक वर्ष २०६४/०६५ बाट शुरु भएको दोस्रो उच्च शिक्षा परियोजनाअन्तर्गत विद्यार्थीलाई छात्रवृत्ति दिँदै आएको थियो। आर्थिक रूपले विपन्न, पिछडिएका क्षेत्रका, जेहेनदार वा दलित विद्यार्थीलाई लक्षित गरी कक्षा ११ र १२ मा विज्ञान संकाय र स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएको थियो।

'विद्यार्थीलाई सही समयमा जानकारी दिन नसकेको कारण छात्रवृत्ति वितरणमा समस्या हुन थालेको हो।' -समितिका कार्यकारी निर्देशक दिवाकर ढुंगेलले बताउनुभयो। 'छात्रवृत्तिका लागि कोटाभन्दा कम विद्यार्थीको मात्रै आवेदन पर्ने गरेको छ, हामीले बुझाउन नसकेको कारण समस्या परेको हो।' -उहाँले भन्नुभयो।

सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीका लागि व्यवस्था गरिएको सो छात्रवृत्ति हालसम्म करिब ४ हजार विद्यार्थीले मात्र प्राप्त गरेका छन्। पछिल्लो तथ्यांकअनुसार कार्यक्रम शुरु भएको तीन वर्षमा शैक्षिक वर्ष २०७१/७२ मा कक्षा ११ र १२ मा ३ सय २८ जनालाई मात्रै छात्रवृत्ति प्रदान गरिएको थियो। यस्तै शैक्षिक वर्ष २०७२/७३ मा ४ सय ३६ जनालाई उक्त छात्रवृत्ति प्रदान गरिएको थियो।

यस्तै स्नातकतर्फ दोस्रो वर्ष १ हजार ९ सय ३३ जनालाई मात्रै उक्त छात्रवृत्ति प्रदान गरिएको थियो। पहिलो वर्ष भने २ हजार ५ सय ९१ जना उक्त छात्रवृत्तिका लागि योग्य भएका थिए। कस्ता विद्यार्थीले छात्रवृति पाउने भन्ने विषयमा उचित जानकारी गराउन नसक्दा समस्या पर्दै गएको छ। छात्रवृत्तिका लागि थुप्रै विद्यार्थीले पीएमटी फारम भरेका भए पनि थोरै विद्यार्थीले मात्रै छात्रवृत्ति पाउने गरेका छन्।

(क्रमश: पृष्ठ ९ मा)

नेपाल समाचारपत्र
www.newsofnepal.com
2017, NOV
Saturday
4



प्रतिनिधिसभा-प्रदेशसभा

# निर्वाचन विशेष

## समृद्ध दोलखाका लागि उम्मेदवारहरूको योजना

## यस कारण अगाडि छ

# वाम गठबन्धन




चिरञ्जीवी मास्के, दोलखा

दोलखा जिल्लामा प्रतिनिधिसभाको एक र प्रदेशसभाका दुई निर्वाचन क्षेत्रमा विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी ३८ जनाले उम्मेदवारी दिएको भए पनि मुख्य प्रतिस्प्रर्धा वाम गठबन्धन र नेपाली कांग्रेसका उम्मेदवारबीच हुने देखिन्छ।

२०७० सालको संविधानसभा निर्वाचन र २०७४ सालको स्थानीय तहको निर्वाचनको मत परिणामलाई हेर्दा नेपाली कांग्रेसभन्दा वाम गठबन्धन आधाभन्दा बढी मतले अगाडि देखिन्छ। मत संख्यासँगै नेपाली कांग्रेसको तुलनामा वाम गठबन्धनको उम्मेदवार राजनीतिक रुपमा स्थापित र शक्तिशाली रहेकाले पनि वाम गठबन्धनको जित सहज रहेको राजनीतिक विश्लेषकहरूको भनाइ छ।

वाम गठबन्धनको तर्फबाट प्रतिनिधिसभामा एमाले केन्द्रीय सदस्य पार्वत गुरुङले उम्मेदवारी दिएका छन्। गुरुङ पूर्वसांसदसमेत हुन्। उनी २०७० सालको संविधानसभा निर्वाचनमा १६ हजार मतका साथ दोलखा क्षेत्र नम्बर १ बाट विजयी भएका थिए। गुरुङ नेकपा एमाले दोलखाको पूर्वअध्यक्षसमेत हुन्। उनले नेकपा एमाले दोलखाको जिल्ला कमिटी सदस्य, जिल्ला विकास समितिको क्षेत्रीय सदस्यलगायतको जिम्मेवारीसमेत निर्वाह गरिसकेका छन्।

गुरुङका प्रतिद्वन्द्वी नेपाली कांग्रेसका उम्मेदवार रुद्रबहहादुर खड्का पार्टीको वर्तमान अध्यक्ष हुन्। उनी २०४९ सालको स्थानीय निर्वाचनमा जिल्ला विकास समितिको सभापतिमा निर्वाचित भएका थिए। प्रतिनिधिसभाका यी दुई प्रतिद्वन्द्वीबीच केही अन्तरंग सम्बन्धसमेत रहेको यी दुईलाई नजिकबाट चिन्नेहरू भन्ने गर्छन्। पार्वत गुरुङ एमाले अध्यक्ष उठ्दा रुद्रबहादुर खड्काले सघाएको र खड्का कांग्रेस सभापतिमा उठ्दा गुरुङले सघाएको चर्चा दोलखामा अझै पनि चल्ने गरेको छ। दोलखामा एमाले पहिलो शक्ति रहेको र त्यसमा तेस्रो शक्ति माओवादी केन्द्रसमेत मिलेकाले गुरुङलाई जितका लागि ठूलो समस्या नभएको विश्लेषकहरूको भनाइ छ। उम्मेदवारको सक्रियता र राजनीतिक निरन्तरतालाई हेर्दा पनि गुरुङ नै अगाडि रहेको विश्लेषकहरू बताउँछन्।

प्रदेशसभातर्फ दोलखा क्षेत्र नम्बर १ मा वाम गठबन्धनका तर्फबाट माओवादी केन्द्रका विशाल खड्काले उम्मेदवारी दिएका छन् भने नेपाली कांग्रेसका तर्फबाट बर्मा लामाले उम्मेदवारी दिएका छन्। वाम गठबन्धनका उम्मेदवार विशाल खड्का माओवादी केन्द्रका विद्यार्थी नेता, जिल्ला संयोजक, केन्द्रीय विदेश विभाग सदस्य हुँदै अहिले जिल्ला इन्चार्ज छन्। उनी २०७० सालको संविधानसभा निर्वाचनमा दोलखा क्षेत्र नम्बर १ बाट उम्मेदवार बनेर तेस्रो मतका साथ पराजित भएका थिए।

खड्काका प्रतिद्वन्द्वी नेपाली कांग्रेसका बर्मा लामा स्थानीय तहको निर्वाचनमा दोलखाको मेलुङ गाउँपालिका प्रमुखको उम्मेदवार बनेर नेकपा एमालेसँग पराजित भएका थिए। उनी कांग्रेसको जिल्ला अध्यक्षमा समेत पराजित भएका थिए। विगतको पत मरिणमलाई हेर्दा माओवादी केन्द्रका उम्मेदवार विशाल खड्कालाई एमालेको आधा मतमात्र आए पनि जित्न सहज हुने देखिन्छ। तर एमालेका नेता कार्यकर्ता यो निर्वाचन वाम गठबन्धनको परीक्षणको निर्वाचन भएकोले एमालेको पक्षमा रहेको कम्तीमा ८० प्रतिशत मत माओवादी केन्द्रको पक्षमा जाने बताउँछन्। कांग्रेस उम्मेदवार बर्मा लामा भने माओवादीको विगतको धुमिल चरित्र र यसअघि पराजित भएका विशाल खड्काको उम्मेदवारीका कारण पनि आफ्नो जित सुनिश्चित रहेको बताइरहेका छन्।

प्रदेशसभातर्फ दोलखा क्षेत्र नम्बर २ मा वाम गठबन्धनका तर्फबाट एमालेका पोलिटब्युरो सदस्य पशुपति चौलागाईं उम्मेदवार छन्। उनी दोलखामा सबै पार्टीका लागि प्रिय राजनीतिज्ञ हुन्। २०५६ सालमा दोलखा क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभामा निर्वाचित चौलागाईं २०७० सालको संविधानसभामा समानुपातिक सांसद थिए। एमाले दोलखा जिल्ला कमिटी सदस्य, सचिव हुँदै एमाले पोलिटब्युरो सदस्य रहेका चौलागाईं युवा संघ नेपालका पूर्वकेन्द्रीय अध्यक्षसमेत हुन्। उनको राजनीतिक हाइटकै कारण पनि उनलाई निर्वाचन जित्न खासै कठिन देखिँदैन। उनका प्रमुख प्रतिद्वन्द्वी नेपाली कांग्रेसका केशव चौलागाईं जिल्ला तहका नेतामात्र हुन्। उनी नेपाली कांग्रेसका पूर्व जिल्ला सचिव र महासमिति सदस्य हुन्। दोलखाको २ नम्बर क्षेत्रमा सधैं एमालेको पकड रहेको क्षेत्र भएको र पशुपति चौलागाईं ३ नम्बर प्रदेशका सम्भावित मुख्यमन्त्रीसमेत रहेकाले उनलाई जित्न सहज रहेको विश्लेषकहरूको भनाइ छ।



### पशुपति चौलागाईं
एमाले, प्रदेशसभा सदस्य
क्षेत्र नम्बर २

दोलखालाई समृद्ध बनाउन जलस्रोतको हव बनाउने, तामाकोसी ३, ठोसे खिम्ती ५ सय मेगावाट विद्युत आयोजना सञ्चालन, फिल्मसिटी निर्माण, साइन्स पार्क निर्माण, उत्तरमा चीन र दक्षिणमा भारत जोड्ने सडक निर्माण, जडिबुटी खेतीजस्ता कुरालाई प्राथमिकता दिने।

### विशाल खड्का
माओवादी केन्द्र, प्रदेशसभा सदस्य
प्रदेश नम्बर १

दोलखालाई समृद्ध बनाउन जिरीमा हाई अल्टिच्युटको खेलमैदान निर्माण, रोल्वालीङ क्षेत्रलाई माउन्टेन ट्रेकिङ इन्स्टीच्युटका रूपमा विकास गर्ने, उत्तर -दक्षिण सडक निर्माण, मुख्य सडक र शाखा सडकलाई कालोपत्रे गर्ने, जिल्लाका गाउँपालिका र नगरपालिकामा बजारीकरणसँगै नमुना गाउँ निर्माण गर्ने, युवाहरूलाई आकर्षित गर्न हरेक गाउँपालिका र नगरपालिकामा खेलमैदान निर्माण गर्ने।





### रुद्रबहादुर खड्का
नेपाली कांग्रेस, प्रतिनिधि सभा सदस्य

दुवै उम्मेदवारको लक्ष्य जितपछि दोलखालाई समृद्ध बनाउने रहेको छ। जसका लागि जलस्रोत, पर्यटन, जडिबुटी, सडक निर्माण लगायतलाई प्राथामिकतामा राख्नुपर्ने उनीहरूको भनाइ छ।



### पार्वत गुरुङ
एमाले, प्रतिनिधि सभा सदस्य

### केशव चौलागाईं
नेपाली कांग्रेस,
प्रदेशसभा सदस्य
क्षेत्र नम्बर २

विकास भन्ने कुरा भौतिक निर्माण मात्र नभई मानवियतासँग जोडिनुपर्छ। विकास भनेको झुम्राको पुतली हैन, प्राणसहितको हुनुपर्छ। जिल्लाको विकास र समृद्धिका लागि राष्ट्रिय पूँजीवृद्धि गर्ने, विदेशी लगानी भित्र्याउने र पर्यटन, जलस्रोत, उद्योग र व्यवसायलाई प्राथामिकतामा राख्ने



### बर्मा लामा
नेपाली कांग्रेस, प्रदेशसभा सदस्य
प्रदेश नम्बर १

दोलखामा विकासको शुरूआत नेपाली कांग्रेसले गरेको हो। माथिल्लो तामोकोसी आयोजना, खिम्ती आयोजना नेपाली कांग्रेसको पहलमा निर्माण भएका हुन्। तामाकोसी ३ लाई प्राथमिकतामा राख्ने । मुडे-मेलुङ सडकको पिच गर्ने।

## सुर्खेतमा निर्णायक बन्दै नयाँ मतदाता

# कांग्रेस र वाम गठबन्धनबीच कडा प्रतिस्पर्धा

प्रकाश पन्त, वीरेन्द्रनगर

मंसिर २१ गते हुने दोस्रो चरणको प्रतिनिधिसभा र प्रदेशसभाको चुनावमा सुर्खेतमा वाम गठबन्धन र कांग्रेसबीच कडा प्रतिस्पर्धा हुने भएको छ। स्थानीय तहको चुनावको आधारमा कांग्रेसभन्दा वाम गठबन्धन करिब १६ हजार मतले अघि भए पनि पछिल्लो पटक थपिएका २० हजार नयाँ मतदाता चुनावमा निर्णयक हुने देखिएको छ। नयाँ मतदातालाई जसले आकर्षित गर्न सक्यो उसैले चुनाव जित्ने आकलन गरिएको छ।

गत वैशाख महिनामा भएको स्थानीय तहका उम्मेरदवाले पाएका मतका आधारमा १६ हजार मतले कांग्रेसभन्दा वाम गठबन्धन अगाडि छ। स्थानीय तहको निर्वाचनमा जिल्लाभर कांग्रेसले ५४ हजार ५ सय ६८ मत, एमालेले ५२ हजार ७८७ मत र माओवादीले १८ हजार ९८३ मत प्राप्त गरेका थिए। लोकतान्त्रिक गठबन्धमा सहभागी राप्रपाले १ हजार ४ सय १३ मत ल्याएको थियो। स्थानीय तहमा प्राप्त मतलाई आधार मान्ने हो भने वाम गठबन्धनको भोट ७१ हजार ७ सय ७० छ भने भने लोकतान्त्रिक गठबन्धनको ५५ हजार ९ सय ८१ भोट रहेको छ।

लोकतान्त्रिक गठबन्धनभन्दा वाम गठबन्धन १५ हजार ७ सय ८९ मतले अघि छ। तर पछिल्लो पटक सुर्खेतमा २० हजार १ सय ७७ जना नयाँ मतदाता थपिएका छन्। यसपालिको चुनावमा नयाँ मतदाना नै निर्णय हुने देखिन्छ। स्थानीय तहको चुनावमा सुर्खेतमा १ लाख ८४ हजार ४ सय मतदाता रहेकोमा अव संघ र प्रदेशको चुनावमा २ लाख ४ हजार ५७७ जना मतदाता पुगेका छन। त्यसैले संघ र प्रदेशको चुनावमा थपिएका नयाँ मतदाता नै निर्णयक हुनेछन्।

वाम गठबन्धनले कांग्रेसभित्र मेलमिलाप र एमाले माओवादीभित्र असन्तुष्टी पैदा गरेको छ। गठबन्धनका कारण उम्मेरदवारका आकांक्षी एमाले माओवादीका नेताहरूलाई सन्तुष्ट बनाउनु मुख्य चुनौती हुने देखिन्छ। भने कांग्रेसभित्र विगतका चुनावमा हुँदै आएको अन्तरघातलाई दोहोरिन नदिनु पनि उत्तिकै चुनौती देखिन्छ।

सुर्खेतमा निर्वाचन क्षेत्र नं १ मा १ लाख १ हजार ६३७ जना र क्षेत्र न २ मा १ लाख २ हजार १४० जना मतदाता छन्। क्षेत्र नं १ को प्रदेशसभा ‘क’ मा ४४ हजार ३४७, प्रदेशसभा ‘ख’ मा ५७ हजार २९० मतदाता रहेका छन्। क्षेत्र नं २ को प्रदेशसभा ‘क’ मा ५६ हजार २६७ र प्रदेशसभा ‘ख’ मा ४६ हजार ६७३ मतदाता छन्। सुर्खेतमा १९ दलले मंसिर २१ गते हुने चुनावमा प्रतिस्पर्धा गर्नेछन्।

कांग्रेसको गढका रुपमा चिनिंदै आएको सुर्खेतमा यसपटकको चुनावमा कांग्रेसलाई आफ्नो विरासत जोगाउनुपर्ने बाध्यता छ भने वाम गठबन्धन कांग्रेसको गढ भत्काउने दाउमा छन्। एकल प्रतिस्पर्धामा सहज रुपमा जितको नजिता निकाल्दै आएको कांग्रेसलाई एमाले माओवादीको मिलनले यसपालि निकै चुनौती थपिएको छ।

कांग्रेस र एमालेबीच २०४८ सालबाट नै चुनावी प्रतिस्पर्धा हुँदै आएको थियो। २०४८ सालको चुनावमा २ वटै क्षेत्र कांग्रेसले जितेको थियो। त्यसपछि सुर्खेत ३ वटा क्षेत्र बनेको थियो। २०५१ सालमा ३ वटा क्षेत्रमध्ये २ क्षेत्र नं १ र ३ कांग्रेस र क्षेत्र न २ एमालेले जितेको थियो। त्यसपछि २०५६ सालमा भएको निर्वाचनमा ३ वटै क्षेत्र कांग्रेसले जितेको थियो। २०६४ सालको संविधानसभामा एमालेले २ वटा र माओवादीले एउटा क्षेत्र जित्दा कांग्रेस भने खाली हात भएको थियो। दोस्रो संविधानसभा चुनावमा ३ वटै क्षेत्र कांग्रेसको पोल्टामा परेको थियो। गत वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा सुर्खेतका ९ मध्ये ६ वटा कांग्रेस र ३ वटा एमालेले जितेको थियो।

अहिले प्रतिनिधिसभा र प्रदेशसभाका लागि कांग्रेस र वाम गठबन्धन उम्मेदवार चयन गरेर चुनावी मैदानमा उत्रिएका छन्। कांग्रेसले प्रतिनिधिसभाका लागि क्षेत्र नं १ बाट पूर्वगृहमन्त्री पूर्णबहादुर खड्का र क्षेत्र नं २ बाट पूर्वसहकारी मन्त्री हृदयराम थानीलाई चुनावी मैदानमा उतारेको छ। यस्तै गठबन्धनबाट एमालेले क्षेत्र न १ बाट पार्टीअध्यक्ष धुव्रकुमार शाही र क्षेत्र नं २ बाट पूर्वपार्टीअध्यक्ष नवराज रावतलाई उठाएको छ। प्रदेशसभाका लागि कांगेसले क्षेत्र नं १ को ‘क’ बाट उपसभापति टेकबहादुर सिंह र ‘ख’ बाट शिक्षक संघका पूर्व महासचिव झकबहादुर डाँगीलाई उतारेको छ। यस्तै क्षेत्र नं २ को ‘क’ बाट पार्टी सभापति कमलराज रेग्मी र ‘ख’ बाट सूचना तथा सञ्चार राज्यमन्त्री तप्तबहादुर विष्टलाई कांग्रेसले उम्मेदवार बनाएको छ।

यता वाम गठबन्धनबाट प्रदेशसभाका लागि क्षेत्र नं १ को ‘क’ बाट ठम्वर विष्ट, ‘ख’ बाट खड्क खत्री तथा क्षेत्र नं २ को ‘क’ बाट पूर्वपर्यटन मन्त्री यामलाल कँडेल र ‘ख’ बाट विन्दमान विष्ट चुनावी मैदानमा छन्। खत्री र कँडेल एमालेबाट तथा ठम्वर र विन्दमान माओवादी केन्द्रबाट वाम गठबन्धनका तर्फबाट चुनावी प्रतिस्पर्धामा छन्।

# भंगेराको गीतसँगै चित्रकला प्रदर्शनी



रंगराज आचार्य

पूर्व मन्त्री, साहित्यकार तथा गीतकार एसपी कोइरालाको अंग्रेजीमा अनुवादित कविता संग्रह *सङ्स अफ स्वालोज्* (भंगेराको गीत) को लोकार्पण गरिएको छ। शुक्रबार माइतीघरस्थित नेपाल कला परिषद्को प्रांगणमा राष्ट्रपति विद्यादेवी भण्डारी, वाङ्मय शताब्दि पुरुष सत्यमोहन जोशी, राष्ट्रकवि माधवप्रसाद घिमिरे, चित्रकार किरण मानन्धरले उक्त कविता संग्रहको विमोचन गरेका हुन्।

सोही अवसरमा राष्ट्रपति भण्डारीलगायतले चित्रकार अरुणा हिमवाङ्ले कोरेको एकल चित्रकला प्रदर्शनीको अवलोकन पनि गरे। चित्रकार हिमवाङ्ले एसपी कोइरालाको कविता संग्रहमा रहेको कविताको भाव झल्किने ४० प्रकारका चित्रहरू कोरेकी हुन्। सिर्जनात्मक महिला समूहले आयोजना गरेको चित्रकला प्रदर्शनी कात्तिक २५ गतेसम्म चल्ने छ।



कार्यक्रमका अतिथि चित्रकार किरण मानन्धरले यस्तो साहित्यिक कार्यक्रममा सरकारी पक्षको उपस्थितिले पनि त्यसको गरिमा बढ्ने चर्चा गर्दै कविता संग्रहका लागि साहित्यकार एसपी कोइरालालाई बधाई पनि दिए। वाङ्मय शताब्दि पुरुष तथा साहित्यकार सत्यमोहन जोशीले अब नेपाली कृतिहरूले पनि नोबेल पुरस्कार जित्नेमा कुनै आशंका नरहेको चर्चा गरे। 'म यस कृतिका लागि साहित्यकार एसपी कोइरालालाई र सुन्दर चित्र कोर्ने अरुणाजीलाई पनि बधाई दिन चाहन्छु' -उनले भने।

त्यस्तै कार्यक्रमका अर्का अतिथि राष्ट्रकवि माधवप्रसाद घिमिरेले पनि साहित्यकार एसपी कोइरालाई उक्त कृतिका लागि बधाई दिए। साथै कोइरालाको कृतिमा नयाँपन भएको चर्चा गर्दै घिमिरेले उनको प्रशंसा पनि गरे। कार्यक्रममा विभिन्न साहित्यकार, चित्रकला क्षेत्रका विशिष्ट कलाकार र विभिन्न क्षेत्रका व्यक्तिहरूको बाक्लो उपस्थिति रहेको थियो।

# कान्छीका लागि नाचे दयाहाङ पनि



नायिका तथा निर्मात्री श्वेता खड्काले काया फिल्मस् र बुम रेमिटको प्रस्तुतिमा निर्माण गरेको प्रेम कथामा आधारित सामाजिक फिल्म *कान्छी*को पहिलो गीत भिडियो रिलिज गरिएको छ। बिहीबार राजधानीमा आयोजित कार्यक्रमका बीच फिल्मको *चरी चट्ट परी* बोलको गीत भिडियो रिलिज गरिएको हो। राजनराज सिवाकोटीको शब्द, संगीत र स्वर रहेको गीतमा अञ्जु पन्तको स्वर रहेको छ।

वसन्त श्रेष्ठले निर्देशन गरेको गीतको भिडियोमा दयाहाङ राई र श्वेता खड्काले कम्मर मर्काएका छन्। नाच्न नजान्ने अभिनेता भनेर चिनिएका दयाहाङ राईले यस गीतमा सबैलाई छक्क पार्ने गरी कम्मर मर्काएका छन्। जसका कारण भिडियो हेरिसकेपछि उनले प्रशंसा पनि पाएका छन्।



कार्यक्रममा पहिलो फिल्म *कान्छी*मा अभिनय गरेका कलाकारद्वय शिव श्रेष्ठ र शर्मिला मल्लले यो फिल्म पहिलेको भन्दा पनि सफल होस् भन्ने कामना गरे। 'झण्डै ३३ वर्षअघि निर्माण भएको *कान्छी*को कथासँग यसले मेल खाँदैन र यो फिल्म त्यसको सिक्वेल पनि होइन' -निर्देशक आकाश अधिकारीले प्रष्ट पारे। अहिलेको सन्दर्भमा फिल्म निर्माण गर्नुभन्दा प्रदर्शन गर्न गाह्रो भएको अनुभव पनि उनले सुनाए। अभिनेता नीर शाहले पहिलो फिल्म *कान्छी*मा अभिनय गर्न नपाएको दुःखद् पक्ष र यो फिल्ममा अभिनय गर्न पाउनु सुखद् पक्ष रहेको बताए। दयाहाङ राईको अभिनय गर्ने कलाको प्रशंसा गर्दै कलाकार शाहले भने- 'यो फिल्ममा अभिनय गर्ने क्रममा मैले दयाहाङलाई नजिकैबाट नियाल्ने मौका पाएँ र मैले उसबाट धेरै कुरा सिकेको छु।'

नायिका तथा निर्मात्री श्वेता खड्काले फिल्म निर्माणका क्रममा सबैले मेहेनत गरेको र यो त्यसकै प्रतिफल भएको बताइन्। त्यसैगरी फिल्मका प्रमुख पात्र दयाहाङ राईले यो फिल्ममा अग्रज कलाकारहरूसँग काम गर्ने मौका पाएकाले निकै अविस्मरणीय हुने बताए। 'यो फिल्ममा अभिनय गर्नुअघि मैले गीत छ कि छैन भनेर सोधेको थिएँ' -उनले सुनाए। श्वेता खड्काले निर्माण गरेको फिल्ममा निर्देशन भने आकाश अधिकारीको रहेको छ।

आगामी माघ २६ गते प्रदर्शन मिति तोकिएको फिल्मका अन्य कलाकारमा आशान्त शर्मा, अनु शाह, प्रज्वल सुजल गिरी, जयनन्द लामा, नीर शाहलगायत छन्।

# बेइजिङमा नेपालको मौलिक प्रस्तुति

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले बेइजिङ डान्स ऐकेडेमी, बेइजिङ, चीनद्वारा गत अक्टोबर २२ देखि २७ सम्म बेइजिङमा आयोजना सम्पन्न २०१७ *ट्रेडिसनल डान्स पर्फमेन्स सो एन्ड एक्सचेन्ज*मा सहभागिता जनाएको छ।

प्रतिष्ठानबाट कुलपति भक्त श्रेष्ठ (सरुभक्त) को नेतृत्वमा उपकुलपति शम्भुजित बासकोटा, प्राज्ञ उन्नती बोहरा 'शीला, प्राज्ञ माधव प्रधान, डा. घनश्याम खतिवडा, दीपक बोहरा, दीपेन्द्रकुमार बानियाँ, कल्पना वादी, दीपिका शर्मा, माधवप्रसाद त्रिपाठी, धनबहादुर गायक र धनबहादुर गुरुङ गरी १२ जनाको टोलीले सहभागिता जनाएको थियो।

चीनका विभिन्न प्रान्तका साथै विदेशबाट समेत सहभागिता रहेको अन्तर्राष्ट्रिय परम्परागत नृत्य महोत्सवमा प्रतिष्ठानको विविध सांस्कृतिक प्रस्तुतिले महत्त्वपूर्ण स्थान पाएको प्रतिष्ठानले जनाएको छ। विभिन्न प्रदेशबाट चयन भएका कलाकारले कार्यक्रममा नेपालमा प्रचलित परम्परागत विवाह परम्परा, सोरठी नृत्य र पञ्चेबाजाका लोक धुन प्रस्तुत गरेका थिए। सेमिनारमा नेपालका तर्फबाट डा. घनश्याम खतिवडाले नेपालका परम्परागत लोक नृत्यबारे कार्यपत्र प्रस्तुत गरेका थिए। कार्यक्रममा दीपेन्द्रकुमार बानियाँ, कल्पना वादी, दीपीका शर्माले सोरठी नृत्य प्रस्तुत गरेका थिए भने धनबहादुर गुरुङ, धनबहादुर गायक, माधवप्रसाद त्रिपाठीले सोरठी गीत र पञ्चेबाजाका मौलिक धुन प्रस्तुत गरेका थिए।







३३ वर्षे कामनाको गौरवपूर्ण
३०० विशेषांक

पहिलोपटक ३०२ पृष्ठमा नेपाली चलचित्र क्षेत्रमा रुचि राख्नु हुने, यस विषयमा अनुसन्धान र अन्वेषण गर्नुहुने तथा संलग्न सम्पूर्णका लागि उपयोगी एवम् संग्रहणीय दस्तावेज

नेपाली गीतको विकास
बलिउडको सफलता
चलचित्रमा पत्रकार
सिनेमाका ३० हस्ती
चलचित्र : मैले छोडेको बाटो
एउटा अमर गीतको गायिका र गीतकारको ३८ वर्षपछि पहिलो भेट
नेपालको फिल्म यात्रा
फिल्ममा बढ्दै छ महिला सहभागिता
नेपालभाषाका चलचित्रको यात्रा र उपलब्धि
६७ वर्षमा ९ महिला निर्देशक
चलचित्रको 'च' चर्चा
नेपाली चलचित्रमा जुनेली
हलिउडलाई पछ्याउन किन सकिँदैन !
सिनेमासँगै सुध्रिँदै हल फाइभ स्टारदेखि थोत्रासम्म कायमै
निर्यात, मौलिक निर्माण र व्यावसायिकतामा कमी
नेपालमा फेसन शो हिजोदेखि आजसम्म
प्रविधिको खोजीमा बलिउडमा नौ दिन
नेपाली सिनेमाका मुख्य कालखण्ड
कलाकर्मीको नजरमा फिल्ममा देखिएको परिवर्तन



चलचित्र विवरण
पछिल्लोपटक २०६७ सालमा प्रकाशित कामनाको २५० विशेषांकमा २०६६ सालमा प्रदर्शनमा आएका नेपाली चलचित्रको विवरणपश्चात् २०७३ सालको चैत मसान्तसम्म सार्वजनिक प्रदर्शनमा आएका १०० पृष्ठ लामो ५६७ चलचित्रको पूर्ण विवरण ।



नेपाली चलचित्रका पिता डीबी परिहारबारे नौला तथ्य
सत्य हरिश्चन्द्रका निर्देशक डीबी परिहार (परियार) का सम्बन्धमा अहिलेसम्म बाहिर नआएको विशेष सामग्री ।

कामना ३ अंकमै बन्द हुन्छ भन्थे
३ सय अंकका लागि लेखिरहेको छु
कामनाको जन्मदेखि ३०० विषेशांकबारे प्रधान सम्पादक पुष्करलाल श्रेष्ठबाट रमाइला तथ्य ।

नबोल्नेदेखि उड्नेसम्मका फिल्मको इतिहास
विश्व सिनेमाको पूर्ण जानकारी

फेरिँदै फिल्म
पुरातन शैलीलाई छोडेर नेपाली फिल्म आधुनिक र नयाँ जमानामा फेरिएको छ । उपयोगी रिपोर्ट ।







सर्वत्र बजारमा उपलब्ध छ

# साहित्य

{ समाजलाई सुगम पाइलामा अगाडि बढाउन मद्दत पुऱ्याउने रचना नै साहित्य हो। साहित्यले जीवन र जगत्‌लाई मिहीन रुपमा छामेर ती दुवैलाई उजिल्याउने काम पनि गर्दछ।

– दामोदर पुडासैनी 'किशोर'

{ शोषित–पीडित जनताका पक्षमा प्रभावकारी भाषाका माध्यमबाट व्यक्त गरिने कलात्मक अभिव्यक्ति नै साहित्य हो। जसमा सामाजिक परिवर्तनका चाहना, राष्ट्रियताका भावना, मानवीय प्रेमका सद्भाव र प्रकृतिका सुन्दर दृश्यहरु मुस्कुराइरहेका हुन्छन्।

– डा. जीवेन्द्रदेव गिरी

# नेपाली साहित्यिक पत्रकारिताको सङ्क्षिप्त चर्चा

मोहन दुवाल

**परिचय :**

सामाजिक रूपान्तरणको औजारका रूपमा परिभाषित हुँदै आएको साहित्यलाई सम्प्रेषित गरिने पत्रकारिता नै साहित्यिक पत्रकारिता हो। यसको प्रभावकारिता र महत्व आफ्नै खालको रहेर पनि साहित्यिक पत्रकारितालाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्न नसक्नु आजको वास्तविकता हो। सिर्जनात्मक र बौद्धिकताकै साङ्गोपाङ्गो रूप मान्न सकिन्छ- साहित्यिक पत्रकारिता। साहित्य समायोजनको महत्वपूर्ण अङ्ग हो- साहित्यिक पत्रकारिता। साहित्यलाई र साहित्यकारहरूलाई परिचय गराउने सशक्त माध्यम हो- साहित्यिक पत्रकारिता। सिर्जनशीलतालाई अगाडि सार्ने अस्त्रकै रूपमा व्याख्या गर्न सकिन्छ- साहित्यिक पत्रकारितालाई। साहित्यलाई देश/विदेश पुऱ्याइदिने सशक्त माध्यम पनि हो- साहित्यिक पत्रकारिता। सङ्क्षेपमा भन्न सकिन्छ- साहित्यको परिचयको माध्यम नै हो साहित्यिक पत्रकारिता।

**इतिहास :**

नेपालको साहित्यिक पत्रिकाको इतिहास निकै लामो रहेर पनि दयनीय र कष्टप्रद देखिँदो छ। वि.सं. १९४३ मा नै युवाकवि मोतीराम भट्टले बनारसमा रहँदा 'गोरखा-भारत जीवन' प्रकाशन गरेको देखिन्छ। पछि वि.सं. १९५५ मा नेपालबाट प्रकाशित भएको 'सुधासागर' लाई साहित्यिक पत्रकारिताको पहिलो शृङ्खला मान्ने हो भने अहिलेसम्म साहित्यिक पत्रकारिताको आयु ११९ वर्ष पुगिसकेको तथ्य जगजाहेर छ। ११९ वर्षको आयुमा पनि साहित्यिक पत्रकारिताको रूपरङ्ग, स्वभाव अद्यावधिसम्म कहालीलाग्दो तथा अत्यासलाग्दो, तिरस्कृत र अपहेलित पत्रकारिताजस्तो देखिँदो छ। साहित्यलाई समाजमा फिँजाउने प्रमुख माध्यम नै साहित्यिक पत्रकारिता रहेको र वाङ्मयको प्रमुख सचेतक अङ्गकै रूपमा रहेको पत्रकारिता नै साहित्यिक पत्रकारिता भएकोले यसको इतिहासलाई समृद्ध र बलशाली तुल्याइदिने कार्य राज्यको पनि हो तर पुग्दो र भरपर्दो सहयोग अनि बल थपिदिने कार्य भएको पाइँदैन। संसारको कुनै पनि क्षेत्रमा साहित्यिक पत्रिकाले समाजमा साहित्यकारहरूलाई परिचय गराउने, साहित्यको सुन्दर मुखाकृतिलाई सुन्दर ढङ्गले देखाइदिने कार्य गरेको इतिहास छ। जनचेतना दिने कार्यमा विचारलाई संश्लेषण/विश्लेषण गरी कलात्मक शैलीमा मान्छेलाई बुझाएर राष्ट्र र समाजलाई रूपान्तरण गर्ने कार्यमा यसको भूमिका सर्वोपरि रहन्छ। त्यसैले भन्न सकिन्छ, नेपालको प्रगति र समाज रूपान्तरणका लागि साहित्यिक पत्रकारिताको भूमिका अग्रिम छ। यस खालको ऐतिहासिकता नै साहित्यिक पत्रकारिताको इतिहास हो। स्रष्टाहरूलाई राष्ट्र र विदेशमा समेत परिचित गराउने सशक्त माध्यमका रूपमा रहेको साहित्यिक पत्रकारिता ओझेलमा पर्नु भनेको राष्ट्रकै गरिमामय शैली र अनुहारमा धमिलो एवं कालो धर्सोआफैंले आफूलाई कोरिदिनु हो। पत्रकारिताको जग बसालेको गरिमामय इतिहास बोकेको साहित्यिक पत्रिकालाई समाचार पत्रकारिताको छायामा पारेर जुन व्यवहार भइराखेको छ, त्यो राज्यपक्षबाट भइराखेको अनौठो लाग्दो अव्यावहारिक प्रचलन हो भन्न सकिन्छ।



**साङ्गोपाङ्गो मुहारहरू :**

वि.सं. १९५८ वैशाख २४ गतेदेखि निस्केको 'गोरखापत्र'ले साहित्यिक सामग्रीहरू पनि प्रकाशन गरेको देखिन्छ। त्यसपछि 'शारदा' निस्क्यो। क्रमशः 'रूपरेखा', 'रचना', 'रत्नश्री', 'भानु', 'नेपाली'ले आफ्नो सक्रियता देखाउन थाले। राणाकालीन अवस्थामा १९५८ सालदेखि 'शारदा' पत्रिका प्रकाशित भएर साहित्यिक पत्रकारिताको इतिहासमा स्वर्णिम नाम बनाउन सफल छ। यही 'शारदा' पत्रिका नै साहित्यिक पत्रकारिताको इतिहासमा देखिँदो सबभन्दा सुन्दर नाम पनि हो। 'रूपरेखा' त्यसपछि उदय भएको साहित्यिक पत्रिका हो। जसको आफ्नो रूपरङ्ग स्तरीय ढङ्गले साहित्यिक पत्रकारिताको इतिहासमा देखाउन सफल छ। वि.सं. २००७ देखि २०१७ सालको अवधिमा 'इन्दु', 'दर्पण', 'शक्ति', 'रूपरेखा' आदि साहित्यिक पत्रिका प्रकाशन भएको देखिन्छ। दिगो, स्तरीय र यस युगै हाँकेर देखा परेको पत्रिकाको रूपमा 'रूपरेखा' मासिकले आफूलाई देखाइदियो। 'शारदा'मा ऋद्धिबहादुर मल्लले सुन्दर ढङ्गको साहित्यिक पत्रकारिताको मुखाकृति कोरे भनेजस्तै पछिल्लो कालखण्डमा उत्तम कुँवरले 'रूपरेखा' कोरेर सुन्दर काम गरेको देखिन्छ। २०१८-२०२७ सम्ममा 'बगैँचा', 'रचना', 'मुकुट', 'सिंहनाद', 'अरुणोदय बिहान', 'रत्नश्री', 'भानु', 'फूलपाती', 'कविता विम्ब', 'मधुपर्क', 'रमझम' 'हिमानी', 'सगुन', 'पारिजात', 'प्रतीक', 'प्रभात', 'अभिव्यक्ति', 'शिलान्यास', 'सुस्केरा', 'शृङ्खला', 'वेदना', 'सङ्कल्प', 'झिसमिसे', 'कलम' आदि साहित्यिक पत्रपत्रिका निस्के पनि अद्यावधिसम्म ५७ वर्ष भयो 'रचना'को नियमितता अग्रिम रह्यो। 'अभिव्यक्ति' यसपछि निस्केको पत्रिका हो। यसलाई पनि नियमित प्रकाशन गरेर साहित्यिक पत्रकारितामा एउटा नाम बनाउन सम्पादक/प्रकाशक सफल रहेको देखिन्छ। यसर्थ भन्नुपर्छ- रोचक घिमिरे र नगेन्द्रराज शर्माले साहित्यिक पत्रकारितामा आफ्नो नाम बनाउन सफल छन्। संस्थानबाट प्रकाशित पत्रिकाहरूमा 'मधुपर्क'ले बाजी मारेको छ। 'गरिमा' स्तरीय र नियमित छँदाछँदै त्यहींभित्रको राजनीतिले हो वा केले हो नियमित भएको देखिँदैन। यसै गरी नेपाल प्रज्ञा प्रतिष्ठानबाट समकालीन साहित्य र कविता निस्कने र बन्द हुने क्रम जारी छ। नेपाल राष्ट्र बैंकबाट 'मिर्मिरे', कृषि विकास बैंकबाट 'समष्टि', नेपाल विद्युत् कर्पोरेसनबाट 'ज्योति' प्रकाशित भएर साहित्यिक पत्रकारितामा टेवा दिने काम भएको छ। अझ भनौं, साहित्यिक पत्रकारिताको इतिहासमा सबैभन्दा बढी पूर्णाङ्क ५०० भन्दा बढी अङ्क प्रकाशन गरेर आफूलाई 'धन्य' बनाएका छन्। 'रत्नश्री', 'नेपाली'ले आफ्नो नाम साहित्यिक पत्रकारिताको इतिहासमा कोर्न सफल रहे तापनि पछि बन्द भए। भानुका भवानी घिमिरे दिवंगत भएपछि केही वर्ष स्थगित भएको 'भानु' साहित्यिक पत्रिका शिवानी घिमिरेको सक्रियतामा प्रकाशन हुन थालेर नियमित साहित्यिक पत्रिकाको रूपमा बिँडो थामेको छ।

भारतीय-नेपालीहरूले वा भारतमा बसोबास गरेका नेपालीहरूले पनि नेपाली साहित्यिक पत्रपत्रिका निकाले र साहित्यिक पत्रकारिताको विकासमा योगदान पुऱ्याएको देखिन्छ। भारतको दार्जीलिङ, बनारस, कलकत्ता, खरसाङ, आसाम, शिलाङ, सिक्किमबाट नेपाली साहित्यिक पत्रपत्रिकाहरू प्रशस्त प्रकाशन भएको देखिन्छ। 'उपन्यास तरङ्गिणी', 'सुन्दरी', 'माधवी', 'चन्द्र', 'चन्द्रिका', 'आदर्श', 'गोर्खासेवक', 'गोर्खा', 'नेपालपुकार', 'गोरखा', 'दियालो', 'साहित्यसंगम', 'जागृति', 'उकाला', 'छात्र', 'छात्रवाणी', 'छात्रदूत', 'हिमाञ्चल', 'सगरमाथा' आदि नामक थुप्रै साहित्यिक पत्रिकाहरू प्रकाशन भएको देखिन्छ। दार्जीलिङबाट प्रकाशित 'भारती' र बनारसबाट प्रकाशित भएको 'उदय' साहित्यिक पत्रकारिताको इतिहासमा आफ्नो नाम र धाम बनाउन सफल छन्। 'उदय' हालसम्म पनि मासिकका रूपमा प्रकाशित भइरहेका छ।

साहित्यिक पत्रकारिताको सन्दर्भमा भन्नुपर्दा हालसम्म प्रकाशित भइरहेका साहित्यिक पत्रिकाहरूमा 'अन्तर्बोध', 'अभिव्यक्ति', 'अक्षयअक्षर', 'अक्षय ज्ञान', 'अक्षरमार्ग', 'अक्षलोक', 'उदय', 'उन्नयन', 'कल्पतरू', 'कलश', 'कालीको सुसेली', 'कौशिकी', 'गरिमा', 'गोलसिमल', 'चेतना सन्देश', 'जनमत', 'जमघट', 'तन्नेरी', 'दायित्व', 'दोभान', 'नयाँ सत्मार्ग', 'नव प्रज्ञापन', 'नारीश्वर', 'बगर', 'लहरा', 'वनिता', 'वैजयन्ती', 'शब्द संयोजन', 'शब्दाङ्कुर', 'शारदा', 'शाल्मली', 'शिवपुरी सन्देश', 'शृङ्खला', 'सगुन', 'सङ्गम', 'अभियान', 'सिर्जना', 'सुलेख', 'हाम्रो पुरुषार्थ', 'हाम्रो मझेरी', 'हाम्रो मातृभूमि', 'हाम्रो सिर्जना', 'हिमाली गुराँस', 'ज्ञानगुन' आदि पत्रिकाहरू प्रकाशनमा आइरहेको देखिन्छ। १०० शताङ्क नघाउने पत्रिकाहरूमा 'अभिव्यक्ति', 'उदय', 'गरिमा', 'जनमत', 'दायित्व', 'भानु', 'मधुपर्क', 'रचना', 'शब्द संयोजन', 'शब्दाङ्कुर', 'शारदा', 'ज्ञानगुनका कुराहरू' आदि छन्।

**स्थिति :**

विज्ञापन नपाउनु, भरपर्दो बिक्री वितरण नहुनु, जति हुनुपर्ने सहयोग राज्यबाट नहुनु आदि समस्या साहित्यिक पत्रकारहरूका आफ्नै समस्या हुन्। ठूलो समस्या आर्थिक समस्या नै हो। लगानीकर्ताहरू यस क्षेत्रमा लगानी गरेर आएको पाइँदैन। आमपाठक साहित्यबाट प्रभावित नभएकै कारणले साहित्यिक पत्रिका किनेर पढ्ने पाठकहरूको कमी हुनु स्वाभाविक नै छ। यसर्थ, साहित्यिक पत्रकारिताको रूप र रङ्ग त्यति प्रभावकारी ढङ्गको देखिँदैन। त्यस्तै निजी क्षेत्रको साहित्यिक पत्रकारिता सेवाकै भावनाले मात्र प्रकाशित छन्। साहित्यिक पत्रिकालाई नियमित तुल्याउन सहज छैन, तर पनि सम्पादक/प्रकाशकहरूको सेवाभावनाले उत्प्रेरित रहेर साहित्यिक पत्रकारिता गर्नेहरू क्रियाशील छन्। स्रोत, साधन, बौद्धिक, दक्ष जनशक्तिको अभावमा साहित्यिक पत्रकारिता गर्न गाह्रो विषय हो।

**सङ्घको गठन :**

साहित्यिक पत्रिका एवम् साहित्यिक पत्रकारहरूको हक, हित र संरक्षणका निम्ति स्थापित 'नेपाल साहित्यिक पत्रकार सङ्घ'को स्थापना वि.सं. २०६३ मा भएको हो। यो संस्थालाई नेपालका साहित्यिक पत्रकारहरूको आधिकारिक साझा छाता संस्थाका रूपमा लिइन्छ। यसले साहित्यिक पत्रिकाहरूलाई वर्गीकरणमा पार्ने कार्यदेखि थुप्रै जिल्लामा पुगी साहित्यिक पत्रकारिताको परिचय दिने अभियानमा, साहित्यिक पत्रकारहरूलाई सम्मान गर्ने कार्यमा र साहित्यिक पत्रकारहरूलाई गोलबन्द गर्ने कार्यमा आफ्नो सक्रियता देखाउँदै आएको छ। ठाउँ-ठाउँमा जिल्ला सङ्घहरू स्थापना गर्ने कार्य पनि भएको छ। 'आलेखन'को प्रकाशनमार्फत मोफसलका साहित्यिक पत्रपत्रिकाको इतिहास प्रकाशन गर्ने कार्यको शुभारम्भ भएको छ।

**सरकारको नीति :**

- साहित्यिक पत्रकारिताको प्रवर्द्धन र संरक्षणका लागि सरकारले संरक्षण दिएको त छैन तर केही राहतजस्तो बनाएर वर्गीकरणसम्म गर्ने कार्य भएको छ।
- प्रेस काउन्सिल/सूचना विभागबाट वितरण हुने सहुलियतहरूमा समाचार पत्रिका र साहित्यिक पत्रिकालाई तुलनात्मकरूपमा भेदभाव भएको स्थिति छ।
- प्रत्येक वर्ष एकजना साहित्यिक पत्रकारलाई 'साहित्यिक पत्रकारिता पुरस्कार' गर्ने कार्यक्रममा रू. ३० हजारबाट रू. १० हजारमा पुरस्कार राशी झार्ने कार्य देखिँदो छ।
- हुलाक सुविधा मासिकलाई बाहेक अरूलाई प्रदान गरेको देखिँदैन।
- सुविधामा दिइनुपर्ने कागजलगायत विज्ञापन, प्रतिनिधित्व साहित्यिक पत्रकारहरूलाई प्रतिष्ठित ढङ्गले समावेश गरेको देखिँदैन।
- सरकारले कुरोमा सबैथोक दिएजस्तो गर्छन् तर 'न्यून सहुलियत' पाएर अधमरो स्थितिमा साहित्यिक पत्रिकाहरू निस्किरहेको देखिन्छ।

**अन्त्यमा :**

साहित्यिक पत्रकारिताको महत्व, गरिमा उच्च रहेर पनि राज्यबाट जति सहयोग, वातावरण प्राप्त हुनुपर्ने हो, सो भएजस्तो मात्र देखिँदो छ। तर हुनुपर्ने जति सहज नभएको सबैले महसुस गरेकै विषय हो। साहित्य, कला, संस्कृतिको विकासमा टेवा पुऱ्याउन साहित्यिक पत्रपत्रिकाको संरक्षण हुनुपर्ने हो, सो हुने वातावरणको खोजीमा र सहयोगको अपेक्षा सबै वाङ्मयसेवीहरूले राख्दै आएका छन्।

*(लेखक नेपाल साहित्यिक पत्रकार संघका केन्द्रीय महासचिव तथा जनमत मासिकका प्रधानसम्पादक हुनुहुन्छ।)*

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## सातको राशिफल

**ज्यो. चन्द्रेश शर्मा**

कार्तिक १८ देखि २४ गतेसम्म

**मेष**
यो साता तपाईंका लागि मिश्रित फलदायक छ। आज शनिबार समयले साथ दिन सक्छ भने भोलिदेखि मंगलबारसम्म समय अनुकूल छैन। हुन लागेका काममा बाधा-व्यवधान आउन सक्छ। अनावश्यक खर्च, तनाव, झैझगडाको सामना गर्नुपर्ने हुनसक्छ। स्वास्थ्यमा समेत गडबडी हुनसक्छ। तर बुधबारबाट समस्याहरु समाधान हुँदै जानेछन्। मान-सम्मान बढ्ने, आम्दानी हुने सम्भावना छ।

**वृष**
तपाईंका लागि यो सातामा के गरौं र कसो गरौंको स्थिति आउला। कुनै दिन भाग्य नै चम्किनेछ भने कुनै दिन अनेक झमेला र दु:ख आइपर्ला। आज शनिबार, बुधबार र बिहीबार तपाईंका लागि अनुकूल समय छैन। यी दिनहरुमा सफलता हासिल गर्न कठिन होला। तर बाँकी दिनहरुमा भने सुख-शान्ति, शुभ खबर प्राप्ति, उन्नति-प्रगति, आम्दानीको सम्भावना छ।

**मिथुन**
यो साता तपाईंका लागि त्यति फलदायक देखिँदैन। हुन लागेका काम पनि रोकिने सम्भावना छ। आफन्तजनबाट धोका मिल्न सक्छ। आर्थिक भारले गर्दा तनाव झेल्नुपर्ला। स्वास्थ्यले समेत साथ नदिन सक्छ। तर आइतबार, बुधबार र बिहीबार भने तपाईंले सफलता हासिल गर्न सक्नुहुनेछ। प्रयास गरेमा कतैबाट केही आम्दानी हुनसक्छ। सम्मान एवम् पुरस्कार प्राप्तिको सम्भावना छ।

**कर्कट**
तपाईंका लागि यस साताका शुरुका दिनहरु धेरै फलदायक देखिन्छन्। आर्थिक लाभ, मान-सम्मान, पढाइ, व्यापार आदिमा सफलता होला। राज्यबाट लाभ, कूटनीतिक प्रयास सफल, धनलाभ, मानसिक सन्तुष्टि हुने देखिन्छ। प्रतिस्पर्धामा विजय नहोला भन्न सकिन्न। तर बुधबार र बिहीबार भने वायुजन्य रोग ग्यास्टिकले सताउन सक्छ। दोडधुप, तनाव एवम् लखतरान परिएला। पारिवारिक विवाद हुन सक्छ।

**सिंह**
यो साता तपाईंका लागि धेरै राम्रो देखिन्छ। तपाईंको यश-ऐश्वर्यमा वृद्धि हुनेछ। पढाइ-जागिरमा उच्च मूल्यांकन हुने देखिन्छ। राजनीतिमा सफलता, व्यवसायबाट उच्च आम्दानी, राज्यबाट लाभ हुनेछ। थालनी गरिएका अधुरा काम पूरा हुनेछन्। नेतृत्व क्षमतामा वृद्धि हुने, बोली बिक्ने, सानै प्रयासबाट पनि कार्य सफल हुने देखिन्छ। शुक्रबार भने दुर्घटनाको सम्भावना भएकाले सतर्कता रहनुहोला।

**कन्या**
तपाईंका लागि यो साताका शुरुका दिनहरु शुभ फलदायक छैनन्। स्वास्थ्यमा समस्या आउन सक्छ। व्यापार व्यवसायमा अनेक बाधा-व्यवधान आउन सक्छ। चिताएभन्दा बढी खर्च हुनाले आर्थिक सन्तुलन मिलाउन गाह्रो पर्ला। मुद्दामामिलामा झमेला, मान-सम्मानमा चोट पुग्ने सम्भावना छ। तर अन्तिमका तीन दिनमा भने राम्रो छ। शारीरिक स्वस्थता, आर्थिक लाभ, सुख-सन्तोष हुनेछ।

**तुला**
यो साताका धेरैजसो दिनहरु शुभ फलदायक देखिँदैनन्। आज शनिबार र अन्त्यको शुक्रबार प्रयास गरेमा उन्नति-प्रगति होला। सुख-सन्तोष एवम् रमाइलो होला। तर बाँकी सबै दिनहरु तपाईंका लागि अनुकूल देखिँदैनन्। विभिन्न आरोप सहनुपर्ला। दु:ख-कष्ट, स्वास्थ्यमा समस्या, इज्जत-प्रतिष्ठामा आघात, राज्यबाट भय हुने सम्भावना छ। साथीभाइ, इष्टमित्रबाट धोका पाइन सक्छ।

**वृश्चिक**
साताको मध्य अर्थात् मंगलबारसम्म तपाईंको भाग्य चम्किनेछ। अधुरा रहेका वा थालनी गरिएका कार्यहरु पूरा होलान्। आर्थिक लाभ हुनाले परिवारमा सुखशान्ति हुने, उत्तम भोजन पाइनेछ। स्वास्थ्य चुस्त-तन्दुरुस्त भएको अनुभूति हुने, पढाइ-लेखाइ वा पेसा व्यवसायमा सफलता हात पर्नेछ। तर बुधबारबाट भने साथीभाइसँग विवाद पर्ला, धन-सम्पत्तिको नोक्सानी हुने देखिन्छ।

**धनु**
तपाईंका लागि यो साताका दिनहरु धेरै शुभ फलदायक देखिन्छन्। सानै प्रयासबाट नचिताएका ठूला काम बन्नेछन्। कतैबाट धन, पुरस्कार, उपहार, मिष्ठान्न भोजन प्राप्ति हुने सम्भावना छ। पारिवारिक वा साथीभाइसँग राम्रै जमघट होला। आर्थिक लाभ हुनेछ। वैदेशिक होस् वा स्वदेशमै भए पनि रोमान्टिक यात्रा हुन सक्छ। साताको अन्त्य शुक्रबार भने स्वास्थ्यमा समस्या आउन सक्छ।

**मकर**
साताको मध्य अवधिसम्म दिनहरु हितकर छैनन्। पारिवारिक विवाद, पेटको स्वास्थ्य समस्या, विनाउपलब्धिको दौडधुप, हुन लागेको काममा रोकावट हुने सम्भावना छ। तर बुधबारबाट भने दिनहरु शुभ छन्। सबै समस्या समाधान हुनेछन्। आर्थिक लाभ, पारिवारिक सुख-सन्तोष, शत्रुमाथि विजय, लेखाइ-पढाइमा सफलता, शुभ यात्रा एवं वाहन लाभको सम्भावना छ।

**कुम्भ**
तपाईंका लागि यो साता त्यति सन्तोषजनक देखिँदैन। आफ्नो कार्य व्यवसायमा विभिन्न झमेलाहरु आइलाग्नेछन्। पढाइमा अरुचि होला। साथीभाइ, इष्टमित्रले पनि साथ नदिने सम्भावना छ। राज्यका तर्फबाट अनेक दु:ख बेहोर्नुपर्ला। मानसिक तनावले गर्दा कुनै काम स्थिर भएर गर्न नसकिने स्थिति आउनेछ। तर आज शनिबार र आगामी शुक्रबार भने तनावरहित होला। कामहरु पनि सफल होलान्।

**मीन**
यस हप्ताका बढीजसो दिन तपाईंका लागि शुभ छन्। गरेका कार्यहरु सफल हुँदा सुखानुभूति हुनेछ। कतैबाट खाद्यान्न लाभ होला। आफन्त वा साथीभाइसँग रोमान्टिक यात्राको सम्भावना छ। उपहारस्वरुप कतैबाट प्रिय वस्तु प्राप्त हुने सम्भावना छ। तर बुधबार र बृहस्पतिबार भने कार्यमा असफलता हुँदा तनाव बढ्नेछ। धन हानि, मान हानिको सम्भावना छ। धैर्य गर्नुहोला।

{ गठबन्धनले देशमा दुई पार्टीका रुपमा देखिने चर्चा गर्दै उहाँले दुई पार्टीका रुपमा राजनीतिक दल आए झनै राजनीतिक भद्रगोल हुने भन्दै उहाँले थ्रेस होल्डले प्रजातन्त्रको मर्मलाई अन्त्य गर्ने बताउनुभयो।



# उपत्यकाको ट्राफिक व्यवस्थापन जटिल बन्दै : *डीआईजी खनाल*

नेपाल समाचारपत्र

भक्तपुर

महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रमुख सर्वेन्द्र खनालले उपत्यकाको ट्राफिक व्यवस्थापन दिनदिनै जटिल बन्दै गएको बताउनुभएको छ।

रफत सञ्चार क्लबमा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै खनालले उपत्यकाको दिनप्रतिदिन बढ्दै गएको जनसंख्या, सवारी चाप, सीमित तथा साँघुरा सडक, सवारी नियम उल्लंघनजस्ता प्रवृत्तिले उपत्यकाको ट्राफिक व्यवस्थापन कार्य जटिल बन्दै गएकाले सबैले ट्राफिकलाई कसरी व्यवस्थापन गर्ने भन्ने चुनौती रहेको बताउनुभयो। उहाँले समयको सीमा तोकेर सवारी सञ्चालन गरिनुपर्नेमा जोड दिनुभयो। उपत्यका महानगरपालिकाको अवधारणसँगै दिनमा मात्र नभएर रात्रिकालीन अवस्थामा समेत सवारी सञ्चालन हुने भएकाले यसको व्यवस्थापनका लागि ट्राफिकले मात्र चाहेर केही गर्न नसक्ने भएकाले सबैले सवारीसाधान ब्यवस्थापनबारे बेलमै दीर्घकालीन सोचका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो। दुर्घटना बढ्नुका कारण सवारी साधनका कमजोरी र सवारी चालकको कमजोरीकै कारण धेरै जनधनको क्षति भएको तथ्यांकले बताएकाले सबैले यतातर्फ ध्यान दिन सके धनजनको क्षति कम हुने उहाँले बताउनुभयो।




महानगरीय ट्राफिक प्रहरी महाशाखामा थोरै जनशक्तिका कारणसमेत ट्राफिक व्यवस्थापनमा समस्या उत्पन्न भएको र यसतर्फ सरकारले ध्यान दिनुपर्ने उहाँको भनाइ छ। दिनानुदिन सवारीको चाप बढ्नु तर सडकको उन्नोतरी गर्नेतर्फ ध्यान जान नसक्नु सवारी जामका साथै दुर्घटनाको कारक भएकाले समेत यतातर्फ ध्यान दिनुपर्नेमा जोड दिँदै उहाँले वातावरण प्रदूषण गर्ने सवारी साधानमा रोक लगाउनुपर्ने बताउनुभयो।

उहाँले उपत्यकामा हुने सडक दुर्घटना न्यूनीकरण गर्न मादकपदार्थ सेवन गरी सवारी चलाउनेमाथि कारबाही, लेन अनुशासन कारबाही, अनियन्त्रित फुटपाथमा सवारी पार्किङ गर्नेलाई कारबाही गर्न कडाइ गरेको बताउनुभयो।

## ड्युटीमा बसेका हवल्दारसहित ४ को मृत्यु

भक्तपुर, (नेस)

भक्तपुरमा एकै दिन दुई जना मृत अवस्थामा फेला परेका छन्। धादिङ बैरेनी घर भई हाल सोही ठाउँ बस्ने शम्भु खत्री सूर्यविनायक नगरपालिका-८ जगातीमा अचेत अवस्थामा फेला परेका थिए। भक्तपुर अस्पतालका चिकित्सकले खत्रीको मृत्यु भइसकेको घोषणा गरेको थियो। बिहीबार बिहान ओखलढुंगा घर भई हाल सूर्यविनायक नगरपालिका-३, बालकोट बस्ने सरिता सार्की कोठामा सुतिरहेको अवस्थामा मृत फेला परेको हुँदा मध्यपुर अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषणा गरेका थिए।

उता सूर्यविनायक नगरपालिका भातेढिकुरस्थित होटल भ्यूमा लेवर काम गर्ने र होटलको छाप्रोमा बस्ने उदयपुर त्रियुगा नगरपालिका-१६ का नवराज राई मृत अवस्थामा फेला परेका छन् । प्रहरी वृत्त जगातीले अनुसन्धान कार्य शुरू गरेको छ।

यता भक्तपुरको मध्यपुर थिमि प्रहरी वृत्तमा कार्यरत एक प्रहरी हवल्दारको गएराति ११ बजे अकस्मात मृत्यु भएको छ। कार्यालयमै ड्युटीका क्रममा एक्कासि ढलेका ४३ वर्षीय लालबाबु राउतको मृत्यु भएको वृत्त प्रमुख एवं प्रहरी नायब उपरीक्षक प्रज्वल महर्जनले जानकारी दिनुभयो। उनी ढलेलगत्तै गट्ठाघरस्थित नागरिक अस्पताल पुर्‍याइए पनि चिकित्सकले मृत घोषणा गरेका थिए। वीरगन्जको पर्सा निवासी राउतको शव पोस्टमार्टमका लागि शिक्षण अस्पताल महाराजगन्ज लगिएको छ।

## जलवायुसम्बन्धी कानुनको माग गर्दै सर्वोच्चमा रिट

काठमाडौं(नेस)

जलवायु परिवर्तनसँग सम्बन्धित कानुन निर्माण गर्न आदेशको माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ।

अधिवक्ता पदमबहादुर श्रेष्ठद्वारा दायर गरिएको रिट निवेदनमा प्रत्येक ७ वटै प्रदेशको नगरपालिका र गाउँपालिकामा जलवायु परिवर्तन न्यूनीकरण एकाई खडा गरी जलवायु परिवर्तनबाट हुने असरको रोकथामको कार्ययोजना तयार गर्न आदेशको माग गरिएको छ। यसैगरी उच्च हिमाली भागदेखि तराईको तल्लो भागसम्म जलवायु परिवर्तनले व्यापक असर परिरहेको उल्लेख गर्दै रिट निवेदनमा त्यसबाट पर्ने असरलाई न्यूनीकरण गर्न पनि कार्ययोजना तयार गर्नको लागि आदेश दिन माग गरिएको छ।

## दुई मिनेट

### ५६ लाखको हुन्डी रकमसहित पक्राउ

काठमाडौं (नेस)

खिचापोखरीमा समान्तर बैंकिङ कारोबार (हुन्डी कारोबार) भइरहेको भन्ने विशेष सूचनाका आधारमा खटिएको प्रहरी टोलीले शंकास्पद रुपमा झोला बोकी हिँडिरहेका ३ जनालाई स्रोत खुलाउन नसकेको ५६ लाख ८० हजार रुपियाँसहित शुक्रबार पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा बाग्लुङ पैर्यु पथान गाउँपालिका घर भई काठमाडौं धापासी बस्ने पूर्ण थापा, बाग्लुङ बुर्तिवाङ -१ घर भई काठमाडौं बालाजु बस्ने प्रदीप छन्त्याल र मोरङ काने पोखरी नगरपालिका- ३ घर भई काठमाडौं लैनचोर बस्ने कुलदीप चौधरी रहेका छन्।

उक्त रकममध्ये थापाको साथबाट ३९ लाख, छन्त्यालको साथबाट १३ लाख ५० हजार र चौधरीको साथबाट ४ लाख ३० हजार रुपियाँ बरामद भएको थियो।

### फरार लुटेरा पक्राउ

भक्तपुर (नेस)

लुटपाट गरी फरार रहेका काभ्रे चौरीपोखरी-९ घर भएका रामशरण गौतमलाई प्रहरीले पक्राउ गरेको छ। गत साउन २७ गते गौतमसहित काभ्रे बनेपा बस्ने मोरङ उर्लाबारी घर भएका माधवराज गौतमले काठमाडौं महानगरपालिका-७ बस्ने सुमन दंगालले चलाएको बा२ख १२४९ नम्बरको ट्याक्सी काठमाडौं कुमारीगालबाट खरिपाटी जाने क्रममा भक्तपुर मुहानपोखरीनजिक पुगेपछि दंगालको साथमा रहेको नगद ५ हजार ९ सय ७० रुपियाँ, चाँदीको सिक्री, सुनको मुन्द्रा र मोबाइल लुटपाट गरेका थिए।

प्रहरीले माधवराज गौतमलाई सोही दिन लुटेका सामानमध्ये उक्त नगद र चाँदीको सिक्रीसहित साँखुबाट पक्राउ गरेको थियो भने फरार रहेका रामशरण गौतमलाई सूर्यविनायक बस स्टेसनबाट पक्राउ गरेको हो।

### बाघको छालासहित पक्राउ

काठमाडौं (नेस)

रामेछाप उमाकुण्ड गाउँपालिका-१ बस्ने दावा शेर्पा र सान्देन शेर्पालाई प्रहरीले बाघको छाला १ थान तथा रेड पाण्डाको छाला १ थानसहित पक्राउ गरेको छ।

नागार्जुन नगरपालिका-२ पहेंलो गुम्बामा रेड पान्डा र बाघको छाला लुकाई छिपाई बिक्री गर्नको लागि ग्राहकको प्रतीक्षामा बसिरहेको अवस्थामा उनीहरूलाई बिहीबार महानगरीय प्रहरी वृत स्वयम्भूबाट खटिएको प्रहरी टोलीले उक्त छालासहित पक्राउ गरेको हो।



कालो धान भित्र्याउने दिन शुक्रबार भक्तपुरका किसान बाजागाजासहित रमाउँदै । *तस्वीर : किरण न्हिसुतु*

## राष्ट्रिय राजनीतिबाट सन्यास लिएको छैन : *बिजुक्छे*

भक्तपुर(नेस)

नेपाल मजदूर किसानका अध्यक्ष नारायाणमान बिजुक्छेले आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि आफूले उम्मेदवारको मनोनयन दर्ता नगराए पनि राष्ट्रिय राजनीतिबाट सन्यास नलिएको स्पष्ट पार्नुभएको छ।

रफत सञ्चार क्लबद्वारा शुक्रबार आयोजित अन्तर्क्रिया कार्यक्रममा उहाँले आफू प्रतिनिधिसभामा प्रत्यक्षरुपमा संलग्न नभए पनि पार्टीको अध्यक्ष भएरै राष्ट्रिय राजनीतिक भूमिकामा सक्रिय रहने बताउनुभयो। उहाँले नयाँ पुस्ता पनि जिम्मेवारी बहन गर्न सक्षम रहेका कारण पार्टीको निर्णयअनुसार नै पुस्ता हस्तान्तरण गरिएको बताउनुभयो।

उहाँले नेपालको राष्ट्रिय राजनीतिले बाटो बिराउँदै गएको वर्तमान अवस्थामा पाटी विस्तारभन्दा पनि आफू र आफ्नो पार्टीले सैद्धान्तिक र गुणात्मक विषयको उठान गर्दै अग्रसरता जनाउने बताउनुभयो।

वामपन्थी विचारलाई थप सुदृढ र सशक्त गर्नका लागि पार्टीकै राजनीतिमा सक्रियरुपमा रहने भन्दै बिजुक्छेले अहिले वाम गठबन्धनका रुपमा रहेका नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) सत्ताका लागि मात्र गठबन्धन गरेको आरोप लगाउनुभयो। यो गठबन्धनभित्र नै आन्तरिक कलह भइरहेकाले यसले दीर्घकालीन रुप लिन नसक्ने उहाँले बताउनुभयो।

गठबन्धनले देशमा दुई पार्टीका रुपमा देखिने चर्चा गर्दै उहाँले दुई पार्टीका रुपमा राजनीतिक दल आए झनै राजनीतिक भद्रगोल हुने भन्दै उहाँले थ्रेस होल्डले प्रजातन्त्रको मर्मलाई अन्त्य गर्ने बताउनुभयो।

## सिनेमा कर्नर










माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, उपहार प्राप्ति, चिताएको कुरा पुग्ने सम्भावना ।
**वृष** : धनको खर्च, चोटपटकको सम्भावना, वादविवाद, निरर्थक खर्च ।
**मिथुन** : आम्दानी, साथीभाइ-इष्टमित्रबाट सहयोग, खाद्यान्न प्राप्ति ।
**कर्कट** : स्वस्थता र आनन्दको अनुभूति, कार्य सफल, सुख-सन्तोष ।
**सिंह** : राजा अर्थात् राज्य सञ्चालकबाट लाभ, विजय, मान वृद्धि ।
**कन्या** : शारीरिक अस्वस्थता, आर्थिक नोक्सानी, काममा बाधा ।
**तुला** : धन प्राप्ति, समस्या समाधान, पुरस्कार-सम्मान पाइने ।
**वृश्चिक** : धनलाभ, खेलकुद-परीक्षामा सफलता, पैसा प्राप्तिको सम्भावना ।
**धनु** : काममा सफलता, जोश-जाँगर बढ्ने, आय वृद्धि, सुख-सन्तुष्टि ।
**मकर** : छिमेकमा विवाद, पेटको स्वास्थ्य समस्या, दौडधुप ।
**कुम्भ** : द्रव्यलाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, कार्य सफल, प्रसन्नता ।
**मीन** : धनलाभ, आर्थिक उन्नति, शुभ कार्य, सुखानुभूति ।

# नेपाल



कात्तिक महिनामा किसानहरु मानो खाएर मुरी भित्र्याउन व्यस्त छन्। निर्वाचनमा आफ्नो पक्षमा जनमत जुटाउनका लागि उम्मेदवारहरु जनताको घरदैलोका बेला भेट नभएपछि जनताको घरदैलोमा भन्दा धान खेतमा पुग्न थालेका छन्।

# धानखेतमा दाईं हाल्दै भोट माग्दै

दुर्गाप्रसाद शर्मा, पर्वत



जनता खेतमा छन्, उम्मेदवारहरू भोट माग्न गाउँ पुगेका छन्। यस्तो बेला कसरी जनमत आफ्नो पक्षमा पार्न सकिन्छ भनेर उम्मेदवारहरूले अनेक उपाय अपनाउन थालेका छन्। यसरी जनमत जुटाउनका लागि किसानको मन जित्न दाईं राख्ने, धान काट्ने काम गर्दै मत माग्ने काममा बागलुङमा वाम गठबन्धनका उम्मेदवार डा. सूर्यप्रसाद पाठक अग्रभागमा देखिएका छन्। नेकपा (एमाले) बाट बागलुङको प्रतिनिधि सभा क्षेत्र नं १ का उम्मेदवार डा. पाठक किसानका खेतमा पुगेरै दिनभर मत माग्न व्यस्त भएका हुन्।

कात्तिक महिनामा किसानहरू मानो खाएर मुरी भित्र्याउन व्यस्त छन्। निर्वाचनमा आफ्नो पक्षमा जनमत जुटाउनका लागि उम्मेदवारहरू जनताको घरदैलोका बेला भेट नभएपछि जनताको घरदैलोमा भन्दा धान खेतमा पुग्न थालेका छन्। कृषकहरू धान भित्र्याउन व्यस्त भएका बेला पाठकले धान खेतमै पुगेर मत मागेको बताए। उनले दाईं राखेको ठाउँमा गोरु खेद्ने, धान झारेको ठाउँमा भुस फाल्ने काममा समेत सहयोग पुर्‍याइरहेका छन्। 'जनताको काममा सहयोग गर्दै मत माग्दा परिवारको सदस्यजस्तो ठानेका छन्' उनले भने- 'अहिले आमसभा गर्ने परिस्थिति नै छैन, यसरी नै प्रचार गर्दा प्रभावकारी देखिएको छ'

बरेङ गाउँपालिकाको बाटाकाचौर गाउँमा पुगेका डा. पाठकले किसानको खेतमा पुगेर धान काटेर मत मागे भने हुग्दीशिरमा पुगेर किसानको खेतमा दाईं राखेर भोट मागेका थिए। किसानहरू बेलुका ७ बजेसम्म नै खेतमा भेटिने भएकाले रातमा टोल भेला गर्दै आएको उनले बताए।

बागलुङमा नेकपा (एमाले), राष्ट्रिय जनमोर्चा र नेकपा माओवादी केन्द्रको संयुक्त वाम गठबन्धन छ। प्रतिनिधिसभा १ मा एमालेका डा. सूर्य पाठक उम्मेदवार छन् भने प्रदेश क मा एमालेका जिल्ला अध्यक्ष इन्द्रलाल सापकोटा उम्मेदवार रहेका छन्। प्रदेश ख मा राष्ट्रिय जनमोर्चाका कृष्ण थापा उम्मेदवार छन्। सबै उम्मेदवारहरू संयुक्त परिचालन समिति बनाएर प्रचारप्रसारमा व्यस्त रहेका छन्।

एमालेबाट निर्वतमान जिल्ला अध्यक्ष श्रीप्रसाद शर्मा, राष्ट्रिय जनमोर्चाबाट महिला संघकी केन्द्रीय अध्यक्ष मिना पुन र नेकपा माओवादीका केन्द्रीय सदस्य चिनीमाया काला र प्रदीप थापासहितका नेताहरू प्रचारप्रसारमा खटिएका छन्। वामपन्थीहरू एक ठाउँमा आउँदा जनतामा उत्साह पाएको र जित सुनिश्चित भएको दाबी पाठकले गरे।

# ६९ म्यादी प्रहरी थपिए

बैतडी, (नेस)

गत असारमा सम्पन्न स्थानीय तहको निर्वाचनको भन्दा आगामी निर्वाचनका लागि बैतडीमा ६९ जना म्यादी प्रहरी थपिएका छन्।

स्थानीय तहको निर्वाचनका बेला ७ सय १७ जना म्यादी प्रहरी भर्ना गरिएकोमा आगामी मंसिरमा हुने प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचनका लागि बैतडीमा ७ सय ८६ जना म्यादी प्रहरी छनोट गरिएको प्रहरी नायब उपरीक्षक हेरम्ब शर्मोले जानकारी दिनुभयो। जसमा ९३ जना महिला रहेका छन् भने ६ सय ९३ पुरुष रहेका छन्।

छनोट भएका म्यादी प्रहरीको तालिमसमेत सञ्चालन भइसकेको छ। कात्तिक १२ गतेदेखि शुरू भएको तालिम कात्तिक २४ गतेसम्म हुनेछ। तालिम बैतडी सदरमुकाम र पाटनमा सञ्चालन भइरहेको छ।

५५ दिनका लागि भर्ना हुने म्यादी प्रहरीलाई सरकारले दुई महिनाको तलब दिने छ भने निर्वाचनको बेला ७ दिनका लागि विशेष भत्ता र खाना/खाजा खर्च उपलब्ध गराउने भएको छ। यस्तै छुट्टै पोसाक शुल्कसमेत पाउने भएका छन्।

मन्त्रिपरिषद्को निर्णयले म्यादी प्रहरीलाई प्रहरी जवानसरह मासिक १७ हजार २ सय ३० रुपियाँका दरले ५५ दिनको पारिश्रमिक, रासन र स्थानीय भत्ता दिने भएको छ।

यस्तै, निर्वाचनको बेला सात दिनका लागि दैनिक ५ सय रुपियाँ विशेष भत्ता र खाना/खाजा खर्च उपलब्ध गराउने भएको छ भने सरकारले हरेक म्यादी प्रहरीलाई पोसाक भत्ताको रूपमा ४ हजार र निर्वाचनमा खटिने ठाउँमा जाने र फर्कने बाटो खर्चको रूपमा थप १ हजार रुपियाँ बाटोखर्चसमेत दिने निर्णय गरेको छ।

बैतडीमा अगामी मंसिर १० गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा म्यादी प्रहरी नेपाल प्रहरीसँगै खटिने बताइएको छ।

# करणी गर्ने पक्राउ

रौतहट, (नेस)। रौतहटमा एक जना सुस्त मनस्थितिकी बालिकालाई जबरजस्ती करणी गर्ने दुई जना पक्राउ परेका छन्।

रौतहटको चन्द्रपुर नगरपालिका-७ नयाँबस्तीकी एक बालिकालाई घरभन्दा पश्चिमपट्टिको जङ्गलको एकान्तस्थलमा पुर्‍याएर करणी गर्ने श्रवण महतो र बिनोद महतोलाई इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुरले पक्राउ गरेको छ।

दुबै कान सुन्न नसक्ने बालिकालाई ती दुबैले करणी गरेको आरोप लागेको छ। इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक यादव ढकालले घटनाको जानकारी पाउनासाथ आरोपीलाई पक्राउ गरिएको बताउनुभयो।

पक्राउ परेकाको विषयमा अनुसन्धान भइरहेको उहाँले बताउनुभयो।

# सबै क्षेत्रमा बागी उम्मेदवार

कुमार श्रेष्ठ, बाँके

बाँकेको सबै क्षेत्रमा वाम र लोकतान्त्रिक गठबन्धनमा बागी उम्मेदवारी परेको छ। पार्टीका लागि मरिहत्ते गरेर लागेका केही पुराना तथा विभिन्न आश्वासन दिएर हालसालै पार्टीमा प्रवेश गराइएका व्यक्ति बागी भएका छन्। बागी उम्मेदवार भन्ने हिम्मत नगरेका केही नेताले भने आफ्नो पदबाट राजीनामा दिएका छन्।

बाँकेमा प्रतिनिधिसभा ३ र प्रदेश सभामा ६ गरी ९ सिटका लागि चुनाव हुँदैन। त्यसका लागि १ सय १२ जनाले उम्मेदवारी दर्ता गराएका छन्। सुटुक्क उम्मेदवारी दर्ता गराएका केही बागी उम्मेदवारले जित्न नसके पनि हराउन भूमिका खेल्ने आँकलन गरिएको छ। बागी उम्मेदवारलाई 'मिलाउने' प्रयासमा नेता लागिसकेका छन्।

क्षेत्र नम्बर १ को प्रतिनिधिसभामा वाम गठबन्धनका महेश्वर गहतराज 'अथक' र कांग्रेसका माधवराम खत्री आधिकारिक उम्मेदवार हुन्। यी दुई उम्मेदवारकाबीचमा नै त्यहाँ मुख्य प्रतिस्पर्धा रहेको छ। खत्रीविरुद्ध कृष्ण कार्की र अथकविरुद्ध सबिर खाँ, सुरेशकुमार थारुले बागी उम्मेदवारी दिएका छन्।

यो क्षेत्रको प्रतिनिधिसभा मात्रै होइन, प्रदेशसभामा पनि बागीले आधिकारिक उम्मेदवारलाई तनाव गराएका छन्। प्रदेश 'क' मा वाम गठबन्धनकी कृष्णा केसी 'नमूना' विरुद्ध माओवादीकै अमर खड्का र दुर्गाप्रसाद चौधरीले बागी उम्मेदवारी दर्ता गराएका छन्। कांग्रेस, बाँकेका संगठन विभाग प्रमुख भइसकेका खड्का पार्टीमा असन्तुष्टि र विभिन्न आश्वासनसहित माओवादी केन्द्रमा प्रवेश गरेका थिए। फत्तेपुर क्षेत्रमा खड्काको राम्रै पकड रहेको मानिन्छ।

नेपालगन्ज बजार समेटिएको क्षेत्र नम्बर २ मा कांग्रेसको समर्थनमा राप्रपाका ओमप्रकाश आजाद, वाम गठबन्धनका पशुपतिदयाल मिश्रका विरुद्धमा पनि बागी देखिएका छन्। २०४८ देखि २०७० सम्म कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री सुशील कोइरालाले चुनाव लडेको क्षेत्र नम्बर २ लाई यसपालि राप्रपालाई दिइएपछि असन्तुष्टि देखिएका छन्।

यहाँबाट बागी उम्मेदवार भने ध्रुव दाहाल बनेका छन्। वाम गठबन्धनका मिश्रविरुद्ध पत्रकार शिव डोटेल, मुगबहादुर शाह र अब्दुल हकिम हल्वाईले बागी उम्मेदवारी दर्ता गराएका छन्। यद्यपि, यी बागी उम्मेदवारले ठूलो मत हेरफेर गर्न नसक्ने नेता बताउँछन्। २ नम्बरमा ६ जना स्वतन्त्रले उम्मेदवारी दिएका छन्। १९ जना उम्मेदवारमा महिला १ जना पनि छैनन्। प्रदेश सभामा ३ जना रहेका छन्।

क्षेत्र नम्बर २ को 'क' मा संघीय समाजवादी फोरमका उम्मेदवार विजयबहादुर यादवकी पत्नी सरोजकुमारी यादव नै स्वतन्त्र उम्मेदवार बनेकी छन्। क्षेत्र नम्बर ३ मा प्रतिनिधिसभाका लागि बागी परेको छैन। यो क्षेत्रको प्रदेशको 'ख' मा वाम गठबन्धनका उम्मेदवार बाबुराम गौतमको विरुद्धमा माओवादीका विजय पाठक बागी बनेका छन्।

प्रतिनिधि सभाका लागि क्षेत्र नम्बर १ मा १३, क्षेत्र नम्बर २ मा १९ र क्षेत्र नम्बर ३ मा ८ जनाको उम्मेदवारी परेको छ। प्रदेशका ६ सिटका लागि ७२ जनाले उम्मेदवारी दिएका छन्। नेताले बागी बनेकालाई मिलाउने समय रहेको प्रतिक्रिया दिएका छन्। केहीबाहेक धेरै बागी बनेकासँग अगाडि-पछाडि मान्छे नै छैनन्।

बागी बनेर मतदातालाई यता-उता गर्न सक्ने उम्मेदवारलाई पार्टीले हदैसम्मको आश्वासन दिएर बसाउने कोशिस भइरहेको छ।

पहिलो नै आश्वासन दिएकाबाहेक पार्टीमा मरिहत्ते गरेर लागेका नेताले टिकट नपाए पनि बागी दिने हिम्मत गरेका छैनन्। यद्यपि, उनीहरूको आक्रोश यथावत नै रहेको छ। सुशील कोइरालाको क्षेत्र राप्रपालाई दिँदा कांग्रेसको एउटा तप्का रिसाएको छ भने टिकटका लागि लामो समयसम्म काठमाडौं बसेर आएका वाम गठबन्धनका केही नेताको घुर्क्याइ पनि कम छैन।

तामझामका साथ बिहीबार उम्मेदवारी दर्ता गरेका नेता तथा पार्टीहरू निर्वाचन परिचालन र प्रचारप्रसारका योजना बनाउन व्यस्त भएका छन्। गठबन्धनमा उम्मेदवारलाई सर्वसम्मत बनाउन नेताहरू लागेका छन्। राप्रपाका उम्मेदवारलाई कांग्रेस सबै नेता तथा कार्यकर्ता तथा वाम गठबन्धनमा एमालेको पछाडि माओवादी, माओवादी उम्मेदवारको पछाडि एमालेका नेतालाई लगाएर निर्वाचन परिचालन समितिहरू बनाउने तयारी भइरहेका छन्।

यसैबीच, बाँकेमा ठूला दलले २ जना मात्रै उम्मेदवार उठाएका छन्। प्रतिनिधि सभामा उम्मेदवार नरहेका महिलालाई प्रदेश सभामा टिकट दिइएको छ। वाम गठबन्धनमा एमाले र माओवादीका तर्फबाट एक/एक जना महिला प्रदेश सभाका लागि उम्मेदवार बनेका छन्। एमालेकी आरती पौडेल र माओवादी केन्द्रकी कृष्णा केसी 'नमूना' उम्मेदवार बनेका छन्।

दुवै जना क्षेत्र नम्बर १ को प्रदेश 'क' र 'ख' बाट हुने। 'क' बाट नमूना र खबाट पौडेलले उम्मेदवारी दर्ता गरेका छन्। जनमोर्चा, राजपालगायत साना दलहरूले महिलालाई अगाडि सारेको छ। कांग्रेसले एकजना महिलालाई पनि प्रत्यक्षमा उम्मेदवार बनाएको छैन।

# 'लोकतन्त्रबिनाको समाजवाद हुनै सक्दैन'

नेपाल समाचारपत्र
पोखरा




नेकपा एमाले तथा माओवादी केन्द्र (वाम गठबन्धन) का उम्मेदवारहरूले परिचयसँगै आफ्नो योजनालाई बेलविस्तार लगाए।

पोखरालाई कृषि, पर्यटन र खेलकुदको हब बनाउने उल्लेख गरे। कास्की क्षेत्र नम्बर- १ का उम्मेदवार बनेका खगराज अधिकारीले कास्कीलाई जलविद्युत्, अर्गानिक कृषि, पर्यटन र खेलकुदको हब बनाउने घोषणा गरे। उनले होमस्टेजस्ता साना कार्यक्रममा नअल्झिने बताउँदै उनले कास्की क्षेत्र नम्बर-१ मा २ सय मेगावाट बिजुली निकाल्न सक्ने फेवाताल बनाउने, कास्कीमा अन्तर्राष्ट्रिय क्रिकेट मैदान निर्माण गर्नेलगायतका आफ्नो एजेन्डा प्रस्तुत गरे। कास्की क्षेत्र नम्बर-२ का रविन्द्र अधिकारीले बहुमतको स्थायी सरकार निर्माण गर्ने र सो सरकारको माध्यमबाट देशमा आर्थिक विकास गर्दै समृद्धि निर्माण गर्ने, शान्ति, सामाजिक न्याय, समानताका लागि वाम गठबन्धन बनाएको बताए। उनले यो गठबन्धनमार्फत् आर्थिक क्रान्ति गर्दै समाजवादसम्म पुग्ने योजना रहेको उल्लेख गरे।

१ को प्रदेश नम्बर-१ का उम्मेदवार दीपक कोइरालाले आफ्नो क्षेत्र लेखनाथदेखि रुपाकोटसम्म भएकाले सो क्षेत्रमा कृषिको आधुनिकीकरण गरेर आत्मनिर्भर बनाउने, गाउँमै रोजगारी सिर्जना गरी त्यहाँ उत्पादित सामानको बजारीकरण गर्नेलगायतका काम नै आफ्नो एजेन्डा रहेको प्रष्ट्याए।

कास्की १ को प्रदेश नम्बर-२ का उम्मेदवार मनबहादुर गुरुङले समृद्ध नेपाल बनाउने लक्ष्यसहित वाम गठबन्धन बनेकाले सो लक्ष्य पूरा गर्न आफू लागिपर्ने बताए। जल, जमिन, जैविक विविधता, जडिबुटीको समुचित प्रयोग गर्ने बताए। गाउँमा स्वास्थ्य संस्था नहुँदा जनताले दुःख पाएको बताउँदै गाउँमै सुविधा सम्पन्न अस्पताल खोल्ने पनि उनको एजेन्डा रहेको उल्लेख गरे।

कास्की २ को प्रदेश क्षेत्र नम्बर-१ का उम्मदवार कृष्ण थापाले सामाजिक न्यायसहितको समाजवाद ल्याउनका लागि आफ्नो उम्मेदवारी भएको बताए। उनले सुखी नेपाली, समृद्ध नेपाल निर्माण गर्ने लक्ष्यसहित पर्यटन, शिक्षा, स्वास्थ्य, उद्योगको विकासका लागि आफू लाग्ने प्रतिबद्धता जनाए। उनले आफ्नो क्षेत्रलाई नेपालकै पूर्ण विकशित क्षेत्र बनाउने उद्घोष गरे।

कास्की २ को प्रदेश नम्बर-२ का उम्मेदवार राजकाजी गुरुङ 'करण'ले ३ राजनीतिक लक्ष्य र ४ विकासको एजेन्डा प्रस्तुत गरे। उनले समृद्ध समाज, शान्ति र संविधान कार्यान्वयन र राजनीतिक संस्कार सिकाउने उद्देश्यसहित कमाउनका लागि नभई विकासका लागि राजनीति गर्ने आफ्नो लक्ष्यरहेको प्रष्ट्याए।

कास्की ३ को प्रदेश नम्बर-१ का उम्मेदवार रामजी वराल 'जीवन'ले हेमजादेखि पुरुञ्चौरसम्मको क्षेत्र कृषिका हिसाबले अत्यन्तै सम्भावना बोकेको क्षेत्र भएकाले कृषिमा आधुनिकीकरण गरेर उत्पादन बढाउने, त्यसको बजारीकरण गर्ने तथा सो क्षेत्रका पर्यटकीय क्षेत्रको संरक्षण र प्रबर्द्धन गर्दै त्यस क्षेत्रलाई पर्यटनको हब बनाउने योजना प्रस्तुत गरे।

कास्की ३ का प्रदेश क्षेत्र नम्बर-२ का उम्मेदवार राजीव पहारीले फेवाताललाई पहिलेकै आकारमा पुर्‍याउने, आफ्नो क्षेत्रमा परेका छोरेपाटनदेखि अन्नपूर्ण बेसक्याम्पसम्म रिङरोड बनाउने, पोखरामा स्वास्थ्य तालिम केन्द्र बनाउने, जीर्ण सडकको स्तरोन्नती गर्नेलगायतका एजेन्डा प्रस्तुत गरे।

प्रेस चौतारी कास्कीका अध्यक्ष माधव बरालको अध्यक्षतामा भएको कार्यक्रममा प्रेस सेन्टर कास्कीका कार्यवाहक अध्यक्ष सन्देश श्रेष्ठले स्वागत र प्रेस सेन्टर कास्कीका सचिव कृष्ण दवाडीले सञ्चालन गरेका थिए।

# प्रत्यक्षमा महिलाको उम्मेदवारी शून्य

हिक्मत नेपाली, दैलेख

प्रतिनिधिसभा र प्रदेशसभाको दोस्रो चरणको निर्वाचनका लागि दैलेखका बिहीबार मनोनयन दर्ता भएको छ। मनोनय दर्तालाई हेर्ने हो भने महिला सहभागीका विषयमा सबै दल चुकेका छन्। राज्यका हरेक क्षेत्रमा ३३ प्रतिशत महिला सहभागीताको व्यवस्था संविधानमै भएपनि संघीय संरचनाको सघं र प्रदेशको पहिलो निर्वाचनमा महिलाहरूको उचित प्रतिनिधित्व भने हुन सकेन। जसले अब महिला प्रतिस्पर्धाबाट राज्यको कार्यकारी निकायमा पुग्न निकै गाह्रो पर्ने सुनिश्चित भएको छ। प्रतिस्पर्धी महिला हुँदाहुँदै पनि दलहरूले दैलेखमा महिला उम्मेदवारीको संख्या शून्य बनाएका छन्। संविधानले संसद् मा ३३ प्रतिशत महिला सहभागीता अनिवार्य गरे पनि दलहरूले प्रत्यक्ष उम्मेदवार खडा नगरेपछि अब महिला आरक्षणको भर पर्नुपर्ने अवस्था सृजना भएको छ। वाम र लोकतान्त्रिक गठबन्धन बनाएर चुनाव लडेका दलहरूले दुवै गठबन्धनबाट प्रत्यक्षमा महिलाको उम्मेदवारी शुन्य बनाएका हुन्।

प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फ दैलेखमा कुनै पनि महिला उम्मेदवारको मनोनयन परेको छैन। प्रत्यक्षतर्फको ६ सिटका लागि जिल्लामा ९ दलका ३६ जना र ३ जना स्वतन्त्र गरी ३९ जनाले उम्मेदवारी दिएका छन्। जिल्लामा प्रतिनिधिसभाको २ र प्रदेशसभाको ४ वटा निर्वाचन क्षेत्र छन्। यसअघि गत स्थानीय तहको चुनावमा पनि दैलेखका ७ गाउँपालिका र ४ नगरपालिकामा महिलालाई उप-प्रमुखमा मात्र उम्मेदवार बनाइएको थियो। प्रमुख र उप-प्रमुखमध्ये एकजना महिला उम्मेदवार हुनुपर्ने बाध्यात्मक कानुनी व्यवस्था भएकै कारण महिलालाई उपप्रमुखमा उम्मेदवार बनाउन बाध्य भएका दलहरू प्रतिनिधि सभा र प्रदेश सभा




निर्वाचनमा प्रत्यक्षतर्फ महिलालाई उम्मेदवारी बनाउन चुकेका हुन्। नेकपा माओवादी केन्द्रबाट २०७० को संविधान सभानिर्वाचनमा समानुपातिकतर्फबाट सांसद बनेकी ललिताकुमारी रेग्मीले भनिन्- 'दैलेख मात्र नभएर प्रदेश नम्बर ६ का कुनै पनि क्षेत्रमा महिलालाई प्रत्यक्षतर्फको उम्मेदवार बनाइएको छैन।'

महिलालाई शीर्ष नेताले विश्वास गरेनन्। संविधानमा ३३ प्रतिशत महिला सहभागीताको कुरा उल्लेख भए पनि संविधानलाई कुल्चिदै हिँड्ने नेताको व्यवहारले गर्दा हामी महिलाहरू निर्णायक तहमा पुग्न सकेका छैनौं। नेपाली कांग्रेसबाट दैलेखको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर-२ मा प्रत्यक्षतर्फको उम्मेदवारको चर्चा चलेकी नेपाल महिला संघ दैलेखकी अध्यक्ष सीताकुमारी रानाले अन्त्यमा गएर उम्मेदवारी पाइनन्। रानाको नाम समानुपातिकतर्फको बन्द सूचीमा परिसकेका कारण आफूले प्रत्यक्षतर्फको टिकट नपाएको उनले बताइन्।

### दलित समुदायबाट एक मात्र उम्मेदवार

दैलेखको डुडेश्वर गाउँपालिका ५ का जयबहादुर गन्दर्भ नेकपा क्रान्तिकारी माओवादीको तर्फबाट प्रदेश सभामा प्रत्यक्षतर्फका उम्मेदवार बनेका छन्। आसन्न प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार बनेका गन्दर्भ दलित समुदायबाट प्रत्यक्षतर्फका दैलेखबाट एक मात्र उम्मेदवार हुन्। प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा क बाट उनले प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता गराएका हुन्। अन्य ठूला दलहरूले दलित समुदायका एक जना पनि उम्मेदवारी दिन नसकेका बेला नेकपा क्रान्तिकारीबाट गन्दर्भ प्रत्यक्षतर्फका उम्मेदवार बनेका हुन्। वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धन बनाएर चुनाव लडेका ठूला दलहरूले दैलेखमा दलित समुदायको एक जना पनि उम्मेदवार बनाउन सकेनन्।

साउन २७ गते रातिदेखि केही दिन परेको अविरल वर्षाले बाँकेमा १६ हजार ८ सय ८ घरधुरीका ६६ हजार २ जना प्रभावित भएका थिए। बाढीबाट जिल्लामा ८ जनाको मृत्यु भएको थियो। जिल्ला दैवीप्रकोप उद्धार समितिको बैठकमा बताइएअनुसार १६ हजार ८ सय ८ मध्ये १ हजार ७१ पूर्ण र १५ हजार ७ सय ३७ घर आंशिक क्षति भएका छन्।

# नेपाल

# रौतहटमा त्रिपक्षीय भिडन्त हुने निश्चित

सञ्जय कार्की, रौतहट

मंसिर २१ गते हुने प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनका लागि रौतहटमा एक बहालवबाला मन्त्री, ६ जना पूर्वमन्त्री,१ जना पूर्वप्रहरी महानिरिक्षकसहित २ सय ३८ जना चुनावी दौडमा रहेका छन्।

प्रतिनिधिसभामा ४ र प्रदेशमा ८ गरी १२ निर्वाचन क्षेत्र रहेको रौतहटमा प्रमुख तीन पार्टी नेपाली कांग्रेस, वामगठबन्धन यस्तै राजपा नेपाल र संघीय समाजवादी फोरम नेपालको मधेसवादी दलबीच त्रिपक्षीय प्रतिस्पर्धा हुने अनुमान गरिएको छ।

क्षेत्र नम्बर ३ बाट वामगठबन्धनबाट माओवादी केन्द्रका विनाविभागीय मन्त्री प्रभु साह, क्षेत्र नम्बर ३ को प्रदेश सभामा राजपा नेपालका पूर्वराज्यमन्त्री गोबिन्द चौधरी, क्षेत्रनम्बर २ बाट नेपाली कांग्रेसका पूर्वमन्त्री मोहम्मद अफताब आलम, वाम गठबन्धनतर्फबाट एमाले पूर्वराज्यमन्त्री मुस्ताक आलम, क्षेत्र नम्बर १ बाट मधेसवादी दलको गठबन्धनको तर्फबाट राजपा नेपालका अध्यक्ष मण्डलका सदस्य एवम् पूर्वमन्त्री अनिल झा, वाम गठबन्धनको तर्फबाट माओवादीका पूर्वराज्यमन्त्री सतनारायण भगत, क्षेत्र नम्बर ४ का वाम गठबन्धनको तर्फबाट एमालेका पूर्वराज्यमन्त्री डा. वंशीधर मिश्र चुनावी मैदानमा रहेका छन्।

२०४८ सालको प्रतिनिधिसभाको निर्वाचनमा डा. वंशीधर मिश्र रौतहटको ४ नम्बर क्षेत्रबाट विजयी भएका हुन्। प्रजातन्त्र प्राप्तिपछि उनी संसदीय निर्वाचनमा सबैभन्दा पुराना अनुहार हुन्। क्षेत्र नम्बर २ बाट नेपाली कांग्रेसका पूर्वमन्त्री मोहम्मद अफ्ताब आलम, वाम गठबन्धनतर्फबाट एमालको पूर्वराज्यमन्त्री मुस्ताक आलम नातामा मामा भान्जा हुन्।

राजपा नेपालको अध्यक्ष मण्डलका सदस्य अनिल झाको बिरुद्धमा रौतहटको १ नम्बर क्षेत्रमा संघीय समाजवादी फोरम नेपालका बबन सिंहले स्वतन्त्र उम्मेदवारी दिएका छन्। यस्तै ४ नम्बर क्षेत्रको प्रदेश (क) बाट एमाओवादीका राजु धामी र (ख) राजपा नेपालका आधिकारिक उम्मेदवार प्रदीप शमशेर जबराको विरुद्धमा राजपा नेपालका शेष फुलबाबु भनिने अब्दुल कलामले स्वतन्त्र उम्मेदवारी दर्ता गराएपछि असन्तुष्टिको स्वर बाहिर आएको हो।

सधैं सत्ता र शक्तिमा पुगेका मधेसवादी दलका नेता गोविन्द चौधरीले भने प्रतिनिधिसभा छाडेर ३ नम्बर क्षेत्रको प्रदेश सभामा उम्मेदवारी दिएका छन्।

नेपाली कांग्रेसबाट टिकट नपाएपछि क्षेत्र नम्बर ३ का ओमप्रकाश जैयसवाल भने मधेसवादी दलको गठबन्धन राजपा नेपालबाट प्रतिनिधिसभामा उम्मेदवारी दिएका छन्।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि बिहीबार रौतहटमा २ सय ३८ जनाले उम्मेदवारी दर्ता गराएका छन्।

रौतहटका ४ प्रतिनिधिसभा सदस्य संख्याका लागि कूल ९२ जनाको मनोनयन दर्ता भएको छ भने प्रदेशसभाको ८ सिटका लागि १ सय ४६ जनाको मनोनयन दर्ता भएको जिल्ला निर्वाचन कार्यालय, रौतहटका प्रमुख राजन श्रीवास्तवले जानकारी दिनुभयो।

# 'विकास निर्माणका काम लिएर जनतामा जान्छौं'

गुल्मी, (नेस)

नेपाली कांग्रेसमा नेता एवं गुल्मी क्षेत्र नम्बर १ का प्रतिनिधिसभा उम्मेदवार चन्द्र भण्डारीले नेपाली कांग्रेसको पहलमा भएका विकास निर्माणका काम लिएर जनतामा जाने बताएका छन्।

प्रेस युनियन, गुल्मीले शुक्रबार दिउँसो सदरमुकाम तम्घासमा उम्मेदवारसँग राखेको पत्रकार भेटघाट क्रममा नेता भण्डारी आफ्नो पहलमा भएका काम पनि भन्न नपाएको बताएका छन्। उनले आफ्नो पहलमा भएका कामको परिणाम जनतामा लिएर जाने बताँउदै भने- 'हामीले काम गर्ने हामीले प्रचार गर्न नपाउने।'

नेपाली कांग्रेस र आफू सांसद रहँदा गुल्मी जिल्लामा भएगरेका तमाम काम पनि हामीले गरेको हो भन्न नपाएको बताए। नेता भण्डारीले अघिल्लो निर्वाचनमा गरेका प्रतिबद्धता केही पूरा भएको र केही पूरा हुने अवस्थामा रहेकाले पनि अब पुनः फेरि आफू जनतामाझ आएको बताए।

उनले गुल्मी जिल्लालाई अबको ५ वर्षभित्र नमुना गुल्मी जिल्ला बनाउने गरी योजना राखेको बताए। अब जनताले यो विकासमा बजेट चहियो भन्नुपर्ने छैन नेता भण्डारीले भने- 'सबैखाले विकासले गति लिइरहेको छ, सबै पूरा हुँदा जनताले विकासको अनुभूति हुने गरी काम हुनेछन्।'

'जनताले विकास चाहेका छन् हामी जनताको र देशको विकास गर्नका लागि नै तत्पर छौं',उनले भने- 'काम गर्नेलाई मत दिन्छन्।'

पत्रकार भेटघाटमा गुल्मी क्षेत्र नम्बर-२ प्रत्यक्षतर्फका उम्मेदवार चन्द्र केसी क्षेत्र नम्बर प्रदेससभा उम्मेदवार धनेन्द्र कार्की, क्षेत्र नम्बर-२ प्रदेशसभा उम्मेदवार शालिक पन्थी छन्द पहराईले जनताले विकास चाहेकाले विकासका एजेन्डा लिएर जाने बताए। उम्मेदवारले निर्वाचनमा मिडियाको महत्त्वपूर्ण भूमिका रहने हुँदा निष्पक्ष भएर उभिन आग्रह गरेका थिए।

## धुर्मुस-सुन्तलीलाई रिक्सा चालकको सहयोग

रौतहट, (नेस)। एकीकृत नमुना वस्ती निर्माणमा जुटेका हास्य कलाकारद्वय धुर्मस र सुन्तलीको अभियानमा यहाँका एक रिक्सा चालकले सहयोग गरेका छन्।

रिक्सा चलाएर दैनिक जीवीका चलाउँदै आएका चन्द्रपुर-४ का रिक्सा चालक केदारप्रसाद तिमल्सिनाले एकीकृत नमुना वस्ती निर्माणका लागि ५ बोरा सिमेन्ट सहयोग गरेका हुन्। आउँदो माघ २४ गते बस्ती हस्तान्तरण गर्ने योजनासहित उनीहरूको धुर्मुस-सुन्तली फाउन्डेसन चन्द्रपुर-८ सन्तपुरमा एकीकृत नमुना वस्ती निर्माणमा जुटेका छन्।

**भूमिसुधार कार्यालय ललितपुरबाट जारी भएको ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. १६ बस्ने जग्गाधनी पुण्यवाणी राजोपाध्याय वा निजको हकवालाको नामको ३० दिने म्याद सरहको सूचना।**

ललितपुर जिल्ला इमाडोल गा.वि.स. वडा नं. ९ (ग) कि.नं. २२ क्षे.फ. ०-३-०-० जग्गाको मोही पिता वुलाल भन्ने वुद्धिलाल महर्जन र आमा पुन थंकु महर्जनको मृत्यु भै हकखाने हकदारमा दाजुहरु पूर्ण वहादुर महर्जन-१, शंकर महर्जन-१ र म निवेदक भएकोमा दाजुहरुको मञ्जुरीले उक्त कित्ता जग्गा मेरा नामको ना.सा. गरी उक्त कित्ता जग्गालाई मूल्याङ्कन समितिमा राखी ज.ध.लाई रकम दिई पूरै जग्गा म निवेदकलाई हुने गरी वाँडफाँड गरी पाउँ भन्ने व्यहोरा सहितको दूई छुट्टा छुट्टै माग निवेदन गरी ल.पु.म.न.पा. वडा नं. ८ बस्ने निवेदक शंकर महर्जनले माग दावी गरी तारेखमा बसी आएकोमा ज.ध.को नाममा मोही नामसारी तथा वाँडफाँड सम्वन्धी १५ दिने म्याद जारी हुँदा ज.ध.को मृत्यु भई हकदार समेत कोही नभएको भनि ललितपुर महानगरपालिका १६ वडा कार्यालयको रोहवरमा निज ज.ध.कै घरदैलोमा म्याद टाँस भएको भनि म्याद तामेली व्यहोरामा उल्लेख भई आएकाले ज.ध. पुण्यवाणी राजोपाध्याय वा निजका हकदारका नाममा विशेष अदालत ऐन २०५९ को दफा १० (९) वमोजिम यो ३० (तीस) दिने म्याद सरहको सूचना जारी भएको छ। यो सूचनाको म्याद भित्र दावी गर्नु आउनु भएन भने कानून वमोजिम कारवाही भै जाने व्यहोरा यसै म्याद द्वारा जानकारी गराइन्छ।

# सुदूरपश्चिमका प्रमुख शक्तिपीठमा जात्रा

बैतडी, (नेस)

सुदूरपश्चिमका प्रमुख शक्तिपीठ तथा मन्दिरमा जात्राको रौनक जारी रहेको छ। कात्तिक शुक्ल पक्षमा लाग्ने जात्राको अन्तिम दिन आज र भोलि जात्रा लाग्ने ठाउँमा जात्राको रौनक जारी रहेको हो।

बैतडीको प्रसिद्ध मेलौली भगवती मन्दिरमा आजदेखि जात्रा शुरू भएको छ। प्रत्येक वर्षको कात्तिक शुक्ल चर्तुदर्शी र पूर्णिमाका दिन लाग्ने जात्रामा यो वर्ष पनि नेपाल तथा भारतका हजारौं दर्शनर्थीहरूको घुँइचो लागेको स्थानीय विरेन्द्र महताले जानकारी दिनुभयो। जात्रामा राँगा तथा बोकाको बलि दिने चलन रही आएको छ।

जात्राका लागि केही दिनअघिदेखि नै मेलौली क्षेत्रमा चहलपहल बढेको स्थानीय वासिन्दाले बताएका छन्। मेलालाई शान्तपूर्ण रूपमा सम्पन्न गर्नका लागि मेलास्थललाई मदिरा निषेधित क्षेत्र घोषणा गरिएको छ। मेलौली भगवतीको दर्शन गरेमा मनोकामना पूर्ण हुने जनविश्वास रही आएको छ।

यस्तै सुर्नया गाउँपालिकाको रौलेश्वरमा रहेको फ्लाङ्गासैनी भगवती मन्दिरमा पनि आजदेखि जात्रा शुरू भएको छ।

सो जात्रामा भगवतीको दर्शनका लागि हजारौं दर्शनार्थीहरूको घुइँचो लागेको छ। जात्रामा आज राती भगवतीको विशेष पूजाआजा गर्ने चलन रही आएको छ। भोलि राँगा तथा बोकाको बलि दिएर जात्रा समापन हुने गर्दछ।

# बाढीपीडितलाई २२ करोड

कुमार श्रेष्ठ, बाँके

गत साउन अन्तिममा आएको बाढीले २ अर्ब बढीको क्षति पुऱ्याएको बाँकेमा सरकारले २१ करोड राहत वितरण गरेको छ।

प्रमुख जिल्ला अधिकारी एवं जिल्ला दैवीप्रकोप उद्धार समितिका संयोजक रमेश केसीले एक महिनासम्म प्रतिव्यक्ति ७० रुपियाँ दिने सरकारी घोषणाअनुसार जिल्लामा २१ करोड ९० लाख ३९ हजार ७ सय रुपियाँ गाउँपालिकामा पठाएको बताउनुभयो। उहाँका अनुसार, राप्तीसोनारीमा ७ करोड ६० लाख ६५ हजार ९ सय, डुडुवामा ५ करोड २५ लाख ४९ हजार ८ सय, नरैनापुरमा ८ करोड ३९ लाख ९९ हजार १ सय, बैजनाथमा ४ करोड २० लाख ४ हजार ९ सय, खजुरामा ९८ हजार ७ सय, कोहलपुरमा २० लाख ७० हजार ९ सय र नेपालगन्ज उपमहानगरपालिकामा ५० हजार ४ सय रुपियाँ पठाइएको छ।

साउन २७ गते रातिदेखि केही दिन परेको अविरल वर्षाले बाँकेमा १६ हजार ८ सय ८ घरधुरीका ९६ हजार २ जना प्रभावित भएका थिए। बाढीबाट जिल्लामा ८ जनाको मृत्यु भएको थियो। जिल्ला दैवीप्रकोप उद्धार समितिको बैठकमा बताइएअनुसार १६ हजार ८ सय ८ मध्ये १ हजार ७१ पूर्ण र १५ हजार ७ सय ३७ घर आंशिक क्षति भएका छन्।

यसपालिको बाढी प्रकोपमा ६० वटा संघसंस्थाले सहयोग गरेका छन्। यसमा २ लाख ८० हजार किलो चामल वितरण भएको छ। दाल, चाउचाउ, तेल, नुन, विस्कुटको मात्रा पनि धेरै रहेको छ। बाढीको तथ्यांक संकलन र शुद्धिकरण गर्न ढिलाइ भएकाले समयमा सरकारी घोषणाको राहत पुग्न सकेको थिएन। प्रमुख जिल्ला अधिकारी केसीले विषयगत निकायबाट एकद्वार प्रणालीमा राहत वितरण गर्दा सहज भएको बताउनुभयो।

बैठकमा वर्षेनी डुवान हुने मानिसलाई कहिलेसम्म राहत दिइरहने भन्ने प्रश्न उठेको थियो। नदीको तटीय क्षेत्रमा बसेका उनीहरूलाई अन्यत्र सारेर त्यहाँको जग्गा सरकारले लिनुपर्ने कुरामा नेताहरू आईपी खरेल, कृष्ण खरेललगायतले जोड गरेका थिए। 'एक वर्षमा २१ करोड सरकारको मात्रै वितरण भयो, संघसंस्थाले पनि धेरै सहयोग गरेका छन्, आखिर यो कहिलेसम्म ?' माओवादी केन्द्रका जिल्ला इन्चार्ज आईपी खरेलले भन्नुभयो।

नेताहरूको प्रतिप्रश्नपछि प्रमुख जिल्ला अधिकारीलगायतले बाँकेका बाढीपीडितलाई दुईथरीको विकल्प खोज्नुपर्ने बताए। आपत्कालीन र दीर्घकालीनका प्याकेज लिएर अघि बढ्दा वर्षेनीको समस्या समाधान हुने बताइयो। बैठकमा नयाँ विपत् व्यवस्थापन ऐन पारित भएकाले त्यसका लागि गर्नुपर्ने कामका बारेमा पनि चर्चा भएको थियो। दैवीप्रकोप उद्धार ऐन २०३९ लाई सरकारले विस्थापन गरेको छ। नयाँ ऐनअनुसार गाउँपालिकासमेत विपत् व्यवस्थापन समितिहरू गठन हुनेछन्।

## हार्दिक श्रद्धाञ्जली



जन्म
१९९२/४/६

स्वर्गारोहण
२०७४/७/७

**स्व.देवीमाया खनाल**

हाम्री प्रात : स्मरणीय वडीआमा **देवीमाया खनाल**को स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परीवारजनप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनी भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं।

**भतिजा-वुहारी**
डम्वरु प्रसाद खनाल/भीमादेवी खनाल

**नाति-नातिनी वुहारी**
पुण्य प्रसाद खनाल/टीकादेवी खनाल

**पनाति-पनातिनी वुहारी**
संयोग खनाल/अष्मीना खनाल

**तथा समस्त परिवार**

# स्वास्थ्य अधिकारका बारेमा छलफल

बाँके, (नेस)

स्वास्थ्य अधिकार उल्लंघन घटना अध्ययनका बारेमा नेपालगन्जमा एक दिवसीय अभिमुखीकरण गोष्ठी सम्पन्न भएको छ।

प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र (रेस्फेक) काठमाडौंको सहयोग र स्वास्थ्य अधिकार तथा सुर्ती नियन्त्रण जिल्ला सञ्जाल, बाँकेको आयोजनामा भएको उक्त गोष्ठीमा नेपालमा सर्वसाधारण नागरिकले नेपालको संविधानमा मौलिक हकको रुपमा स्थापित स्वास्थ्य सेवा सहज रूपमा पाउन नसकी स्वास्थ्य अधिकार उल्लंघनका घटना क्रम बढ्ने क्रम जारी रहेको हुँदा यस्ता घटनालाई समेटेर वर्ष पुस्तकका रूपमा प्रकाशित गरिने जानकारी दिइयो।

सो अवसरमा जिल्ला जनस्वास्थ्य कार्यालय बाँकेका जनस्वास्थ्य अधिकृत सरोज कुमार शाहले जिल्लाको स्वास्थ्य सेवाको अवस्थाको जानकारी दिंदै गर्भवती महिलाहरूले नियमित रूपमा स्वास्थ्य केन्द्र वा अस्पतालमा स्वास्थ्य परीक्षण नगरी समयमा स्वास्थ्य संस्थामा नगएको र अन्तिम अवस्थामा पुगेमा यस चालु अवस्थामा मृत्यु हुने सुत्केरी महिलाको संख्या ६ जना पुगेको बताउनुभयो।

यद्यपि गत वर्ष यसको संख्या १८ जना रहेको थियो।

## Chourpati Rural Municipality
### Office of the Rural Municipal Executive
### Chourpati Achham

**Invitation For Bids**

**Province No. 7, Nepal**

**Date of Publication 2074/07/18**

1. Chourpati Rural Municipality invites sealed bids for eligible bidders for the procurement of **One Unit Hydraulic Excavator with breaker.**
2. A complete set of Bidding document in English may be purchased from the address below by interested bidders within 30 days from the date of publication at office hours on the submission of a written application along with the notarized copy of company/firm registration certificate, Local body business registration certificate, Tax clearance up to FY 073/074, authorization letter from distributor and upon payment of a non refundable fee of **Rs. 3,000.00 (in words, three thousand rupees only)** deposited at:
   Name of Bank: **Rastriya Banijya Bank, Mangalsen Achham**
   Name of office: **Chourpat Rural Municipality,Chourpati Achham**
   Rajaswa (Internal Revenue) account no: **4260303007103**
3. Sealed Bids must be submitted to Chourpati Rural Municipality on or before 12:00 hours on 31st day from the date of publication & documents received after this deadline shall not be accepted. The bidding documents purchased from Office of Chourpati Rural Municipality only acceptable.
4. The figure for the bid amount must be clear if any discrepancy may occur then the figure written in words is valid.
5. Bids shall be opened in the presence of bidders' representatives, who choose to attend with original related documents at 2:00 PM on 31st day of notice published in Chourpati Rural Municipality.,Achham. Bids must be valid for period of ***90 Days*** counting from the day of bid opening and must be accompanied by bid security amounting to a ***minimum of 2.5%-3% of the quoted Bid amount (Inclusive of VAT).*** The bid bond authorized from recognized commercial bank of Nepal, which shall be ***Valid for minimum 30 days*** beyond the bid validity period.
6. After acceptance of bid, the preformance bond 5% of the quoted bid amount should be authorized from recognized commercial bank of Nepal, which shall be valid minimum a month after warranty period.
7. If the last of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. Chourpati Rural Municipality Office will not be responsible for any costs or expenses incurred by bidders for preparation or delivery of bids. Except the mentioned clauses all other conditions of the bidding process must follow the public procurement act 2063, public procurement regulation 2064.
9. In the case of discrepancies or error in bid documents, bid notice of any other documents, Chourpati Rural Municipality reserves the right to amend and correct at any time.
10. If bidders are not manufacturer, they must submit sole authorization letter from the manufacturer or from the authorized distributor of the manufacturer.
11. Bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Non compliance with this instruction shall result in disqualification.
12. Chourpati Rural Municipality office reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
13. Eligible Bidders may obtain further informations and inspect the bidding documents or can contact in 9848435229 at the Chourpati Rural Municipality, Achham within office hour.

| Contract Identification No. | Description | Quantity, unit | Bidding fee, Nrs | Bid security Nrs |
|---|---|---|---|---|
| 01/2074/075-CRM | Hydraulic Excavator with Breaker (20 Ton Class) | 1 | 3000.00 | 350,000.00 |

**Executive Officer**

## JOB VACANCY

Betrawati Hydroelectric Company Pvt. Ltd. announce vacancy on the following Position:-

**Project Manager :** 2 Person

**Qualification :** Bachelor/ Master in civil Construction / Hydropower Engineering

Candidate should have worked in atleast two hydropower projects as supervisor or project manager . He/ She should be willing to stay and work at the project site and have a capability to manage and work with local and foreign people . International experience of 1- 2 years preferred.

**Project Engineer :** 4 Person

**Qualification :** Be Civil/ Construction / Hydropower Engineering

Candidate should have worked in atleast two hydropower projects at the capacity of engineering overseeing civil, Hydrome¬chanical or electromechanica Works

International exposure preferred.

(Interested candidate who meets the above criteria can send their updated CV to :- Info@betrawatihydro.com within 10th November 2017 of the publication )

**Betrawati Hydroelectric Company Pvt. Ltd.**
**Kathmandu Nepal**



# विश्व

**व्यंग्य**

अमेरिकाको न्युयोर्क सिटीमा आयोजित ४४औं वार्षिक भिलेज हलोविन परेडमा राष्ट्रपति डोनाल्ड ट्रम्प चित्रित पहिरनअगाडि तरबार देखाउँदै एक सहभागी महिला।



**प्राग् इतिहास**

विश्वकै सबैभन्दा ठूलो गिजा पिरामिड निर्माण गर्ने पुरुषहरु गाडिएको विशाल चिहान। गिजा पिरामिडनजिकै भेटिएको उक्त चिहान पर्यटकका लागि खुला गरिएको छ।



2017, NOV
Saturday
4

## विश्व २ मिनेट

### म्यान्मार

#### सुकी हिंसाग्रस्त इलाकामा

यांगुन, (एजेन्सी)

म्यान्मारका सर्वोच्च नेता आङ सान सुकीले गत अगस्टमा हिंसा भड्केपछि पहिलो पटक रखाइन प्रान्तको भ्रमण गरेकी छिन्। भ्रमणका क्रममा रोहिंग्या कट्टरपन्थीविरुद्ध सेनाको कारबाहीबाट प्रभावित इलाकामा रोकेकी थिइन्। जातिय हिंसाको आरोपका कारण सुकी सैन्य अभियान रोक्नमा असफल रहेकामा विश्वभरि निन्दित बनेकी छिन्। गत अगस्ट २५ पछि अहिलेसम्म करिब ६ लाख रोहिंग्या मुसलमान म्यानमारबाट भागेर बंगलादेश पुगेका छन्। उनले अहिलेसम्म म्यान्मार नछोड्ने मुस्लिम समुदायसँग भेटकी थिइन्। उनले रखाइनसँग सम्बन्धित समस्या विकास र लगानीबाट समाधान हुने बताइन्।

### अस्ट्रेलिया

#### आतंककारीलाई सजाय

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियाको सिड्नीमा आतंककारी आक्रमण गर्ने योजना बनाएको अभियोगमा चार पुरुष र एक किशोरलाई शुक्रबार कारावास सजाय सुनाइएको छ। तिनीहरूको आक्रमण योजनालाई सन् २०१४ मा न्यु साउथ वेल्सका प्रहरीले असफल बनाइदिएको थियो। तिनीहरूले सिड्नीस्थित अस्ट्रेलियाली संघीय प्रहरी भवन र लिथगो नजिकको एउटा कारागारमा आक्रमण गर्ने योजना बनाएको अदालतमा तिनीहरूको मुद्दाको सुनुवाइका क्रममा जानकारी दिइएको छ। सो समूहका नाइके सुलयमान खालिदलाई व्यावसायिक आतंककारीको संज्ञा दिँदै २२ वर्ष र ६ महिना लामो कारावास सुनाइएको छ।

### भारत

#### बलात्कारी पक्राउ

नयाँदिल्ली, (एजेन्सी)

भारतको एक किशोरीका अभिभावकले आफ्ना छोरीको बलात्कारीलाई शुक्रबार समातेका छन्। प्रहरीले तिनीहरूको उजुरी दर्ता गर्न नमानेपछि तिनीहरूले यो कदम उठाएका हुन्। प्रहरी अधिकारी नै रहेका ती किशोरीका अभिभावकले एकजना अधिकारीले आफ्नी छोरीले फिल्मी कहानी बनाएको आरोप लगाएको गुनासो गरेका छन्। ती अभिभावक आफैले दुईजना बलात्कारीलाई समातेपछि बल्ल भोपाल शहरस्थित एउटा प्रहरी चौकीमा उजुरी दर्ता भएको थियो। उनीमाथि सामूहिक बलात्कार भएको बताइएको छ। प्रहरीले अन्य दुई जना बलात्कारीलाई पक्राउ गरेपछि ती सबैविरुद्ध मुद्दा दायर गरिएको छ।

### माल्टा

#### पत्रकारको अन्त्येष्टि

मोस्टा, (एजेन्सी)

माल्टाका नेताहरूले कार बम आक्रमणमा मारिएकी खोजमुलक महिला पत्रकारको अन्त्येष्टिमा भाग नलिने भएका छन्। ५३ वर्षीया पत्रकार डाफ्ने कारुना गालिजियाको परिवारले तिनीहरूको उपस्थितिप्रति आपत्ति जनाएको हो। ती पत्रकारले आफ्नो ब्लगमार्फत प्रमुख राजनीतिज्ञहरूको भ्रष्टाचारको विरोध गर्दै आइरहेकी थिइन्। उनको घरनजिकै भएको विस्फोटमा मृत्यु भएको थियो। उनको हिजा राति मोस्टामा अन्त्येष्टि गरिने कार्यक्रम थियो। युरोपेली संघले माल्टा सरकारलाई यथाशीघ्र यस घटनाका दोषी पत्ता लगाई कारबाही गर्न माग गरेको छ। एफबीआईले पनि यसबारे अनुसन्धान गरिरहेको छ।

## लादेनको आँखा काश्मिरमाथि

वासिङ्टन, (एजेन्सी)

कट्टरपन्थी संगठन अल कायदाका प्रमुख रहेका ओसामा बिन लादेनले आफ्नो प्रभावका लागि काश्मिरमा पनि आँखा गाडेको खुलासा भएको छ।

उनले मुम्बई हमलाका आरोपी डेविड कोलमेन हेडलीको न्यायिक जाँचमा पनि नजिकबाट ध्यान दिइरहेका थिए। सन् २०११ मे १ राति अमेरिकी सैनिकले ओसामालाई पाकिस्तानको एबत्तावाद शहरमा मारेका थिए।

अमेरिकी गुप्तचर एजेन्सी सीआईएले उक्त कारबाहीसँग सम्बन्धित ४ लाख ७० हजार फाइल जारी गरेको छ। ती फाइलहरू सोही सैनिक कारबाहीका क्रममा कब्जामा लिइएका थिए।

नेपाल सरकार
सहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
डिभिजन कार्यालय पर्सा
प्रकाशन मिति : २०७४/७/१८ (4 Nov, 2017)

**सूचना नं. १. स्पष्टिकरण पेश गर्ने सम्वन्धमा अत्यन्त जरुरी सूचना**

यस डिभिजन कार्यालय र विभिन्न निर्माण व्यवसायी विच भएको खरिद सम्झौता बमोजिम विभिन्न आयोजनाहरुको निर्माण कार्य सम्पन्न गर्ने सम्वन्धमा मिति २०७४/५/२० मा यस कार्यालयबाट सूचना प्रकाशन गरीएकोमा तपशीलका आयोजनाहरुका लागि कार्य सम्पन्न गर्ने प्रतिवद्दता पत्र प्राप्त भएता पनि म्याद थपका लागि आवश्यक बैंक जमानत र विमा सम्वन्धी कागजातहरु हालसम्म प्राप्त नभएको र प्रतिवद्दता अनुरुप निर्माण स्थलमा हालसम्म पनि कार्य शुरु नभएकोले के कति कारणले खरिद सम्झौता र पुनः प्रतिवद्दता अनुसार निर्माण कार्य नगरेको हो यो सूचना प्रकाशन भएको ७ दिन भित्र निर्माण कार्य सुचारु गरी आवश्यक कागजात सहित स्पष्टिकरण पेश गर्नु हुन जानकारी गराइन्छ । यस अघि दिइएका निर्देशन र सूचनाका साथै यस सूचना बमोजिम निर्माण कार्य शुरु गरी माग भए बमोजिमका कागजात तोकिएको समयावधी भित्र प्राप्त नभएमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३, सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२८ र १४१ र खरिद सम्झौताको GCC, Clause, 57 “Termination of Contract”, Clause 59 “Black Listing” बमोजिम कारवाही प्रकृया अघि बढाइने व्यहोरा समेत **अन्तिम पटक** जानकारी गराइन्छ ।

**तपशील**

| क्र.सं. | आयोजना | म्याद समाप्तभएको मिति (थप म्याद सहित) | निर्माणव्यवसायी |
|---|---|---|---|
| १ | ४ परिवार स्टाफ क्वार्टर भवन निर्माण (दोस्रो), पोखरीया अस्पताल, पर्सा | २०७२/७/१५ | विशाल एड्ड विराट कन्स्ट्रक्सन प्रा.लि. जोरपाटी काठमाण्डौं |
| २ | स्वा.चौ. भवन निर्माण, संभौता स्वा.चौ., पर्सा | २०७२/३/२६ | शिवराम कन्स्ट्रक्सन प्रा.लि. दोलखा |
| ३ | स्वा.चौकी भवन निर्माण पर्टेवा सुगौली, पर्सा | २०७३/२/२७ | अजम्वर/शिवराम कन्स्ट्रक्सन जे.भि. भिमेश्वर १ दोलखा |
| ४ | स्वा.चौकी भवन निर्माण शंकर सरैया, पर्सा | २०७३/२/२७ | अजम्वर/शिवराम कन्स्ट्रक्सन जे.भि. भिमेश्वर १ दोलखा |
| ५ | स्वा.चौकी भवन निर्माण जिंगडवा वेलविच्छवा, रौतहट | २०७२/८/२७ | अजम्वर/शिवराम कन्स्ट्रक्सन जे.भि. भिमेश्वर १ दोलखा |

**सूचना नं. २. आर्थिक वोलपत्र खोल्ने सम्वन्धी सूचना**

यस कार्यालयबाट २०७४/३/३१ र २०७४/४/३२ मा प्रकाशित वोलपत्र आब्हानको सूचना बमोजिम दर्ता हुन आएका वोलपत्रहरु मध्ये तपशिलका कार्यहरुका लागि प्राविधिक वोलपत्रमा सफल वोलपत्रदाताहरुको आर्थिक वोलपत्र तपशील बमोजिम खोलिने भएकोले सम्वन्धित वोलपत्रदाताहरुलाई उपस्थतिका लागि अनुरोध गरिन्छ ।साथै उक्त वोलपत्रहरुमा भाग लिएका अन्य वोलपत्रदाताहरु प्राविधिकि वोलपत्रमा असफल भएकोले आर्थिक वोलपत्र फिर्ता लान समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

| क्र.सं. | कामको नाम र ठेक्का नं. | प्राविधिक वोलपत्रमा सफल वोलपत्रदाताहरु |
|---|---|---|
| **२०७४/७/२६ गते दिनको १२:०० आर्थिक वोलपत्र खोलिने वोलपत्रहरु** | | |
| १ | Construction of 8 Family Nursing Quarter at Kalaiya Hospital Bara - DUDBC/Parsa/NCB/Works/11/073-74 | 1. KasyapNirmanSewa& Supplies (P) Ltd Kalanki-14 KTM<br>2. Chaudhary/ AshisConstrcution JV Kalaiya, Bara<br>3. RP Builder Gaur-8 Rautahat<br>4. Roshan/ Sagar JV Pidiriguthi-9 Parsa<br>5. SardaNirmanSewa, Lipnimal, Bara<br>6. Panchakanya Engineering Solution (P) Ltd Chaudhary/Shahu Construction JV Gaur-7, Rautahat |
| २ | Construction of Healthpost Building Lalparsa, Parsa-DUDBC/Parsa/NCB/Works/11/073-74 | 1. Dapcha/ Ashish JV Kallaiya, Bara<br>2. Chaudhary Construction, Gaur-7 Rautahat<br>3. Pappu/ Ranjana JV nayaBaneswor Kathmandu<br>4. Sama/ Santosh JV Birgunj-17<br>5. Bishal&Birat/ Banshakti JV Thori-6 Parsa<br>6. RP Builders Pvt Ltd Gaur-8 Rautahat<br>7. Rosan/ Sagar JV Pidari Guthi-9 Parsa<br>8. SharadaNirmanSewa Lipanimal-3 Bara<br>9. Binayak Nirman Co. Pvt Ltd Sukuldhoka-8 Bhaktpur.<br>10. Panchakanya Engineering Solution (P) Ltd, Kupandol, Lalitpur |
| **२०७४/७/२७ गते दिनको १२:०० आर्थिक वोलपत्र खोलिने वोलपत्रहरु** | | |
| ३ | Construction of Integrated Office Building in Maulapur, Rautahat, Contract Identification No: DUDBC/Parsa/2074-075-NCB-01 | 1. Shivashakti/Dhananjaya/Chaudhary JV, Gaur -7, Rautahat<br>2. Rasuwa-Ashraya-Shah JV Basundhra-03, Kathmandu |

**सूचना नं. ३. वोलपत्र स्वीकृतिको आशयपत्रको सूचना**

यस कार्यालयबाट मिति २०७४ असार २७ गते प्रकाशित वोलपत्र आब्हानको सूचना बमोजिम दर्ता हुन आएका वोलपत्रहरु मध्ये तपशिलका कार्यहरुका लागि न्युनतम मूल्याङ्कित शारभूतरुपमा प्रभावग्राही वोलपत्रहरु स्वीकृतिका लागि छनौट गरिएकोले सार्वजनिक खरिदऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि सोही ऐनको दफा २७ बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कामको नाम र ठेक्का नं. | वोलपत्र स्वीकृतिका लागि छनौट गरिएको वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (VAT बाहेक) |
|---|---|---|---|
| १ | Construction of Laukaha Health Post Building, Rautahat-DUDBC/Parsa/NCB/Works/07/073/74 | Chaudhary/Shahu Construction JV Gaur-7, Rautahat | 1,96,07,396.17 |
| २ | Construction of Sarmajuwa Health Post Building, Rautahat-DUDBC/Parsa/NCB/Works/08/073/74 | Chaudhary/Shahu Construction JV Gaur-7, Rautahat | 1,74,86,785.54 |
| ३ | Construction of Inarwamal Health Post Building, Bara-DUDBC/Parsa/NCB/Works/09/073/74 | Chaudhary Construction JV Gaur-7, Rautahat | 1,85,02,804.51 |
| ४ | Construction of Ratanpuri Health Post Building, Bara-DUDBC/Parsa/NCB/Works/10/073/74 | Chaudhary/Aashis JV, Kalaiya Bara | 1,79,25,657.74 |

डिभिजन प्रमुख

# सिरियाली सेनाद्वारा आईएस नियन्त्रित अन्तिम शहर कब्जा

दमास्कस, (एजेन्सी)



सिरियाली सेनाले कट्टरपन्थी इस्लामिक समूह इस्लामिक स्टेटको कब्जामा रहेको दैर अल जौर शहरलाई आफ्नो नियन्त्रणमा लिएको छ। यो शहर सन् २०१४ देखि आईएसको कब्जामा थियो।

इराकको सीमानजिक भएकोले यो शहर आईएसका लागि रणनीतिकरूपमा अत्यन्त महत्त्वपूर्ण मानिएको थियो। सिरियाली सरकारी टेलिभिजन च्यानलले भनेको छ- ‘शहर अब आतंकवादबाट पूर्णरूपमा मुक्त भएको छ।’

यसैबीच सिरियाली सेना आफ्ना सहयोगीहरूसँग मिलेर इस्लामिक स्टेटको कब्जामा रहेको अन्तिम इलाका फिर्ता लिनका लागि संघर्ष गरिरहेको समाचारमा जनाइएको छ। यसअघि बेलायतस्थित सिरियाली अब्जरभेटरी फर ह्युमन राइट्सले सरकारी बलले कयौं हप्ता संघर्षपछि शहरलाई आफ्नो नियन्त्रणमा लिएको बताएको छ।

उक्त इलाकाका करिब साढे ३ लाख नागरिक आफ्नो घर छोड्न बाध्य भएका छन्। युफ्रेटस नदीको किनारामा बसेको शहर राक्का र इराकी सीमामा अवस्थित छ। सरकारको नियन्त्रणमा जानुअगाडि राक्कामा इस्लामिक स्टेटको हेडक्वाटर रहेको थियो।

इस्लामिक स्टेटले सीमाको दुवैतिरका भूभाग मिलाएर युफ्रेटस प्रान्तका रूपमा घोषित गरेका थिए। उक्त इलाकालाई आईएसले इराक र सिरियाबीच लडाकू, हतियार र सामान आवागमनका लागि प्रयोग गर्दै आइरहेको थियो। गत महिनामात्रै अमेरिका समर्थित सिरियन आमीले राक्कालाई आईएसबाट छुटाइएको थियो। सिरियन आर्मी समूहले गत सेप्टेम्बरमा दैर अल जोरमा आईएसको कब्जा समाप्त पार्दै ९३ हजार नागरिकलाई स्वतन्त्र बनाएका थिए।

इस्लामिक स्टेको नियन्त्रण अब दैर अल जौरको केही हिस्सामा मात्र सीमित रहन पुगेको छ।

### ७ सयभन्दा धेरैको हत्या

इराकको मोसुल शहरमा भएको संघर्षका क्रममा आईएसले कम्तीमा ७ सय ४१ जनाको हत्या गरेको संयुक्त राष्ट्र संघले जनाएको छ।

जिहादीहरूमाथि ठूलो संख्यामा नागरिकलाई अपहरण गरेको, मानव ढालका रूपमा प्रयोग गरेको, जबरजस्ती घरहरूलाई खाली गराएको र ज्यान जोगाएर भाग्ने प्रयास गरिरहेकामाथि हमला गरेको आरोप लगाइएको छ।

राष्ट्र संघका मानवअधिकार प्रमुख जीद राद अल हुसैनले भने- ‘यो जघन्य अपराध गर्नेहरू दोषीहरूले यसको जवाफ दिनुपर्छ।’

उनले इराकी सेनाबाट भएका उल्लंघनको पनि जाँच गर्ने बताएका छन्। युद्ध चरम अवस्थामा पुग्दा इराकी सेना र अमेरिकी नेतृत्वमा भएका हवाई हमलामा ४ सय ६१ नागरिकको ज्यान गएको उनले बताए। यो सन् २०१६ नोभेम्बरदेखि सन् २०१७ जुलाईबीचको घटना भएको जनाइएको छ।

## सरिफविरुद्धका मुद्दा मुल्तबीमा

इस्लामवाद, (एजेन्सी)

पाकिस्तानको एक अदालतले पूर्वप्रधानमन्त्री नवाज सरिफविरुद्धको भ्रष्टाचारको अभियोगका दुईवटा मुद्दाको सुनुवाइ आगामी सात नोभेम्बरसम्मका लागि मुल्तवीमा राखेको शुक्रबार जनाएको छ।

सरिफ र उनको परिवारका केही सदस्यले बेलायतको राजधानी लन्डनस्थित तिनीहरूको सम्पत्तिको स्वामित्वलाई लिएर मुद्दा खेपिरहेका छन्। तर तिनीहरूले आफूविरुद्धको अभियोग अस्वीकार गर्दै आफूहरूमाथि राजनीतिक पूर्वाग्रह राखिएको बताएका छन्।



६७ वर्षीय सरिफले गत जुलाईमा सर्वोच्च अदालतले उनको अघोषित सम्पत्तिलाई लिएर उनी सत्तामा बसिरहन अयोग्य रहेको ठहर गरेपछि राजीनामा दिएका थिए। उक्त अदालतले राष्ट्रिय जिम्मेवार ब्युरोलाई सरिफ परिवारको विशाल सम्पत्तिका बारे अनुसन्धान गर्दै मुद्दा चलाउन पनि आदेश दिएको छ।

हप्तौं लामो हल्लापछि सरिफ बिहीबार लन्डनबाट पाकिस्तान फर्केका छन्। आफ्नी पत्नीको क्यान्सरको उपचार चलिरहेका कारण सरिफ पाकिस्तानमा बस्दै आएका हुन्। शुक्रबार बिहान पूर्वप्रधानमन्त्री सरिफ आफ्नी छोरी मरयाम र ज्वाइँसँगै इस्लामावादको जवाफदेही अदालतमा उपस्थित भएका थिए।

इस्लामावादको उच्च अदालतबाट बिहीबार नै यस अदालतले एउटा आदेश प्राप्त गरिसकेकाले केही छिनपछि नै सरिफको मुद्दा मुल्तबीमा रखिएको थियो। गत जुलाईमा राजीनामा दिँदाखेरी सरिफ तेस्रो कार्यकालमा रहेका थिए। त्यसअघि उनी सन् १९९० को नोभेम्बरदेखि जुलाई १९९३ र सन् १९९७ को फेब्रुअरीदेखि १९९९ को अक्टोबरसम्म प्रधानमन्त्री रहेका थिए।

## न्युयोर्क ट्रक आक्रमणकारीलाई मृत्युदण्ड दिनुपर्छ : *ट्रम्प*

वासिङ्टन, (एजेन्सी)



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले न्युयोर्कका संदिग्ध आक्रमणकारीलाई मृत्युदण्ड दिनुपर्छ भन्ने आफूले चाहेको बताएका छन्।

यसअघि ट्रम्पले न्युयोर्कका ट्रक आक्रमणकारी सैफुल्लो साइपोवलाई ग्वान्टानामो जेल पठाइने बताएका थिए तर अहिले यो प्रक्रियामा लामो समय लाग्ने भएको बताउँदै त्यसबाट पछाडि हटेका छन्।

आक्रमणकारीले न्युयोर्कमा आक्रमण गर्दा ‘आफूलाई राम्रो लागेको’ र धेरैभन्दा धेरै मान्छे मार्न चाहेको प्रहरीलाई बताएका थिए। बुधबार भएको आक्रमणमा ८ जनाको मृत्यु भएको थियो र ११ अन्य घाइते भएका थिए। मारिनेमा पाँच जना अर्जेन्टिनाका नागरिक थिए। उनीहरू ग्र्याजुएसन भएको ३० वर्ष पूरा भएको खुसियाली मनाउन त्यहाँ पुगेका थिए। तीबाहेक मारिनेमा एकजना बेल्जियमकी एक महिला र दुई अमेरिकी नारिक छन्। आक्रमणकारी इस्लामिक स्टेटबाट प्रभावित रहेको प्रहरीले बताए। अमेरिकी अधिवक्ताहरूले साइपोवमाथि न्युयोर्कमा आतंक फैलाएको आरोप लगाएका छन्। साइपोवविरुद्ध इस्लामिक स्टेटका लागि संसाधन जुटाएको आरोप पनि तय गरिएको छ।

सन् १९८८ मा जन्मेका अमेरिकी ग्रिनकार्डवाहक सैफुल्लो साइपोव ओहायो, फ्लोरिडा र न्युजर्सीमा बसेका थिए। उनी तीन बच्चाका पिता भएको जनाइएको छ। अमेरिका आएपछि साइपोवको झुकाव इन्टरनेटको माध्यमबाट कट्टरपन्थीतर्फ भएको बताइएको छ।

उनले धरै पढाइलेखाइ नगरेको र अमेरिका आउनुअगाडि उनलाई कुरानका बारेमा पनि कुनै जानकारी नभएको उनीसँग नजिकको सम्बन्ध भएको ब्लगर मुमीनोवले बताए। साइपोव ड्राइभरको काम नपाउँदा अत्यन्त चिन्तित बनेको र डिप्रेसनमा पुगेको उनले बताए। काम नपाएकामा उनी आक्रोसित पनि थिए।

आफ्नो कट्टरपन्थी विचारका कारण उनी प्राय: उज्वेकीहरूसँग विवाद गर्थे र पछि उनी फ्लोरिडामा गएको उनले बताए।

पञ्चायत काल र बहुदलीय व्यवस्थामा गरी राप्रपा र स्वतन्त्रबाट चार पटकसम्म वीरगञ्जको मेयर भइसकेका श्रीवास्तव, लोकतान्त्रिक फोरम कांग्रेसमा विलय भएपछि गत शुक्रबार फोरम नेपालमा प्रवेश गरेका थिए।

# टिकट नदिएपछि रातारात पार्टी परिवर्तन

कृष्णउदास खनाल, वीरगन्ज

यही मंसिर २१ गते हुने दोस्रो चरणको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि टिकट नदिएपछि संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी (राजपा) का महासचिव र जिल्ला अध्यक्षसहित आधा दर्जनभन्दा बढी नेताले पार्टी परित्याग गर्दै अन्य दल र स्वतन्त्रतर्फबाट उम्मेदवारी दिएका छन्।

राजपाका महासचिव शिव पटेलले पार्टी परित्याग गरी प्रदेशसभा सदस्यका लागि स्वतन्त्र रूपमा पर्साको क्षेत्र २ (ख) मा उम्मेदवारी दिएका छन्। यस्तै राजपाकै अर्का महामन्त्री महम्मद कदम रसुलले पनि पार्टी परित्याग गर्दै नेपाल संघीय समाजवादी पार्टीका तर्फबाट प्रतिनिधिसभा सदस्यका लागि पर्सा क्षेत्र १ मा उम्मेदवारी दिएका हुन्। यस्तै चुनावै पिच्छे दल परिवर्तन गर्ने नेताका रूपमा परिचित वीरगन्जका पूर्वमेयर विमल श्रीवास्तवले पनि प्रतिनिधिसभा सदस्यका लागि पर्सा २ मा फोरम नेपालका तर्फबाट बिहीबार उम्मेदवारी दर्ता गराएका छन्।

स्थानीय तहको निर्वाचनमा नेपाल लोकतान्त्रिक फोरमका तर्फबाट वीरगन्ज महानगरको मेयरमा चुनाव लडेका श्रीवास्तव पराजित भएपछि गत शुक्रबार उनी फोरम नेपालमा प्रवेश गरेका थिए। स्थानीय तह निर्वाचनमा अघि राजपाको महामन्त्री रहेका श्रीवास्तवलाई पार्टीले टिकट नदिएपछि मनोनयनको एक दिन अघि राजपा परित्याग गरी लोकतान्त्रिक फोरममा प्रवेश गरी उनले वीरगन्जको मेयरमा उम्मेदवारी दिएका थिए।

पञ्चायत काल र बहुदलीय व्यवस्थामा गरी राप्रपा र स्वतन्त्रबाट चार पटकसम्म वीरगन्जको मेयर भइसकेका श्रीवास्तव, लोकतान्त्रिक फोरम कांग्रेसमा विलय भएपछि गत शुक्रबार फोरम नेपालमा प्रवेश गरेका थिए।

पार्टीले टिकट नदिएपछि राजपाका जिल्ला अध्यक्ष मण्डलका सदस्य इमदाद गद्दीले पनि पार्टी परित्याग गरी नेपाल संघीय समाजवादी पार्टीका तर्फबाट प्रतिनिधिसभा सदस्यका लागि पर्साको क्षेत्र नम्बर ४ मा बिहीबार मनोनयन दर्ता गराएका छन्।

राजपाकै महिला मञ्चकी जिल्ला अध्यक्ष अनिता रौनियारलाई पार्टीले टिकट नदिएपछि उनले नेकपा मालेका तर्फबाट प्रदेशसभा सदस्यका लागि पर्साको क्षेत्र नम्बर १ (ख) मा उम्मेदवारी दर्ता गराएकी छन्। राजपाको जिल्ला कार्य समितिले प्रदेशसभा सदस्यका लागि रौनियारको नाम सिफारिस गरे पनि राजपाको केन्द्रीय कार्य समितिले अन्तिम समयमा उनको नाम उम्मेदवारको सूचीबाट हटाएपछि उनले मालेका तर्फबाट बिहीबार मनोनयन दर्ता गराएकी हुन्।

यस्तै राजपाको वीरगन्ज कार्यसमितिका अध्यक्ष ओमप्रकाश सर्राफले पनि बिहीबार पार्टी परित्याग गर्दै प्रदेशसभा सदस्यका लागि पर्साको क्षेत्र नम्बर १ को 'ख' मा स्वतन्त्र उम्मेदवारी दिएका छन्। उनको नाम पनि राजपाको जिल्ला कार्य समितिले केन्द्रिय कार्य समितिमा सिफारिस गरेको थियो।

फोरम नेपालका नेता विन्ध्याञ्चल ठाकुरले पनि प्रदेशसभा सदस्यका लागि पर्साको क्षेत्र नम्बर ३ को 'ख' मा स्वतन्त्र उम्मेदवारी दिएका छन्। फोरम नेपालकै अर्का नेता शम्भु गुप्तालाई पनि अन्तिम समयमा पार्टीले टिकट नदिएपछि उनी बिहीबार बिहान नेकपा एमालेमा प्रवेश गरेका थिए। उनले बिहीबार अपरान्ह निर्वाचन अधिकृतको कार्यालयमा पुगेर प्रदेशसभा सदस्यका लागि वाम गठबन्धनका तर्फबाट पर्साको क्षेत्र नम्बर १ को 'ख' मा मनोनयन दर्ता गराएका हुन्।

जिल्ला कार्य समितिले प्रदेशसभा सदस्यका लागि आषनो नाम सिफारिस गरेको भएपनि केन्द्रीय कार्यसमितिले टिकट नदिएपछि शीर्ष नेतृत्वलाई व्यङग्य प्रहार गर्न राजपाका केन्द्रीय उपाध्यक्ष सुरेन्द्र कुर्मीले बिहीबार बिहान वीरगन्जमा ५ किलो लड्डु सर्वसाधारण र आफ्ना समर्थकलाई बाँडेका थिए। स्वतन्त्र रूपमा उम्मेदवारी दर्ता गराएका नेता तथा कार्यकताहरूले कुनै पनि हातलमा उम्मेदवारी फिर्ता नलिने बताएका छन्। पार्टीले अपमान गरेका कारण उम्मेदवारी फिर्ता लिने सम्भावना नै नभएको राजपाका महामन्त्री शिव पटेलले बताए।

टिकट वितरणमा जिल्लास्थित मुख्य पार्टीमा पनि असन्तोष देखिएको छ। वाम गठबन्धनभित्र पनि विवाद रहेको पाइएको छ। माओवादी केन्द्रका युवा नेताहरू बालकृष्ण श्रेष्ठ, प्रभु यादवलगायतका नेताहरूले हिजोको जनयुद्धका समयमा त्याग र यातनासमेत खेपेकालाई उपेक्षा गरिएको भन्दै असन्तुष्टि जनाएका छन्। उनीहरूले पार्टीका केही नेताले पैसा लिएर नै टिकट दिएको भन्दै आफ्नो सामाजिक सञ्जालमार्फत चर्को असहमति जनाएका छन्।

खासगरी केही महिनाअगाडि मात्रै माओवादीमा प्रवेश गरेका रहबर अन्सारीलाई वीरगन्जको मेयर पद दिनु र सो पदमा उनी असफल भए पनि फेरि उनलाई प्रदेशसभा सदस्यको उम्मेदवार बनाइएपछि भने माआवादी पर्सामा ब्यापक असन्तुष्टि देखिएको हो।

# महानिरीक्षक श्रेष्ठबाट हुल तथा दंगा व्यवस्थापन तालिम समापन

नेपाल समाचारपत्र

पोखरा



सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठले सशस्त्र प्रहरी बल नेपाल तालिम महाविद्यालय लामापाटन पोखरामा सञ्चालित सि.सं. २४३ हुल तथा दंगा व्यवस्थापन तालिमको सोही महाविद्यालयमा आयोजित एक समारोहका बीच समापन गर्नुभयो।

सो अवसरमा उहाँले तालिमका सर्वोत्कृष्ट प्रशिक्षार्थी सशस्त्र प्रहरी निरीक्षक रामबहादुर पाली बोगटीलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो। तालिमका प्रशिक्षार्थीहरूलाई सम्बोधन गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक श्रेष्ठले अर्ध सैनिक प्रकृतिको संगठनमा तालिमको महत्व र अपरिहार्यता उच्च रहने बताउनुहुँदै शारीरिक एवं मानसिक रूपमा चुस्त र तन्दुरुस्त राख्न तालिमले अहम् भूमिका खेल्ने उल्लेख गर्नुभयो।

उहाँले सशस्त्र प्रहरी ऐनमा उल्लेख भएबमोजिम देशको कुनै पनि भागमा भएको वा हुन सक्ने दंगा व्यवस्थापन गर्नु एपीएफको मुख्य जिम्मेवारी हो भन्नुहुँदै संगठनका राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरूले विद्यमान कानुन, नीतिनियम तथा मानवअधिकारको अक्षरस पालना गर्दै व्यावसायिक ढंगबाट कुशलतापूर्वक दायित्व निर्वाह गर्दै आइरहेको बताउनुभयो।

सशस्त्र प्रहरी महानिरीक्षक श्रेष्ठले मुलुक निर्वाचनको मुखमा रहेको चर्चा गर्नुहुँदै जुनसुकै स्थानमा खटिइदा पनि प्राप्त जिम्मेवारीलाई त्रुटिरहित एवं उत्कृष्ट तवरबाट पुरा गर्न अझै बढी संवेदनशील र इमानदार भएर संगठनको छवि उच्च हुने स्तरबाट पदीय कार्यकुशलता प्रदर्शन गर्न निर्देशन दिनुभयो।

सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक शैलेन्द्र खनालले धन्यवाद ज्ञापनको क्रममा हुल तथा दंगा व्यवस्थापनको अवस्थामा कम मानवीय क्षति, मानव अधिकारको संरक्षण एवं संवर्द्धन राष्ट्रिय सम्पत्तिको संरक्षण, प्रचलित कानुनी व्यवस्था, न्यूनतम बल प्रयोगको सिद्धान्तलगायतका विविध विषयहरूमा सैद्धान्तिक एवं व्यवहारिक ज्ञान दिलाउन संगठनले यस किसिमका उन्नत तालिमको व्यवस्था गरेको उल्लेख गर्नुभयो।

उहाँले तालिमको दौरानमा प्रशिक्षार्थीहरूले आर्जन गरेको ज्ञान, अनुभव र सीपले व्यावसायिक कार्यसम्पादनमा सहजता ल्याउनुका साथै वृत्तिविकासमा समेत टेवा पुर्‍याउने बताउनुहुँदै यस्ता तालिम चुस्त, दुरुस्त र सक्षम कमान्डर बन्न सहयोगी रहने चर्चा गर्नुभयो।

कार्यक्रममा सो तालिम महाविद्यालयका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक वंशीराज दाहालले तालिमसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुहुँदै ज्ञान, सीप र क्षमता अभिवृद्धिका लागि तालिम सहायकसिद्ध ठहरिने विश्वास व्यक्त गर्नुभयो। गत भदौ ११ गतेबाट सञ्चालित आठ हप्ता अवधिको सो तालिममा १० जना सशस्त्र प्रहरी नायब उपरीक्षकसहित कूल ४३ जना सिनियर अधिकृतहरू प्रशिक्षार्थीको रूपमा सहभागी रहेका थिए।

## समानुपातिकबाट प्रत्यक्षतर्फ

हेटौंडा, (नेस)

मकवानपुर प्रादेशिक क्षेत्र नं १ (ख) मा विवेकशील साझा पार्टीबाट प्रतिभा डंगोलले उम्मेदवारी दिएकी छिन्। पार्टीको समानुपातिक निर्वाचनको बन्दसूचीमा परेकी डंगोलले प्रत्यक्षमा उम्मेदवारी दिने इच्छा देखाएकाले समानुपातिकबाट उम्मेदवारी फिर्ता लिएपछि डंगोललाई प्रत्यक्षमा उम्मेदवार घोषणा गरिएको हो।

समाज परिवर्तनमा शिक्षाको महत्त्वपूर्ण भूमिका हुने विश्वास राख्ने डंगोलले फिनल्यान्डलगायत देशमा प्रयोग भइरहेको पठनपाठन विधिलाई नेपालमा प्रयोगात्मक रूपमा अघि बढाउन कमाने एकेडेमी नामक विद्यालय सञ्चालन गरिरहनुभएको छ।

शिक्षा संकायमा स्नातकोत्तर डंगोल करिब १५ वर्षदेखि शिक्षा क्षेत्रको सुधारमा अग्रसर रहनुभएको छ। परम्परागत घोकन्ते शिक्षाको सट्टामा भयरहित, व्यवहारिक तथा प्रयोगात्मक शिक्षा जसमा विद्यार्थीले परीक्षामा धेरै अंक ल्याएर प्रथम हुने दौडको सट्टामा भविष्यका लागि आवश्यक क्षमता अभिवृद्धिका लागि प्रयत्नशील बन्ने वातावरण रहोस् भन्ने डंगोलको धारणा छ।

## नयाँ शक्तिको जिल्ला कमिटी एमालेमा प्रवेश

दैलेख, (नेस)

बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति पार्टी नेपाल जिल्ला कार्य समिति दैलेखका नेता तथा कार्यकर्ता एमालेमा प्रवेश गरेका छन्।

नेकपा एमाले र नेकपा माओवादी केन्द्रको वाम गठबन्धनले शुक्रबार दैलेखमा आयोजना गरेको पार्टी प्रवेश तथा अगुवा पार्टी कार्यकर्ता प्रशिक्षण कार्यक्रममा नयाँ शक्ति पार्टीको जिल्ला कार्य समिति नै एमालेमा प्रवेश गरेको हो।

नयाँ शक्ति पार्टीका केन्द्रीय सदस्य वीरबहादुर भण्डारी, केन्द्रीय परिषद् सदस्य रामप्रसाद शर्मा एमालेमा प्रवेश गरेका छन्। यस्तै नयाँ शक्ति पार्टीका जिल्ला कमिटी सचिव बमबहादुर रावतलगायतका जिल्ला कमिटिका नेता एमालेमा प्रवेश गरेको नेकपा एमाले दैलेखका अध्यक्ष रविन्द्रराज शर्माले जानकारी दिएका छन्।

यस्तै शुक्रबार नेकपा एमाले र नेकपा माओवादी केन्द्रको वाम गठबन्धनले दैलेखमा अगुवा पार्टी कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ। संयुक्त भेलाले संयुक्त जिल्ला संयोजन समिति गठन गरेको एमाले अध्यक्ष शर्माले जानकारी दिए। पार्टी एकतासहित आसन्न प्रतिनिधि र प्रदेश सभा निर्वाचनमा एक ढिक्का भएर लाग्न गठबन्धनका जिल्ला स्तरीय शीर्ष नेतृत्वले कार्यकर्तालाई निर्देशनसमेत दिएका छन्।

# जुम्लाका ४१ मतदानस्थल अति संवेदनशील

नन्दराम जैशी, जुम्ला

आसन्न प्रतिनिधि तथा प्रदेश सभाको निर्वाचनका लागि जुम्लाका ४१ मतदान स्थललाई अति संवेदनशील स्थलको रूपमा राखिएको छ। सुरक्षा संवेदनशीलताका आधारमा ७६ वटा मतदान स्थलमध्ये ४१ वटालाई अतिसंवेदनशील स्थलका रूपमा राखिएको हो। सुरक्षा चुनौतीको विश्लेषणका आधारमा जिल्ला सुरक्षा समितिले जिल्लाका मतदान केन्द्रको वर्गीकरण गरेको सहायक प्रहरी निरिक्षक ताराबहादुर रेउलेले बताउनुभयो। ११ वटा मतदान केन्द्रलाई सामान्य र १४ वटा मतदान केन्द्रलाई संवेदनशील मतदान स्थलको रूपमा वर्गीकरण गरिएको छ।

जिल्लामा ७६ मतदान स्थलअन्तर्गत ९० वटा मतदान केन्द्र तोकिएको छ। सुरक्षा थ्रेट र प्रहरीलाई प्राप्त विभिन्न सूचनाका आधारमा हामीले ती मतदान स्थललाई अतिसंवेदनशील स्थलका रूपमा राखिएको जिल्ला प्रहरी कार्यालय जुम्लाले जनाएको छ। स्थानीय प्रशासनले जुम्लामा खास गरी नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीबाट सुरक्षा चुनौती महशुस गरेको छ।

सुरक्षा निकायले वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धनको प्रतिस्पर्धी चुनावी भएकाले आ-आफ्ना नेतृत्वलाई जिताउनका लागि नेता कार्यकर्ता, युवाहरूलाई परिचालन गर्दा २ पक्षबीच दोहरो झडप हुने खतरा पनि देखिएको छ।

सुरक्षा निकायले मतदान स्थललाई देशभर सामान्य, संवेदनशील र अतिसंवेदनशील गरी तीन भागमा विभाजन गरेर सोहीअनुसार सुरक्षाकर्मी परिचालन गर्ने भएको छ। अतिसंवेदनशील मतदान स्थलमा सुरक्षाकर्मी पनि अन्यको तुलनामा बढी नै परिचालन गर्ने व्यवस्था छ।

जसमा ३ घेरामा सुरक्षाकर्मी परिचालन गरिनेछ। पहिलो घेरामा म्यादी प्रहरी त्यसपछि नेपाल प्रहरी र त्यसपछि बाहिरी घेरामा सशस्त्र प्रहरी परिचालन गरिने भएको छ।

नेपाली सेनाले अतिसंवेदनशील स्थलमा गस्ती व्यवस्था मिलाइरहेको स्थानीय प्रशासनले जनाएको छ। जुम्ला भौगोलिक रूपमा विकट रहेकाले मतदान स्थलमा यातायात र सञ्चारको सहज पहुँच पुग्न नसकेका कारण धेरैजसो मतदान स्थललाई संवेदनशील मतदान स्थलका रूपमा राखिएको छ।

जिल्लामा यसपटक ३ स्थानमा मतदान केन्द्र थप गरिएका छन्। १ हजार ६४ मतदाताबराबर १ मतदान केन्द्र तोकिने निर्वाचन आयोगको नियमअनुसार जिल्लामा योपटक तीनवटा मतदान केन्द्र थप गरिएको निर्वाचन अधिकारी खुमप्रसाद सुवेदीले बताउनुभयो।

निर्वाचन कार्यालयका अनुसार निर्वाचन सफल बनाउनका लागि मतदाता शिक्षा, निर्वाचन र सञ्चार तालिम जनशक्ति व्यवस्थापनलगायतका गतिविधिहरू तीव्र गतिमा सञ्चालन भइरहेका छन्। मंसिरमा हुने निर्वाचनका लागि जुम्लाका ५९ हजार ५८ मतदाताले आफ्नो मताधिकारको प्रयोग गर्नेछन्। उक्त निर्वाचनमा प्रतिनिधि सभाका लागि ३ दलका ३ जना उम्मेदवार र प्रदेश सभाका दुई निर्वाचन क्षेत्रका लागि ६ दलका १० जना उम्मेदवारहरू मैदानमा उत्रिएका छन्।

# आमसञ्चारको योगदान बारे अन्तरक्रिया



नेपाल समाचारपत्र

ललितपुर

कुमारीपाटीस्थित निम्स उच्च माध्यमिक विद्यालयमा आमसञ्चार तथा पत्रकारिता अध्ययन गर्ने विद्यार्थीहरूले आमसञ्चारको योगदानका विषयमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेका छन्।

काभ्रेको पाँचखालमा अवस्थित सर्वमंगला उच्च माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई आमसञ्चारको प्रभाव तथा योगदानका विषयमा जानकारीमूलक अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको हो।

प्रयोगात्मक कार्यअन्तर्गत आयोजना गरिएको उक्त कार्यक्रममा विद्यार्थीहरूले सामाजिक रूपान्तरण, स्वास्थ्य सरसफाई, वातावरणीय संरक्षण तथा विद्युतीय माध्यमबाट हुने गरेका अपराध न्यूनीकरणका लागि आमसञ्चारले पुर्‍याउन सक्ने भूमिका र योगदानका विषयमा जानकारी गराएका थिए।

कार्यक्रममा सामाजिक सञ्जालका माध्यमको प्रयोग बारे विद्यार्थीहरूमा सर्वेक्षण पनि गरिएको थियो। विद्यार्थीहरूले सामाजिक सञ्जाल के-कसरी र कुन प्रयोजनका लागि प्रयोग गर्ने भन्ने विषयमा सर्वेक्षण गरिएको थियो।

सोही अवसरमा मेन्स रुम रिलोडेड (एमआरआर) बाट प्राप्त भएको किताब विद्यालयका प्रधानाध्यापक छत्रपति इसरलाई हस्तान्तरण पनि गरियो।

### उम्मेदवार...

उहाँले भन्नुभयो- 'अन्तिम अवस्थासम्म पनि मलाई टिकट पाउने निश्चित भएको स्वयम् अध्यक्ष प्रचण्डले नै बताउनुभएको थियो, तर टिकट लिने बेलामा मेरो नाम रातारात काटियो र नेताका आफन्तलाई दिइयो।'

दुवै पार्टीका शीर्ष नेताहरूले वामपन्थी गठबन्धन बनेकाले नेता र कार्यकर्तालाई परिस्थिति बुझिदिन आग्रह गर्ने गरेका छन्। 'तर कार्यकर्ताको भावनामाथि नै चोट पुर्‍याउने गरी गरिएको निर्णयले कार्यकर्तामा निराशा छाएको छ' -उहाँले भन्नुभयो।

शुरुदेखि अन्तिमम्म नै एमाले र माओवादीभित्र टिकट पाउने प्रबल सम्भावना रहेका नेताहरूलाई अन्तिम समयमा आएर टिकट पाउनबाट दुवै पार्टीका शीर्ष नेताहरूले वञ्चित गराएका थिए। टिकट वितरण गरेर शीर्ष नेताहरू आ-आफ्नो निर्वाचन क्षेत्रमा चुनावी अभियानमा जुटे पनि नेता र कार्यकर्तामा भने टिकट वितरणको असन्तुष्टि उत्कर्षमा पुगेको छ।

वामपन्थी दुवै पार्टीले निर्वाचनमा टिकट वितरण गर्नका लागि मापदण्ड बनाए पनि ती मापदण्डलाई पाखा लगाउँदै नातागोता हावी भएको भन्दै शीर्ष नेताको चर्को आलोचना शुरू भएको छ। आगामी निर्वाचनमा दुई तिहाई बहुमत ल्याउने दाबी गरेको वामपन्थी गठबन्धनले टिकट वितरणमा भने पार्टीभित्र योगदान गरेको भन्दा पनि नातागोतालाई टिकट वितरण गरेको भन्दै असन्तुष्टि चुलिएको छ।

### छात्रवृत्ति...

कक्षा ११ अध्ययन गरिरहेका विद्यार्थीले कक्षा १२ लाई निरन्तरता दिएपछि मात्रै छात्रवृत्ति पाउने व्यवस्था गरिएको छ।

समितिद्वारा कक्षा ११ र १२ मा प्रतिवर्ष ५ सय र स्नातक तहमा २ हजार ५ सय विद्यार्थीलाई प्रदान गरिने उल्लेख गरिएको थियो। गरिब लक्षित पन्चवर्षीय परियोजनाअन्तर्गत सो छात्रवृत्ति १४ हजारभन्दा धेरै विद्यार्थी लाभान्वित भएको र हाल उच्च शिक्षा सुधार परियोजनाअन्तर्गत सञ्चालित यो कार्यक्रमले ९ हजार ५ सय विद्यार्थीलाई छात्रवृत्ति दिने योजना रहेको छ।

समितिमार्फत् पहिलो वर्षमा ७ करोड र दोस्रो वर्षका लागि १६ करोड रुपियाँ वितरण गरिएको थियो। उक्त समूहका कक्षा ११ र १२ मा विज्ञान विषय तथा स्नातक तहमा जुनसुकै विषय लिएर अध्ययन गरिरहेका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिएको छ।

यस्ता विद्यार्थीलाई कक्षा ११ र १२ मा अध्ययन अवधिभर अधिकतम २८ हजार तथा स्नातक तहको अध्ययनका लागि अध्ययन अवधिभर तीन वर्षे कार्यक्रम भए अधिकतम् ५४ हजार र चार वर्षे भए अधिकतम् ७२ हजार किस्ताबन्दीमा उपलब्ध गराइने कार्यकारी निर्देशक ढुंगेलले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'छात्रवृत्ति रकम सिधै राष्ट्रिय वाणिज्य बैंकमा विद्यार्थीको खातामा उपलब्ध गराइन्छ।' समितिले छात्रवृत्ति प्राप्त गर्ने सबै विद्यार्थीलाई शून्य ब्यालेन्समा खाता खोल्ने व्यवस्था गरेको छ। छात्रवृत्ति पाउने विद्यार्थीले समितिको कार्यालय, सबै जिल्ला शिक्षा कार्यालय, राष्ट्रिय परीक्षा बोर्डको कार्यालय र समितिको वेबसाइटमार्फत् फाराम भर्ने व्यवस्था गरेको छ।

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
केद्रीय पञ्जीकरण विभाग
बबरमहल, काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने सम्वन्धी आशयको सूचना**

**सूचना प्रकाशित मिति: २०७४।०७।१८ गते।**

यस विभागको मिति २०७४।६।१० मा केन्द्रीय पञ्जीकरण विभागको भवन स्तरोन्नति सूचना नं. १ (DoCR/Repair/NCB-01/074/75) सम्वन्धी प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये पिण्डेश्वरी कन्सट्रक्सन कम्पनी, ललितपुरले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई विभागको निर्णयानुसार स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्वन्धित सवैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।
कुल कबोल अंक मु.अ.क. सहित रु ३९,२३,७५४।- (अक्षरेपी उनान्चालिस लाख तेईस हजार सात सय चौवन्न रुपैया मात्र)।

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय
जिल्ला जनस्वास्थ्य कार्यालय
ललितपुर

**औषधी तथा औषधीजन्य सामाग्री खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको १५ दिने सूचना।**

**प्रथम पटक प्रकाशित मिति : २०७४/०७/१८**

यस कार्यालयलाई आ. व. २०७४/०७५ को लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरु शिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नु पर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक फर्म, कम्पनी वा संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रीतपूर्वक शिलबन्दी दरभाउ भरी रु. १०।- को टिकट टाँस गरी पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ। साथै अन्य कुनै कुराको जानकारी आवश्यक परेमा जिल्ला जनस्वास्थ्य कार्यालय, ललितपुरको स्टोर/लेखा शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ।



# अर्थ

{ १० वर्षभित्र प्रतिव्यक्ति आय कम्तीमा ५ हजार अमेरीकी डलर पुग्ने गरी राष्ट्रिय अर्थतन्त्र विकासको थालनी गरिने छ। वि.सं. २०९९ सम्म नेपाललाई समुन्नत राष्ट्को स्तरमा पुऱ्याउने गरी आर्थिक र विकासका योजना र कार्यक्रम अगाडि बढाइने जनाएको छ।

नेपालको पहिलो अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणित सिमेन्ट उद्योग



कम्प्युटराइज्ड प्रविधिबाट उत्पादित
नेपाल गुणस्तर प्रमाण - चिन्ह प्राप्त

अन्तर्राष्ट्रिय स्तरको नेपाली सिमेन्ट
तेज सिमेन्ट

# वाम गठबन्धनका महत्त्वाकांक्षी आर्थिक एजेन्डा

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन नेकपा एमाले र नेकपा माओवादी केन्द्रको संयुक्त निर्वाचन घोषणापत्र जारी गरिएको छ। घोषणापत्रमा आगामी ५ वर्षभित्र अधिकांश ठूलो योजना निर्माण गरी मुलुकको अर्थतन्त्र उकास्ने कुरा उल्लेख गरिएको छ।

राष्ट्को मुख्य कार्यभार तीव्र आर्थिक विकास र सामाजिक न्यायसहितको उच्चस्तरको समृद्धि भएकाले तदनुरूप कार्यक्रम, मुल कार्यनीति र कार्ययोजना निर्माण गरिने संयुक्त घोषणापत्रमा जनाइएको छ। गरिबी, बेरोजगारी, असमानता एवम् परनिर्भरताको अन्त्य, उत्पादक शक्ति, उत्पादकत्व एवम् उत्पादनमा तीव्र वृद्धि, सामाजिक न्याय एवम् न्यायोचित वितरणसहितको आर्थिक समृद्धि, आत्मनिर्भर अर्थतन्त्रको विकास र समग्रमा समाजवादउन्मुख राष्ट्रिय औद्योगिक आर्थिक क्रान्तिलाई आफ्नो मूल आर्थिक कार्यदिशा र मार्गचित्र हुने जनाइएको छ।

### ऊर्जा

आगामी पाँच वर्षमा सबै उत्पादन क्षेत्र, औद्योगिक क्षेत्र र सडकमा २४सैं घण्टा पर्याप्त विद्युत् उपलब्ध गराइने छ। उत्पादन, भण्डारण, वितरण, पारिवारिक चुलो, होटल, रेष्टुरेन्टहरूमा विद्युत् ऊर्जा प्रयोग गरिने छ। आगामी ३ वर्षमा काठमाडौं उपत्यकाभित्र विद्युतीय सवारी साधन मात्र उपयोग गर्ने कार्ययोजना लागू गरिने छ। आगामी १० वर्षमा जल, जैविक, सौर्य, वायु, फोहर प्रशोधन र अन्य वैकल्पिक माध्यमबाट २० हजार मेगावाट विद्युत् उत्पादन गरिने छ। आन्तरिक खपतबाट बचेको उत्पादित ऊर्जा भारत, चीन र बंगलादेशको बजारमा निर्यात गर्न विशेष योजना कार्यान्वयन गरिने छ। अबको १० वर्षमा सम्पन्न हुने गरी कर्णाली चिसापानी, बूढीगण्डकी, पश्चिम सेती, नलसिंहगाड, उत्तर गंगा, नौमुरे, माथिल्लो झिम्रुक, सुनकोशी-१, सुनकोशी-२, तमोर, तामाकोशी- ३ लगायत परियोजनाको कार्यान्वयन तीव्र गतिमा अगाडि बढाइने छ।

'घर-घरमा बिजुली : जन-जनमा शेयर' नीति लागू गर्दै आकर्षक जलविद्युत् परियोजनामा जनता र सरकारको संयुक्त लगानी प्रवर्द्धन गरिने छ। सरकार बनेको पहिलो वर्षमै पूर्व-पश्चिम राजमार्गको समानान्तर र रसुवागडी-काठमाडौं-वीरगन्जसम्म ७ सय ६५ केभी विद्युत् प्रसारणलाइनहरू जडान शुरु गरिने छ। आगामी ५ वर्षमा कर्णाली, गण्डकी र कोशी करिडोर तथा मध्यपहाडी पुष्पलाल राजमार्गको समानान्तर उच्च क्षमताका प्रसारण लाइन जडान गरिने भनिएको छ।

### कृषि

दुई वर्षभित्र नेपाललाई आधारभूत खाद्यान्न तथा माछा, मासु, अण्डा र दूधमा आत्मनिर्भर बनाइने र पाँच वर्षभित्र खाद्यान्न निर्यात गर्ने अवस्थामा पुऱ्याइने छ। कृषि फार्ममा व्यापक रूपमा डेरी, पोल्ट्री, पशुपंछी, मौरी र माछा पालन र खाद्य, फलफूल तथा गैर खाद्य कृषिको उत्पादन गरिने छ। बीउ सुरक्षा कार्यक्रम लागू गरिने बताइएको छ।

सम्पूर्ण कृषि उत्पादनलाई औद्योगीकरण गरिने छ। विभिन्न क्षेत्रमा कृषि बजारमा आधारित आधुनिक औद्योगिक शहर विकास गरिने छ। ग्रामिण क्षेत्रका जनतालाई यिनै शहरमा पुर्नस्थापित गरिने छ। कृषि उत्पादन, भण्डारण र वितरणमा अत्याधुनिक प्रविधिको प्रयोग र यान्त्रिकीकरण गरिने छ। सबै किसिमको खाद्य तथा अखाद्य कृषि बाली र पशुपंक्षी व्यवसायमा बीमा व्यवस्था लागू गरिने छ। कृषि उत्पादनमा आवश्यक रासायनिक र प्रांगारिक मल देशभित्रै उत्पादन गरिने उल्लेख छ।

### यातायात पूर्वाधार

काठमाडौं-तराई द्रूत मार्ग ४ वर्षभित्र निर्माण गरिने छ। पूर्व-पश्चिम राजमार्गलाई ५ वर्षभित्र ८ र ६ लेनमा स्तरोन्नी गर्ने, हुलाकी राजमार्गलाई ३ वर्षभित्रमा ४ र ६ लेनमा स्तरोन्नत गरिने छ। राष्ट्रव्यापी सडक सञ्जाल निर्माण गर्दा आवश्यकता अनुसार उच्च पुल र सुरुङ प्रविधिको व्यापक प्रयोग गरिने बताइएको छ। उत्तर-दक्षिण राजमार्ग तथा तराईका सबै जिल्लामा राजमार्गदेखि नेपाल-भारत सीमानासम्म ४ र ६ लेनका राजमार्ग निर्माण गरिने छ। हिमाली जिल्लाका सदरमुकामदेखि नेपाल-चीन सीमानासम्म २ र ४ लेनका राजमार्ग निर्माण गरिने छ। ५ वर्षमा पूर्व-पश्चिम राजमार्ग, पूर्वपश्चिम औद्योगिक करिडोर राजमार्ग, मध्यपहाडी पुष्पलाल राजमार्गहरूका समानान्तर तीव्र गतिका विद्युतीय रेलमार्ग सञ्चालन गरिने उल्लेख छ।

त्यसैगरी यसै अवधिमा रसुवागढी-काठमाण्डौ-बीरगंजमा तिब्रगतिको विद्युतीय रेलमार्ग संचालन गरिने छ।

आगामी ५ वर्षमा राजधानी उपत्यकाका चक्रपथहरूमा आवश्यक गतिका रेल सञ्चालन गरिने छ। सोही अवधिमा निजगढमा अत्याधुनिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिने छ। दुई वर्षभित्र भैरहवा र तीन वर्षभित्रमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न गरिनेछ।

### पर्यटन

पर्वतारोहण, पदयात्रा तथा हिमाल अवलोकनलाई थप आकर्षक र सुरक्षित गरिने छ। जोखिममा तत्काल उद्धारको भरपर्दो व्यवस्था गरिने छ। पर्यटनको विकासका लागि ताप्लेजुङदेखि दार्चुलासम्म जोड्ने गरी 'हिमाली पर्यटकीय पदमार्ग' निर्माण गरिने छ। लुम्बिनी, पशुपतिनाथ, जनकपुर धाम, मुक्तिनाथ, हलेसी लगायत महत्वपूर्ण पर्यटकीय गन्तव्यको विकास गरिने छ। ऐतिहासिक र पुरातात्विक महत्वका स्थानको संरक्षण गरिने छ। आगामी ३ वर्षभित्र अत्याधुनिक प्रविधिको प्रयोग गरी धरहराको पुन:निर्माण गरिनेछ।

### उद्योग र खनिज

'एक प्रदेश न्यूनतम एक आधुनिक औद्योगिक क्षेत्र' नीति अनुरूप सबै प्रदेशमा ठूला औद्योगिक क्षेत्र स्थापना गरिने छ। विद्यमान औद्योगिक क्षेत्रहरूलाई आधुनिकीकरण गरिने छ। यी औद्योगिक क्षेत्रहरूमा १० वर्षभित्र १० लाख व्यक्तिले रोजगारी प्राप्त गर्ने उद्योगहरू स्थापना गरिने उल्लेख छ।

आगामी पाँच वर्षभित्र मुस्ताङमा युरेनियम उत्खनन र प्रशोधन गरिने छ। दैलेखलगायतका स्थानमा फेला परेको पेट्रोलियम र नवलपरासीमा रहेको फलाम खानी उत्खनन, प्रशोधन र विकास गरिने छ। नेपालमा राष्ट्रिय पुँजीको आकार र सामर्थ्य अझै पनि सानो तथा कमजोर रहेकाले राष्ट्रिय औद्योगिकीकरण र गुणात्मक आर्थिक बृद्धिका निम्ति आन्तरिक पुँजी लगानी मात्र अपर्याप्त भएकाले ठूला पूर्वाधार निर्माण र राष्ट्रिय प्राथमिकताका आयोजनाहरूमा विदेशी लगानी भित्र्याउन पहल गरिने छ।

### मुलुकको व्यापार र अर्थतन्त्र

आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन उद्योगहरूको विकास गरिने छ। उत्पादकत्व र उत्पादन वृद्धि, रोजगारी सिर्जना, आर्थिक परनिर्भरता र व्यापार घाटा समाप्त पार्ने वाणिज्य नीति अवलम्बन गरिने छ। पाँच वर्षमा नेपाललाई विकासशील राष्ट्रको पंक्तिमा पुऱ्याइने छ। १० वर्षभित्र प्रतिव्यक्ति आय कम्तीमा ५ हजार अमेरीकी डलर पुग्ने गरी राष्ट्रिय अर्थतन्त्र विकासको थालनी गरिने छ। वि.सं. २०९९ सम्म नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने गरी आर्थिक र विकासका योजना र कार्यक्रम अगाडि बढाइने जनाएको छ।

### भूमिसुधार र सिँचाइ

दुई वर्षभित्र राष्ट्रव्यापी नापी लागू गरी भूमिको अभिलेख अद्यावधिक गरिने छ। वैज्ञानिक भूमिसुधार लागू गरी भूमिसंग सम्बन्धित सम्पूर्ण समस्या समाधान गरिने छ। भूउपयोग नीति, योजना एवम् कानुनको आधारमा भूमिको वर्गीकरण तथा उपयोग गरिने छ। कृषि भूमि अतिक्रमण गर्न नपाइने व्यवस्था लागू गरिने छ। भूमिसम्बन्धी सम्पूर्ण अभिलेखहरू डिजिटल प्रणालीमा आवद्ध गरिने छ। मोहियानी हकको समस्या कानुन बमोजिम समाधान गरिने छ।

पाँच वर्षमा सम्पूर्ण सिँचाइयोग्य कृषि भूमिमा आधुनिक सिँचाइ प्रणाली लागू गरिने छ। तराई-मधेस र भित्री तराईको कृषिभूमि सिँचाइ गर्न तमोर-मोरङ डाइभर्सन, सुनकोशी-कमला र सुनकोशी-मरिन-बागमती डाइभर्सन, कालीगण्डकी-तिनाउ डाइभर्सन, रापती- सुराई डाइभर्सन, भेरी- बबई डाइभर्सन, पश्चिमसेती-कैलाली-पाण्डुन जस्ता नदी डाइभर्सन योजना अगाडि बढाइने छ।

गाउँ टोलमा सहकारी घर घरमा रोजगारी

यसरी गाउँ टोलमा सहकारी घरघरमा रोजगारी तथा स्वरोजगारीको अवस्था सिर्जना गरिने उल्लेख छ। सबै साना उत्पादकहरूलाई सहकारी संस्थासँग आवद्ध गराइने, बेरोजगार व्यक्तिलाई उत्पादक सहकारीमा आबद्ध गरी स्वरोजगार व्यवसाय सञ्चालन गरिने, सबै सहकारीहरूलाई बीमा व्यवस्थामा आबद्ध गरिने छ।

### रोजगार

अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई दर्ता प्रक्रियामा लगी सामाजिक सुरक्षाको दायरामा ल्याइने छ। वैदेशिक रोजगारीमा गएकाहरूको अभिलेख राखिने छ। युवालाई तालिम र प्रशिक्षणद्वारा दक्ष तथा अर्द्धदक्ष श्रमिकका रूपमा विकास गरेर मात्रै वैदेशिक रोजगारीमा पठाउन पाउने व्यवस्था गरिने छ। केन्द्र, प्रदेश र स्थानीय तहहरूमा दक्ष श्रमशक्ति आपूर्ति केन्द्र स्थापना गरिने छ।

# संघ उपाध्यक्षमा भण्डारी

हेटौंडा, (नेस)

मकवानपुर उद्योग वाणिज्य संघको ५१औं वार्षिक साधारणसभा तथा अधिवेशन पुस १५, १६ र १७ गते गर्ने निर्णय भएको छ।

संघको नियमित बैठकले सर्वसम्मत रूपमा विशेष कारणबस उक्त मितिमा अधिवेशन गर्ने निर्णय गरेको हो। यसअघि संघले पुस २७, २८ र २९ गते गर्ने निर्णय गरेको थियो।

बैठकले संघको रिक्त उपाध्यक्षमा उज्ज्वल शर्मा भण्डारीलाई चयन गरेको छ। संघका तत्कालीन उपाध्यक्ष लवशेर विष्ट थाहानगर प्रमुखमा निर्वाचित भएपछि उपाध्यक्ष पद रिक्त रहँदै आएको थियो

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500
EARTHQUAKE RESISTANT REBAR
NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ कात्तिक १८, नोभेम्बर ४, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०२।९८ | १०३।५८ |
| युरो १ का रू. | ११९।८९ | १२०।५९ |
| पाउन्ड स्टर्लिङ १ का रू. | १३४।६६ | १३५।४४ |
| स्विस फ्रन्क १ का रू. | १०३।०० | १०३।६० |
| अस्ट्रेलियन डलर १ का रू. | ७८।९३ | ७९।३९ |
| क्यानाडियन डलर १ का रू. | ८०।२५ | ८०।७१ |
| सिङ्गापुर डलर १ का रू. | ७५।६२ | ७६।०६ |
| जापानी यन १० का रू. | ९।०२ | ९।०८ |
| चिनियाँ युआन १ का रू. | १५।५४ | १५।६३ |
| साउदी अरब रियाल १ का रू. | २७।४६ | २७।६२ |
| कतारी रियाल १ का रू. | २८।२८ | २८।४५ |
| थाई भाट १ का रू. | ३।११ | ३।१३ |
| सं. अरब इमिरट दिराम १ का रू. | २८।०४ | २८।२० |
| मलसियन रिङ्गिट १ का रू. | २४।३१ | २४।४६ |
| दक्षिण कारियन वन १०० का रू. | ९।२४ | ९।३० |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रू. | १२।२३ |
| डनिस क्रानर १ का रू. | १६।११ |
| हङकङ डलर १ का रू. | १३।२० |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

**तामक्रार कुलदेवता उग्रचण्डी माई संरक्षण समिति**
**(ताम्रकार समाज) को**
**१६ औं साधारण सभा सम्बन्धी अत्यन्त जरुरी सूचना**

२०७४ मंसिर २ गते शनिबार हुने यस समितिको १६ औं साधारणसभाको कागजातहरु सम्पूर्ण सदस्यहरुको ठेगानामा पठाइसकेको छ । कथंकदाचित कसैकोमा कागजात नपुगेको भए यसै सूचनालाई आधार मानी यही २०७४ कार्तिक २५ गते भित्र नवीकरण तथा दर्ताको लागि यस समितिको सचिवालयमा वा फोन नं ५५४९४१२, ५००९२३९ मा सम्पर्क राख्नु हुन हार्दिक अनुरोध गर्दछु । साधारण सभा सम्बन्धी सूचना यस समाजको वेभ साइट www.tamrakar.org मा पनि राखिएको छ ।

**शम्भु गोविन्द ताम्रकार**
**महासचिव**
**ता . कु . दे . उ . मा . सं .स**
**(ताम्रकार समाज)**
**जावलाखेल ललितपुर**

## शिखर अर्गनाईजेशन लि.

का.म.न.पा. ३, बाँसबारी, काठमाडौं, फोन नं : ०१-४३७१४२१

**बिशेष साधारण सभा सम्बन्धि सुचना**

यस शिखर अर्गनाइजेशन लि. को बिशेष साधारण सभा निम्न मिति, स्थान, र समयमा बस्ने भएकोले सो साधारणसभामा उपस्थित हुन सबै शेयरधनी महानुभानहरुलाई उक्त साधारण सभामा पेश हुने प्रस्ताव सहितको पत्र पठाइएको छ उक्त पत्र नभएमा यसै सुचनालाई आधारमानी साधारण सभामा उपस्थित भई दिनुहुन सबै शेयरधनी महानुभावहरुलाई अनुरोध छ ।

**साधारण सभा पेश हुने छलफलका बिषयहरू :**

१) पुँजी बृद्धिका लागि कम्पनीको प्रबन्ध पत्रको दफा ६ (क) (ख) संसोधन गर्ने प्रस्ताव सम्बन्धमा

२) बिबिध

**साधारण सभा हुने स्थान मिति र समय :**

**मिति** : २०७४/०८/०४ गते
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. ३, बासबारी, काठमाडौं ।
**समय** : विहानको १०:०० बजे

**केदारनाथ शर्मा**
संचालक अध्यक्ष

# पाँचथरको चिया विदेशमा लोकप्रिय

**गणेश साम्पाङ, पाँचथर**

पाँचथरमा अर्गानिक चियाका ग्राहकको संख्यामा वृद्धि भएको छ। पहिलाको तुलनामा अमेरिका तथा यूरोपका विभिन्न देशमा जाने गरेको अर्गानिक चिया माग बढेको छ।

चियाबाट पाएको सफलताप्रति त्यहाँका उद्यमी दंग भएपनि दक्ष जनशक्तिको अभाव भने अझै रहेको छ। आफुले बगान स्थापना गर्दा चियाको बजार ठूलो नभएको उनीहरू बताउँछन्।

त्यसैको एक उदाहरण हुनुहुन्छ-'पूर्व सहायकमन्त्री तथा स्थानीय सहकारीका अभियान्ता दीपकप्रकाश बास्कोटा। २०४० सालमा चिया बगान स्थापना गर्दा देखेको सपना यति खेर आंशिक रूपमा पूरा हुँदा उहाँ दङ्ग तथा चिन्तित दुवै हुनुहुन्छ।

कञ्चनजंघा टि स्टेट एन्ड रिसर्च सेन्टरका अध्यक्ष बास्कोटाले कञ्चनजङ्घा एउटा ट्रेडमार्क बनेर सपना पूरा भएको बताउनुभयो। तर पनि शेयरहोल्डरलाई भनेजस्तो नाफा दिन नसकेकोमा आफू चिन्तित रहेको उहाँले बताउनुभयो। जिल्लामा अहिले रहेका अर्गानिक बगानलाई अझ व्यवस्थित गरेर गुणस्तरीय अर्गानिक चिया उत्पादन गर्न सके सजिलै डलर भित्र्याउन सकिने उहाँको बुझाइ छ। काम गर्ने जनशक्ति नहुँदा पनि निकै समस्या भोग्नु परेको उहाँ बताउनुहुन्छ।

बास्कोटाले सदरमुकाम फिदिम-३ सुन्तला बारीमा ३४ वर्ष अघि स्थापना भएको कञ्चनजंघा टि स्टेट एन्ड रिर्सच सेन्टरको चिया यतिखेर विदेशमा निकै लोकप्रिय भएको छ। नेपालकै पहिलो अर्गानिक चियाको प्रमाण पाएको कञ्चनजंघाबाट उत्पादित चियाको माग विदेशमा रहे पनि माग अनुसार उत्पादन गर्न कम्पनीले सकिरहेको छैन।

प्रतिकिलो १ हजार देखि ४ हजारसम्म मुल्य रहेको सो कारखानाबाट उत्पादित चिया ३० प्रतिशत नेपालका र ७० प्रतिशत विदेशमा जाने गरेको कारखाना म्यानेजर निरानन्द आचार्यले जानकारी दिनुभयो।

सो बगानबाट उत्पादन गरी कम्पनीकै कारखानामा तयार गरिएको अर्गानिक चिया अहिले अमेरिका जापान, जर्मनी र भारतलगायतका देशमा समेत जाने गरेको छ। कारखानाबाट वार्षिक १ लाख ५० हजार किलो उत्पादन हुने गरेको छ।

कारखाना र बगान स्थापना गर्ने कुरा ठूलो कूरा नभएको आचार्यको भनाइ छ। यसबाट उत्पादित चियाको गुणस्तर कायम राख्नु महत्वपूर्ण रहेको उहाँको भनाइ छ। विदेशमा अर्गानिक चिया पठाउन विभिन्न स्तरमा फरक ल्याब टेस्ट हुने उहाँ बताउनुहुन्छ। चियाको गुणस्तर मापन गर्ने अन्तर्राष्ट्रिय स्तरका निकाय सेरेसले अर्गानिक प्रमाणित गरेको प्रमाणलाई मात्र मान्यता दिइने गरेको। त्यो मान्यता कञ्चनजंघाले मात्र पूरा गरेको छ उहाँको दाबी छ।

कारखाना र बगानमा गरी अहिले १ सय ५० जना व्यक्तिले रोजगारी पाएका छन।

केही वर्ष देखि अर्गानिक चियाको माग बढ्न थालेपछि जिल्लामा स्थापना भएका अर्गानिक कारखानाबाट उत्पादन भएको चियाको माग पनि बढेको छ। मिक्जाजुङ-२, पाँचथरमा स्थापना भएको नर्थ नेपाल टि स्टेटको एरोमा नेपाल कारखानाबाट उत्पादन भएको अर्गानिक चिया भारतीय बजारमा निर्यात भइरहेको छ। १ सिजनमा ५ हजार किलो तयारी चिया उत्पादन गर्ने सो कारखानाबाट उत्पादन गरिएको चिया प्रतिकिलो १ हजार देखि १ हजार ६ सय भारतीय रुपियाँमा बिक्री हुने गरेको हो।

जिल्लामा अर्गानिक चिया उत्पादन गर्ने लेकाली अर्गानिक चिया उद्योग, जनता टि स्टेट, ओयाम केशरी चिया, ताजेलुङ चिया उद्योगलगायत आधा दर्जन चिया कारखाना सञ्चालनमा रहेका छन। जिल्लामा १४ वटा चिया सहकारी, एक दर्जन चिया बगान रहेका छन्। हाल १ हजार ६० रोपनी क्षेत्रमा चिया रोपिएको १ हजार १ सय ९ किसान आबद्ध रहेको चिया विस्तार आयोजना लालीखर्क पाँचथरका प्रमुख प्रेम तामाङले जानकारी दिनुभयो।

नेपालमा चियाको शुरुवात इलामबाट भए पनि अर्गानिक चियामा भने पाँचथरले पहिचान बनाएको छ। चियाको क्षेत्रमा स्वाद विशेषज्ञहरू नेपालमा उत्पादित अर्गानक चियामध्ये सबैभन्दा गुणस्तरिय चिया पाँचथरको रहेको हुनाले यहाँको अर्गानिक चियाले विदेशी उपभोक्ताको मन जितेको उहाँहरूको दाबी छ।

# निर्माण व्यवसायीको आन्दोलन स्थगित

काठमाडौं, (नेस)

नेपाल निर्माण व्यवसायी महासंघले तत्कालीन अध्यक्ष शरदकुमार गौचनको हत्यापछि बोलपत्र बहिष्कारको आन्दोलन मंसिर ३० गतेसम्मको लागि स्थगित गरेको छ। निर्वाचन भएकाले केही समयको लागि आन्दोनको कार्यक्रम स्थगित गरेको महासंघले जनाएको छ।

शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गरी महासंघले निर्वाचन सम्पन्न भएपछि पुन: आन्दोलन जारी राख्ने पनि स्पष्ट पारेको छ। महासंघले अध्यक्ष गौचनको हत्यारा पत्ता लगाई कारबाही नगरे सरकारविरुद्ध थप कडा आन्दोलनमा जान बाध्य हुने चेतावनी पनि दिएको छ।

गौचन हत्याको २५ दिन बितिसक्दा पनि हत्यामा संलग्न पक्राउ नपरेको भन्दै महासंघले आक्रोश व्यक्त गरेको हो। महासंघले निरन्तरको आन्दोलन तथा दबाबका बाबजुत हत्यारा पत्ता लगाई सार्वजनिक गर्न राज्यले गरिरहेको ढिलाईप्रति खेद व्यक्त गरेको हो।

गौचनको हत्यापछि पनि अन्य निर्माण व्यवसायीलाई लगातार धम्की आउने क्रम अझै जारी रहेको भन्दै महासंघका अध्यक्ष विष्णुभाई श्रेष्ठले सुरक्षाको पूर्ण प्रत्याभूति दिन सरकारसँग माग गर्नुभयो।

अध्यक्ष श्रेष्ठले गौचनको हत्यारा पत्ता लगाई कारबाही गर्न दबाब दिने उद्देश्यले प्रधानमन्त्री शेरबहादुर देउवासहित प्रमुख दल शीर्ष नेतालाई ज्ञापन पत्र बुझाउने तयारी गरिएको पनि जानकारी दिनुभयो।

कार्यक्रममा बोल्दै महासंघका प्रवक्ता विष्णु बुढाथोकीले महासंघको संयमतालाई कमजोरी नठान्न सरकारलाई सचेत गर्दै गौचनका हत्यारा अझै फरार भएबाट सिंगो निजी क्षेत्र आतंकित भएको बताउनुभयो।

पछिल्ला दिनमा प्रहरीले अनुसन्धानमा उदासिनता देखाएको आन्दोलन संघर्ष मूल समितिका सदस्य सकुन्तलाल हिराचनले बताउनुभयो। प्रहरीले पहिले राम्रोसँग अनुसन्धान गरेको जस्तो लागे पनि अहिले हत्यारा पत्ता लागिसक्यो मात्र भन्दै दिन बिताइरहेको हिराचनको असन्तुष्टि छ।

गौचनको हत्यापछि अझै पनि नो नम्बरबाट फिरौती रकम मार्गदै फोन आउने गरेको व्यवसायीले बतएका छन्।

२०७४, कार्तिक
शनिबार
१८

वार्षिक २५ हजार कोरियाली पर्यटकले नेपाल भ्रमण गर्ने गरेकामा आगामी वर्ष कम्तिमा यसलाई बढाएर एक लाख पुऱ्याउने लक्ष्य रहेकोछ।

अर्थ

# मल आपूर्तिमा सहज बनाउन भारतलाई आग्रह

हेमन्त जोशी, काठमाडौं

हरेक वर्ष भोग्दै आएको रासायनिक मलको समस्या यसवर्ष पनि आएपछि कृषि विकास मन्त्रालयले सहयोगका लागि भारतलाई गुहारेको छ।

विभिन्न जिल्लामा हिउँदे बाली लगाउनुभन्दा अघि खेतमा छरिने डीएपी रासायनिक मलको अभाव देखिन थालेपछि कृषि विकास मन्त्री रामकृष्ण यादवसहित मन्त्रालयका कर्मचारीले भारतीय राजदूतसँग आवश्यक सहयोगका लागि आग्रह गरेका हुन्।

गत आइतबार कृषि विकास मन्त्री रामकृष्ण यादवले भारतीय राजदुत मन्जिम सिंह पुरीसँग नेपाल-भारतबीच भैरहेको र हुनसक्ने कृषि विकासका आयामहरूको बारेमा छलफल गर्नुभएको थियो। छलफलमा राजदुत पुरीलाई आसन्न गहुँ बालीको समयमा हुनसक्ने रासायनिक मलको अभावका बारेमा जानकारी गराउनुका साथै भारत सरकारबाट हुनसक्ने सहयोगबारे छलफल भएको कृषि विकास मन्त्रालयका सहप्रवक्ता शंकरप्रसाद सापकोटाले बताउनुभयो। त्यसको भोलिपल्ट थप छलफलका लागि कृषि सामग्री कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक अमरराज खैर, खाद्य सुरक्षा कृषि व्यवसाय प्रवर्द्धन तथा वातावरण महाशाखा प्रमुख र कृषि सामग्री व्यवस्थापन शाखाका प्रमुखसहितको टोली भारतीय राजदुत पुरीलाई भेट्न पुगेको थियो। छलफलमा सहभागी कृषि सामग्री व्यवस्थापन शाखा प्रमुख ईश्वरी प्रसाद पाण्डेले भारत सरकारको तर्फबाट मूल्यमा केही सहुलियत तथा ढुवानी सहजताका लागि राजदुत पुरीले भारतीय सरकारसँग पहल गर्ने आश्वासन दिएको बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै उहाँले भन्नुभयो-'कलकत्ता बन्दरगाहदेखि नेपालका भन्सार नाकासम्म सहज रूपमा र समयमै ढुवानीको वातावरणका लागि हामीले पहल गरेका हौं। अर्को भनेको, भारतमै उत्पादित तथा तेस्रो मुलकबाट आयातित मलमा के कति सुविधा नेपालले पाउनसक्छ भनेर पनि उहाँलाई आग्रह गरेका छौं।'

ढुवानी र मुल्यमा के कति सहयोग नेपालले पाउन लागेको हो कुरा भने निर्क्योल भइसकेको छैन। हाल कृषि सामग्री केन्द्र र साल्ट ट्रेडिङले सार्वजनिक खरिद ऐन अनुसार मल खरिदको काम गर्दै आएका छन। जसले गर्दा खरिद प्रक्रिया, ढुवानी, वितरणलगायतका कार्यमा ढिलाई हुने भएकाले आवश्यक परेको बेला 'जी टु जी' छफफलमार्फत् पनि मल आपूर्तिका लागि पनि राजदूतसँग छलफल भएको थियो।

त्यसैगरी भारतीय बजारमा जुन मुल्यमा रासायनिक मल कृषकले पाउँदै आएका छन्, नेपालमा पनि सोही मूल्यमा मल उपलब्ध गराउन पनि आग्रह गरिएको व्यवस्थापन शाखा प्रमुख पाण्डेले जानकारी गराउनुभयो।

त्यसैगरी हाल कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङसँग मौज्दात रहेको मल तत्काल कृषकलाई उपलब्ध गराउन मन्त्रालयले निर्देशन दिएको छ। आवश्यक परेका स्थानमा आन्तरिक ढुवानीमार्फत् सबै मौज्दात मललाई मंसीर महिनाभित्र कृषकसम्म पुऱ्याउन निर्देशन दिइएको छ।

युरिया, पोटास, डीएपीलगायत रासायनिक मलको अभावमा कृषकले समयमा बाली लगाउन नपाउने तथा उत्पादकत्वमा पनि कमि हुँदा कृषक मर्कामा पर्दै आएका छन। चालू आर्थिक वर्षमा मल खरिदका लागि मन्त्रालयले ४ अर्ब ५१ करोड रुपियँ छुट्याएको छ। जसमध्ये ६० प्रतिशत रकमबाट कृषि सामग्री कम्पनी लिमिटेड र ४० प्रतिशत रकमबाट साल्ट ट्रेडिङ कम्पनी लिमिटेडले मल आपूर्ति गर्दै आएको छ। वार्षिक ४ लाख मेट्रिक टन माग रहेका मुलुकका लागि मन्त्रालयले छुट्याएको रकम अपर्याप्त देखिएको छ। छुट्याइएको सो रकमबाट ३ लाख मेट्रिक टन मल खरीद गर्ने लक्ष भए पनि अन्तर्राष्ट्रिय बजारमा देखिएको निरन्तर मूल्य वृद्धिले कम परिमाणमा मात्र खरिद गर्न सकिने अवस्था देखिएको छ। खरिद भइसकेको मल पनि ढुवानीमा ढिलाईका कारण कलकत्ता बन्दरगाहमा अड्केर बसेको छ।

## सीप विकासमा जोड

काठमाडौं, (नेस)

श्रम तथा रोजगार सचिव लक्ष्मणप्रसाद मैनाली र अन्तर्राष्ट्रिय श्रम संगठनका महानिर्देशक गे रायडरबीच भेटवार्ता भएको छ। भेटमा नेपाल-आईएलओ सम्बन्धका विभिन्न विषयमा छलफल गरिएको छ।

भेटमा आईएलओ तथा नेपालबीच आपसी सहयोग सुदृढ पार्ने विषयमा छलफल भएको छ। भेटमा मैनालीले काठमाडौंमा आईएलओको कार्यालयद्वारा गरिएको गतिविधिको सह्राना गर्नुभएको थियो।

त्यस्तै नेपालमा परिणाम उन्मुख परियोजना शुरू गर्न सोच्न पनि मैनालीले आग्रह गर्नुभएको थियो। उहाँले गेसँग विशेषरूपमा सीप विकास तथा ग्रीन जब सिर्जनामा बढी केन्द्रित हुन महानिर्देशकलाई आग्रह गर्नुभएको थियो।

यस्तो बताउँदै मैनालीले विदेशीने नेपालीको संख्या बढ्दै गएको अवस्थामा गन्तव्य देशका कार्यस्थलमा कामदारको मौलिक हक रक्षा गर्न ठोस पहलको आवश्यकता रहेको बताउनुभयो। उँहाले युवाका लागि देशमै रोजगारी सिर्जना गर्नु आवश्यकता रहेकालो यसमा सहयोगका लागि आईएलओलाई आग्रह पनि गर्नुभयो।

श्रम सचिव मैनाली आईएलओको ३ सय ३१औं गभर्निङ बोर्ड (जीबी) को बैठकमा भाग लिन जेनेभामा हुनुहुन्छ। जीबीको बैठक २६ अक्टोबरदेखि ९ नाभेम्बरसम्म जारी रहने छ।

## कोरियामा पर्यटन प्रवर्द्धन

नेपाल समाचारपत्र

काठमाडौं



कोरियाली पर्यटकको आगमनमा वृद्धि तथा लगानी आकर्षण गराउने उद्देश्यले कोरियाको सियोलमा नेपालको पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम गरिएको छ।

नेपालको पर्यटन क्षेत्रको प्रचार प्रसार गर्नको लागि नेपाली पर्यटन व्यवसायीहरूको प्रतिनिधिमण्डल कोरियामा रहेको छ। होटल संघ नेपालका महासचिव विनायक शाहले सियोलबाट दिनुभएको जानकारी अनुसार कोरियाली पर्यटन व्यवसायीसँग सकरात्मक छलफल भएको छ। नेपालसँगको पर्यटन व्यापार गर्नका लागि कोरियाली पर्यटन व्यवसायी सकरात्मक रहेको बताउनुभयो।

सन् २०१८ को जुनमा नेपाल वायुसेवा निगमले २ वटा बाइडबडी जहाज नेपाल ल्याएसँगै कोरियाको सियोल पहिलो उडान गर्ने जनाएको छ। हाल हप्ताको ४ फ्लाइट काठमाडौं-सियोल उडान भर्दै आएको छ। निगमले पहिलो उडानको सेवा विस्तार गर्ने भएसँगै पर्यटन व्यवसायमा संलग्न व्यवसायी थप नयाँ पर्यटकलाई नेपाल भ्रमणको सन्देश पुऱ्याउन सियोल पुगेका हुन्।

नेपालस्थित कोरियाली दूतावास, नेपाली दूतावास कोरिया, नेपाल कोरिया चेम्बर अफ कमर्स, गैरआवासीय नेपाली संघ कोरिया, कोरियन एयरलान्स र नेपाल पर्यटन बोर्डको सहकार्यमा होटल संघ नेपालले शुक्रबार दक्षिण कोरियाको राजधानी सियोलस्थित होटल प्रेसिडेन्टमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम आयोजना गरेको महासचिव शाहले बताउनुभयो।

होटल संघ नेपालका महासचिव विनायक शाहले नेपाल कोरियाबीच पर्यटन प्रवर्द्धनको प्रशस्त सम्भावना रहे पनि यसको विकास हुन नसकेकाले हामी निजी क्षेत्रबाट प्रवर्द्धनात्मक कार्यक्रममा जोड दिएको बताउँदै हाल वार्षिक २५ हजार कोरियाली पर्यटकले नेपाल भ्रमण गर्ने गरेकामा आगामी वर्ष कम्तिमा यसलाई बढाएर एक लाख पुऱ्याउने लक्ष्य राखेको बताउनुभयो। सोही कार्यक्रममा नेपाल कोरिया चेम्बर अफ कमर्सका अध्यक्ष किरण साखःले द्विपक्षीय व्यापारका बारेमा प्रकाश पार्नुभयो। कार्यक्रमा नेपाल पर्यटन बोर्डका प्रबन्ध राजु शाहले नेपालको पर्यटन स्थितिबारे संक्षिप्त जानकारी समेत गराउनु भएको थियो।

यसअघि उक्त प्रतिनिधिमण्डलले कोरियाली व्यापार संगठन (कोटिरा) का पदाधिकारीहरूसँग भेट गरी द्विपक्षीय व्यापारसम्बन्धी छलफल गर्नुका साथै किन्टेक्स प्रर्दशनी कक्षमा आयोजित जी फियर कोरियाको समेत अवलोकन गरेको शाहले बताउनुभयो।

## एसियन लाइफको उपशाखा स्तरोन्नती

काठमाडौं, (नेस)

एसियन लाइफ इन्स्योरेन्स कम्पनीले ग्राहक सेवालाई सरल तथा सहज बनाउने उद्देश्यले पाल्पा जिल्लाको पाल्पामा अवस्थित उपशाखा र दाङ जिल्लाको घोराहीमा अवस्थित उपशाखालाई स्तरोन्नती गरेको छ। पाल्पा शाखा कार्यालय र घोराही शाखा कार्यालय शुक्रबारदेखि सञ्चालनमा ल्याएको हो।

स्तरोन्नती भएका ती शाखाको कम्पनीका प्रमुख कार्यकारी अधिकृत राजेशकुमार श्रेष्ठले समुद्घाटन गर्नुभयो।

## डिस होमले रिङ रेस्लिङ प्रायोजन गर्ने

काठमाडौं, (नेस)

डिसहोम र नेपाल रिङ रेस्लिङ संघको संयुक्त आयोजनामा यहि कार्तिक २५ गते र २७ गते दोस्रो अन्तर्राष्ट्रिय रिङ रेस्लिङ प्रतियोगिता हुने भएको छ। प्रतियोगिता त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको कभर्ड हलमा आगामी कात्तिक २५ गते र ईटहरी को ठुलो जनता माविमा कात्तिक २७ गते हुने भएको हो।

...दोश्रो अन्तर्राष्ट्रिय रिङ रेस्लिङ प्रतियोगिता-२०१७' मा ८ देशका व्यावसायीक रेस्लिङ खेलाडीको सहभागिता हुनेछ। प्रतियागितामा अमेरिकाका प्रो रेस्लिङ गेमर, सिंगापुरका दी युरासियन ड्रागन, अष्ट्रेलियाका वामबाम बेलोज, मलेसियाका द बुचर म्यान, भारतका दिलदार सिहं, निल र माक्सम्यानले सहभागिता पक्का गरिसकेका छन्। नेपालका तर्फबाट प्रतियोगितामा नुवाकोटे टाइगर, द युभ, डेभिड, थाकु, ब्लेड, साईन, टुप्पी ग्याङले सहभागिता जनाउने भएका छन्।

## तनहुँ जलविद्युत् आयोजनाद्वारा प्रभावित क्षेत्रमा तालिम

नेपाल समाचारपत्र

काठमाडौं

१४० मेगावाटको तनहुँ जलविद्युत् आयोजनाले आयोजना प्रभावितलाई निःशुल्क सीपमूलक तालिम दिन शुरु गरेको छ।

तनहुँ प्राविधिक शिक्षालय भिमादमा सञ्चालन हुन तालिमको बिहीबार आयोजनाका प्रबन्धक चन्दनानन्दराज वैद्यले उद्घाटन गर्नुभयो।

पहिलो चरणमा ६० जना आयोजना प्रभावितलाई इलेक्ट्रेसियन (हाउस वायरिङ) र प्लम्बिङको तालिम दिन शुरु गरिएको आयोजनाले जनाएको छ। तालिममा इलेक्ट्रेसियनमा दुई समूह र प्लम्बिङमा एक समूह छन्। तालिमको अवधि ९० दिन अर्थात ३९० घण्टाको हुने छ।

आयोजनाबाट प्रत्यक्ष प्रभावित व्यक्तिको उद्यमशीलता विकास गर्न पुनर्स्थापना तथा आदिवासी जनता योजनाका भएको व्यवस्था अनुसार निःशुल्क तालिम दिन शुरु गरिएको हो।

तालिमपछि विभिन्न निकायमा रोजगारी प्राप्त गर्न र आफैले समेत व्यवसाय सञ्चालन गर्न सहज हुने भएकाले बीचैमा नछाड्न सहभागीलाई प्रबन्धक वैद्यले आग्रह गर्नुभयो।

शिक्षालयका प्रमुख दामोदर कँडेलले तालिमपछि आफैंले व्यवसाय सञ्चालन गर्न सकिने भएकाले यसबाट फाइदा लिनुपर्ने बताउनु भयो। १८ वर्ष उमेर पूरा भएका, साधारण लेखपढ गर्न सक्ने र आयोजनाबाट प्रत्यक्ष प्रभावितले तालिमका लागि योग्यता तोकिएको थियो।

ब्यास नगरपालिका वडा नम्बर ५, भिमाद नगरपालिका वडा नम्बर ५ तथा ६, म्याग्दे गाउँपालिका १ देखि ५ वडाका, र रिसिङ गाउँपालिका बडा नम्बर १, ६, ७ र ८ वडाका प्रभावितहरू तालिममा सहभागी छन्। तालिममा सहभागीलाई निःशुल्क खाने र बस्ने व्यवस्था गरिएको छ।

यसैगरी घरैबाट आवत जावत गर्नेलाई बाटो खर्चको व्यवस्था समेत गरिएको आयोजनाका उप निर्देशक तुलसी प्रसाद सापकोटाले बताउनु भयो। आयोजना निर्माणका लागि ठेकेदार कम्पनी छनोट प्रक्रियामा छ। आयोजनाको निर्माण सन् २०२२ भित्र सक्ने लक्ष्य राखिएको छ।

आयोजना निर्माणका लागि स्थानीय तहमा सहजीकरण गर्न आयोजना प्रभावित तनहुँका चारै तहमा स्थानीय परामर्श मञ्च (एलसिएफ) गठन भइसकेको छ। डुवान क्षेत्रमा पर्ने जग्गा अधिग्रहणका लागि करिव ७० प्रतिशत मूआव्जा तथा क्षतिपूर्ति बितरण भइसकेको छ। आयोजनाको अहिले निर्माण पूर्वका कामहरू भइरहेका छन्।

आयोजनाको कूल अनुमानित लागत ५० करोड ५० लाख अमेरिकी डलर रहेको छ। यो लागत निर्माण अवधिको ब्याज र प्रसारण लाइन तथा ग्रामीण विद्युतीकरणको खर्च सहितको हो।

आयोजनामा नेपाल सरकार र नेपाल विद्युत प्राधिकरणको अतिरिक्त एसियाली विकास बैंक, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग र युरोपेली लगानी बैंकको संयुक्त लगानी रहने छ। आयोजनामा एडीबीले १५ करोड, जाइकाले १८ करोड ४०, इआईबीले ८ करोड ५० लाख र नेपाल सरकार तथा विद्युत प्राधिकरणले ८ करोड ६० लाख डलर लगानी गर्ने छन्। सन् २०२२ भित्र निर्माण सक्ने लक्ष्य राखिएको आयोजनाबाट विद्युत उत्पादन सुरु भएको पहिलो १० वर्षसम्म वार्षिक औसत विद्युत उत्पादन ५८ करोड ७७ लाख र त्यसपछि ४८ करोड ९९ लाख युनिट उत्पादन हुने अनुमान गरिएको छ।


## GANDAKI BIKAS BANK LIMITED
## गण्डकी विकास बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था)

Head Office: BP Chowk, Chipledhunga, Pokhara Tel:061-528001, 528002 Fax 061-528003
Email : info@gandakibank.com.np, Website: www.gandakibank.com.np

**Unaudited Financial Results (Quarterly)**
As on 1st Quarter (30 Ashwin, 2074) of the Fiscal Year 2074/75

Rs. In '000'

| S.N. | Particulars | This Quarter End | Previous Quarter End | Corresponding Previous Year Quarter End |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities(1.1 to 1.7)** | 22,799,273 | **22,038,796** | **14,078,809** |
| 1.1 | Paid up Capital | 1,843,926 | 1,843,926 | 995,000 |
| 1.2 | Reserve and Surplus | 988,342 | 934,968 | 552,235 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowing | - | - | - |
| 1.5 | **Deposits(a+b)** | **19,344,295** | **18,334,571** | **12,120,414** |
| | a. Domestic Currency | 19,344,295 | 18,334,571 | 12,120,414 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liability | 23,105 | 231,687 | 26,672 |
| 1.7 | Other Liability | 599,605 | 693,643 | 384,488 |
| 2 | **Total Assets(2.1 to 2.7)** | **22,799,273** | **22,038,796** | **14,078,809** |
| 2.1 | Cash & Bank Balance | 5,419,872 | 4,418,040 | 2,957,514 |
| 2.2 | Money at call & Short Notice | - | - | - |
| 2.3 | Investments | 504,528 | 401,528 | 217,102 |
| 2.4 | **Loan & Advances (a+b+c+d+e+f)** | **16,558,992** | **16,518,077** | **10,589,601** |
| | a. Real Estate Loan (1+2+3+4) | 1,409,465 | 1,456,753 | 1,204,729 |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs.10 Million) | 12,182 | 16,966 | 14,538 |
| | 2. Business Complex & Residential Apartment Construction Loan | 267,244 | 261,050 | 266,049 |
| | 3. Income Generating Commercial Complex Loan | | | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | 1,130,039 | 1,178,736 | 924,142 |
| | b. Personal Home Loan of Rs. 10 million or Less | 2,280,690 | 2,332,749 | 1,469,141 |
| | c. Margin Type Loan | 276 | 249 | 250 |
| | d. Term Loan | 666,661 | 800,712 | 343,433 |
| | e. Overdraft Loan/TR Loan/WC Loan | 7,042,293 | 6,751,693 | 3,924,306 |
| | f. Others | 5,159,608 | 5,175,922 | 3,647,742 |
| 2.5 | Fixed Assets | 237,929 | 216,662 | 96,946 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 77,953 | 484,489 | 217,645 |
| 3 | **Profit & Loss Account** | **Upto This Quarter** | **Upto Previous Quarter** | **Upto Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 593,696 | 2,191,446 | 364,810 |
| 3.2 | Interest Expenses | 393,117 | 1,125,496 | 210,110 |
| | **A.Net Interest Income(3.1-3.2)** | **200,579** | **1,065,950** | **154,700** |
| 3.3 | Fee,Comission & Discount | 1,862 | 11,028 | 773 |
| 3.4 | Other Opreating Income | 28,017 | 125,334 | 27,841 |
| 3.5 | Foreign Exchange Gains/Loss(Net) | 2.53 | 28 | - |
| | **B. Total Opreating Income(A.+3.3+3.4+3.5)** | **230,460** | **1,202,339** | **183,314** |
| 3.6 | Staff Expenses | 52,942 | 180,436 | 30,584 |
| 3.7 | Other Opreating Expenses | 30,768 | 154,266 | 16,384 |
| | **C. Opreating Profit before provision(B.-3.6-3.7)** | **146,750** | **867,638** | **136,345** |
| 3.8 | Provision for Possible Loss | 62,697 | 24,652 | 38,547 |
| | **D. Operating Profit(C.-3.8)** | **84,053** | **842,986** | **97,798** |
| 3.9 | Non Operating Income/Expenses(Net) | 667 | 8,484 | (3) |
| 3.10 | Write Back of Provision for Possible Loss | - | - | - |
| | **E. Profit from regular activities(D.+3.9+3.10)** | **84,720** | **851,470** | **97,795** |
| 3.11 | Extraordinary Income/Expenses(Net) | - | (1,949) | - |
| | **F. Profit before Bonus and Taxes(E.+3.11)** | **84,720** | **849,520** | **97,795** |
| 3.12 | Provision for Staff Bonus | 7,702 | 77,229 | 8,890 |
| 3.13 | Provision for Tax | 23,105 | 231,687 | 26,672 |
| | **G. Net Profit/ Loss(F.-3.12-3.13)** | **53,913** | **540,604** | **62,233** |
| 4 | **Ratios** | **At The End Of This Quarter** | **At The End of Previous Quarter** | **At The End of The Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Fund to RWA | 18.76% | 19.58% | 12.96% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 1.40% | 0.40% | 1.59% |
| 4.3 | Total Loan Loss Provision to Total NPL | 118.48% | 319.97% | 104.43% |
| 4.4 | Cost Of Funds | 8.54% | 8.15% | 5.48% |
| 4.5 | Credit to Deposit Ratio (Calculated as per NRB Directives) | 74.81 | 78.29% | 77.53% |
| 4.6 | Net Interest Spread Rate | 5.54% | 5.63% | 6.06% |
| 4.7 | Base Rate | 11.99% | 11.06% | 8.27% |

**Note:** Previous period figures have been regrouped/rearranged as necessary . If the statutory audit and supervisory authority notify any remarks to change, unaudited financial statement will be changed accordingly.

### धितोपत्रदर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूचि १४ अनुसार बैंकको आ.व.२०७४/७५को प्रथम त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण**

(क) आर्थिक बर्ष २०७४/०७५ को प्रथम त्रैमासिक अवधिको अपरिस्कृत वासलात तथा नाफा-नोक्सान सम्बन्धी विवरण मिति २०७४/०७/१८ गतेको समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ।

**(ख) प्रमुखवित्तीय परिसूचकहरु :**
प्रति शेयर आम्दानी : रु ११.७० (बार्षिक)
मूल्य आम्दानी अनुपात : ३०.६१
प्रति शेयर नेटवर्थ : रु. १५३.६
प्रति शेयर कुल सम्पत्तिको मूल्य : रु १२३६.४५
तरलता अनुपात : ३०.२१%

**२. व्यवस्थापकीय विश्लेषण :**

क) समिक्षा अवधिमा बैंकको मुनाफा, तरलता अनुपात, कर्जा निक्षेप अनुपात लगायतका मौज्दातहरु सन्तोषजनक रहेका छन।

ख) विद्यमान बैंकिङ्ग प्रतिष्पर्धा विच गुणस्तरीय बैंकिङ्ग सेवामा वृद्धि, शेयरधनीहरुलाई उचित प्रतिफल, मानवश्रोतको कार्यक्षमतामा विस्तार गर्नुका साथै समयानुकुल व्यवसायिक कार्ययोजनाको तर्जुमा तथा सो को कार्यान्वयन गर्न, ग्राहक सन्तुष्टिलाई निरन्तरता दिन, लगानीका नयाँ क्षेत्रहरुको खोजी गर्न, व्यवसायिक विविधिकरण तथा ग्राहकको चाहना वमोजिम आधुनिक तथा ग्रामिण बैकिङ्ग सुविधाहरु उपलब्ध गराउने कार्यमा बैंक प्रतिवद्ध रहेको छ।

ग) त्रैमासिक अवधिमा बैंकको निक्षेप, नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था पाइएको छैन। सुरक्षित एवं उच्च प्रतिफलयुक्त लगानीको चुनौती विद्यमान रहेको छ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

क) यस त्रैमासिक अवधिमा बैंकले वा यस बैंकको विरुद्धमा कुनै पनि मुद्धा दायर भएको जानकारीमा आएको छैन्।

ख) यस बैंकका संस्थापक वा संचालकले वा सस्थापक वा संचालकको विरुद्धमा प्रचलित कानुनको अवज्ञा वा फौजदारी अपराध सम्वन्धमा कुनै मुद्धा दायर भएको जानकारीमा आएको छैन्।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

क) शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ तर प्रचलित कानून अनुसार लगानीकर्ता तथा संम्बद्ध निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ।

(ख) यस अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मुल्य,कारोबार भएको कुल दिन तथा कारोबार संख्या। (नेपाल स्टक एक्चेन्जको वेवसाइट www.nepalstock.com अनुसार)

| | |
|---|---|
| शेयरको अधिकतम मूल्य | रु ५१७ |
| शेयरको न्युनतम मुल्य | रु ३४५ |
| शेयरको अन्तिम मूल्य | रु ३५८ कारोबार भएको |
| कुल दिन | ४३ |
| कारोबार भएको कुल संख्या | ४,३६,०६० |

**५. समस्या तथा चुनौति :**

(क) **आन्तरिक :**बैंकिङ्ग क्षेत्रको बढ्दो प्रतिष्पर्धामा ग्राहकहरु माझ बैंकको उपस्थितिलाई प्रभावशाली बनाई राख्न सोही अनुरुपका सेवाहरुको विस्तार, मानव संसाधनको विकास, बढ्दो तरलता व्यवस्थापन लगायतका समस्या तथा चुनौति विद्यमान रहेका छन्। उक्त चुनौती तथा समस्याहरु सामना गर्नका लागि स्पष्ट नीति तथा कार्यहरु अवलम्बन गरिएको छ।

ख) **बाह्य :**देशको विद्यमान आर्थिक तथा राजनैतिक अस्थिरता, बढ्दो प्रतिष्पर्धा, तरलता, लगानीयोग्य क्षेत्रको अभाव, राष्ट्रको आर्थिक, मौद्रिक एवं वित्तीय नीतिको परिवर्तनको जोखिम लगायतका समस्या तथा चुनौतिहरु देखिएकाछन्।

**६. संस्थागत सुशासन :**

बैंकले नेपाल राष्ट्र बैंक लगायतका नियमनकारी निकायद्वारा जारी गरिएका संस्थागत सुशासन सम्बन्धी व्यवस्था पालना गरेको छ। आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाइ राख्नका लागि हरेक त्रयमासमा आन्तरिक लेखापरीक्षण कार्य गराई लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका सुझावहरुलाई सुधार तथा कार्यान्वयन गराउने गरिएको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

# आगामी चुनावमा एन्फाका बढी उम्मेदवार

फिरोज राजोपाध्याय, काठमाडौं

आगामी मंसिर २१ गते हुने आम निर्वाचनको दोस्रो चरणका लागि खेल जगत्का हस्तीहरूले पनि उम्मेदवारी दर्ता गराएर राजनीतिमा आफ्नो भविष्य बनाउन खोजेका छन्। नेपाल ओलम्पिक कमिटी (एनओसी)का अध्यक्ष जीवनराम श्रेष्ठ, राष्ट्रिय खेलकुद परिषद् (राखेप)का कोषाध्यक्ष सुरेन्द्र हमालदेखि लिएर करातेका मीनकृष्ण श्रेष्ठले आगामी चुनावमा आफ्नो नाम उम्मेदवारका रुपमा दर्ता गराएका छन्।

खेलकर्मीहरू उम्मेदवारी दिनेमध्ये अखिल नेपाल फुटबल संघ (एन्फा)का पदाधिकारीहरू भने बढी संख्यामा छन्। प्राय:लाई नेपाली कांग्रेसले टिकट दिएको छ। एन्फाका प्रमुख कार्यकारी अधिकृत (सीईओ) इन्द्रमान तुलाधरले काठमाडौं क्षेत्र नम्बर ९ अन्तर्गत प्रदेशसभा 'क'बाट उम्मेदवारी दिएका छन्। एन्फाका पूर्वमहासचिव कुमार जंग थापाले सुनसरी क्षेत्र नम्बर ३ को प्रदेशसभा 'क'बाट उम्मेदवारी दर्ता गरेका छन्।



त्यस्तै एन्फा उपाध्यक्ष किशोर राई पनि सुनसरी क्षेत्र नम्बर १ को प्रदेशसभा 'कबाट उम्मेदवार बनेका छन्। राई राखेपका पूर्वसदस्य पनि भइसकेका हाल राजनीतिमा आफ्नो भविष्य अजमाउन लागेका छन्। एन्फाकै केन्द्रीय सदस्य मोहम्मद समिउल्लाह भने नेकपा एमाले पार्टीका तर्फबाट बारा क्षेत्र नम्बर ३ को प्रदेशसभा 'ख'मा उम्मेदवार बनेका छन्।

एन्फाका पदाधिकारीमा उम्मेदवारी दिनेमध्ये तुलाधरको बढी चर्चा भएको छ। तुलाधर पहिले फुटबल खेलाडी हुनुका साथै तेक्वान्दोका प्रशिक्षकसमेत रहिसकेका थिए। संकटा क्लबका अध्यक्ष तुलाधरले काठमाडौंमा खेलकुदको पूर्वाधारमा बढी जोड दिने बताएका छन्।

तुलाधरले *नेपाल समाचारपत्र*लाई बताए- 'काठमाडौंबासी बढी पीडित भएको देखेर नै चुनावमा उठ्नै पर्ने भएको हो। कोही त अगाडि आउनुपर्‍यो नि। मैले चुनाव जितेर आफ्नो प्रदेशमा सहज वातावरण गर्नुपर्ने ठूलो चुनौती छँदै छ। त्यसको साथै खेलकुद विकासका लागि पूर्वाधार बनाउन पनि सकिन्छ। हेर्नु न दशरथ रंगशाला नै जीर्ण भएको अवस्थामा अहिलेसम्म केही गर्न सकिरहेको छैन। यो रंगशाला उपलब्ध नहुँदा सम्पूर्ण खेल जगत् नै प्रभावित भएको छ। यदि म जितेमा खेलकुदलाई प्राथमिकतामा राखेर हाम्रो प्रदेशमा सहजरूपमा काम गर्नेछु।'

# इभ्राको किक समर्थकमाथि

लन्डन, (एजेन्सी)

मार्सेलीका पेट्रिक इभ्राले युरोपा लिगअन्तर्गत भिटोरिया गुएमाराएसविरुद्धको खेलमा समर्थकलाई किक हानेपछि खेल अगाडि नै रातो कार्ड आत्मसात गर्नुपर्‍यो।

बिहीबार राति फ्रेन्च क्लबका खेलाडीले आफ्नै टोलीका समर्थकमाथि एक्रोबेटिक किक हानेपछि उनलाई रातो कार्ड दिइएको थियो। ३६ वर्षीय इभ्राले वार्म अपको समयमा सो अव्यावहारिक घटना घटाएका थिए। इभ्रा मार्सेलीको शुरुआती ११ खेलाडीको टोलीमा समावेश थिएनन्। उनलाई वैकल्पिक खेलाडीका रूपमा राखिएको थियो। युरोपियन फुटबलको सर्वोच्च निकाय यूएफाले इभ्रामाथि हिंसक व्यवहारको कारबाही गरेको छ। उनलाई कमसेकम एक खेलको लागि निलम्बन गरिएको पनि यूएफाले जनायो। तर यूएफाको अनुशासन समितिले यो मुद्दाको निर्णय आगामी साता १० नोभेम्बरमा गर्ने पनि जानकारीमा ल्याएको छ।

फ्रान्सको अखबार एलइक्वीपले जनाएअनुसार मार्सेलीका समर्थकले इभ्रालाई करिब आधा घण्टाजति जिस्क्याइरहेका थिए। जबकि खेलाडीहरू खेलका लागि तयारीमा लागेका थिए। मार्सेलीले इभ्रालाई गुमाएको दिन खेल पनि १-० ले हारेको थियो। खेलाडीले समर्थकसँग कुरा गर्न गए पनि स्थिति तनाव भएको थियो।



समर्थकलाई किक हान्दै पेट्रिक इभ्रा।

**इभ्राको किकको घटनाले अर्का फ्रेन्च खेलाडी इरिक क्यान्टोनाका अलोकप्रिय कुंग फु किकको स्मरण गराएको थियो। सन् १९९५ मा म्यानचेस्टर युनाइटेडको क्रिस्टल पेलेसविरुद्धको खेलमा उनले किक हानिएको थियो। यसै घटनामा उनलाई फुटबल संघद्वारा ९ महिना प्रतिबन्धित लगाइएको थियो।**

मार्सेलीले यस घटनामा अनुसन्धान शुरू गरिसकेको पनि शुक्रबार जनाएको छ। क्लबको वक्तव्यमा उल्लेख गरिएको थियो- 'के भएको त्यो कुरा होइन, व्यावसायिक खेलाडीले गिज्याई र अपमान भए पनि स्वयम्क नियन्त्रण गर्नुपर्छ।'

मार्सेलीका प्रशिक्षक रुडी गार्सियाले खेलपछि बताए- 'पेटसँग अनुभव छ र वास्तवमा उनले यस्तो प्रतिक्रिया दिनुहुँदैनथ्यो। उनी अनुभवी खेलाडीभन्दा माथि छन्। वास्तवमा उनीहरू खराब भएझैं अपमान पनि खराब नै हो तर पनि तपाईंले प्रतिक्रिया दिनुहुँदैन।'

तर गार्सियाले समर्थकको आलोचना गर्दै भने- 'उनी मार्सेलीका समर्थक होइनन् किनभने तपाईंले आफ्नै खेलाडीलाई अपमान गर्न सक्नुहुन्न।'

इभ्राले म्यानचेस्टर युनाइटेडमा बिताएको आठ वर्षमा पाँच प्रिमियर लिग र एक च्याम्पियन्स लिग उपाधि जितेका थिए। उनी जनवरीमा युभेन्टसबाट मार्सेलीमा आबद्ध भएका थिए। तर उनले यस सिजनमा दुई खेलमा मात्रै उपस्थित जनाएका छन्।

## घरहरा

### अनुहार होइन, बानी हेर



सरकारलाई समर्थन पनि स्थगित गर्ने तर सरकारबाट फिर्ता नहुने माओवादीको काइताको राजनीति देखेर धरहरा छक्क मात्र परेको छैन तीन छक्क नै परेको छ। शेरेदाइले भएका मन्त्रालयबाट हटाएर बिनाविभागीय बनाइदिँदा पनि सरकारबाट हट्ने छाँट नदेखेपछि शेरेदाइले आफ्नो कपाल आफैले तानेर आफैमाथि रिस पोख्ने गरेको देखेपछि धरहरा दंग परेको छ भन्या। 'खाऊँ भने दिनभरको सिकार नखाऊँ भने कान्छा बाबुको अनुहार' भनेजस्तो भएको छ। कुनबेला संगत गरेछु नि यी माओवादीसँग भनेर पछुताउनु भएका देउवाले सरकारबाट उनीहरूलाई हटाउन नसके पनि यता न उताको अवस्थामा पुर्‍याइदिए। तर पनि के गर्ने के नगर्ने अवस्थामा देउवादाइ पुगेपछि धरहराले एउटा सुझाव दिने भएको छ शेरे दाइलाई। राम्री देखेर मात्र हुँदैन उसको बानी हेर्नुपर्छ भनेको यही हो अबचाहिँ शेरे दाइको चेतना आउँछ कि? कि कसो त पाठकवृन्द!

# तेक्वान्दोमा आर्मीका दिनेशलाई स्वर्ण

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल आर्मी क्लबका दिनेश बुढा मगरले १७औं सिनियर तथा १०औं जुनियर आईटीएफ राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा शुक्रबार स्वर्ण जितेका छन्।

नुवाकोटमा भइरहेको प्रतियोगिताको स्पाइरिङतर्फ सिनियर पुरुषको ५५-६० केजीको फाइनलमा दिनेशले एपीएफका गोविन्द खत्रीलाई पराजित गरे। नुवाकोट जिल्ला आईटीएफ तेक्वान्दो संघद्वारा आयोजित प्रतियोगिताको जुनियर पुरुष २०-२५ केजीमा मध्यमाञ्चलका युनिश गौतम तथा २६-३० केजीमा पश्चिमाञ्चलका निरोज गुरुङ पहिलो भए। फाइनलमा युनिशले पश्चिमाञ्चलका मनीष क्षेत्री तथा निरोजले मध्यमाञ्चलका सन्तोष गुरुङलाई हराए। जुनियर महिला २०-२५ केजी फाइनलमा मध्यमाञ्चलकी रोशिका मगर आयोजककी सरस्वती तामाङलाई पाखा लगाउँदै पहिलो भइन्।

प्याटर्नको महिलातर्फ येल्लो बेल्टमा पश्चिमाञ्चलकी समीक्षा गाहा र मध्यमाञ्चलकी रश्मी लामा, ग्रिन बेल्टमा एपीएफकी सुनीता गुरुङ र सुदूरपश्चिमाञ्चलकी उषा चौधरी, ब्लु बेल्टमा मध्यमाञ्चलकी विपना मगर र एपीएफकी अप्सना तामाङ, रेड बेल्टमा मध्यमाञ्चलकी सचिना सुनुवार र पश्चिमाञ्चलकी रिया रचाल, ब्ल्याक बेल्ट पहिलो डानमा मध्यमाञ्चलकी रन्जु पुलामी मगर र आर्मीकी हेमा खड्का तथा ब्ल्याक बेल्ट दोस्रो डानमा आर्मीकी रुबिका खड्का र मध्यमाञ्चलकी श्वेता राई क्रमश: पहिलो र दोस्रो भए।

सोही स्पर्धाको पुरुषतर्फ येल्लो बेल्टमा मध्यपश्चिमाञ्चलका प्रकाश आले र पश्चिमाञ्चलका मनीष क्षेत्री, ग्रिन बेल्टमा सुदूरपश्चिमाञ्चलका अनिल परियार र पश्चिमाञ्चलका सुन्दर रसाइली, ब्लु बेल्टमा मध्यमाञ्चलका युनिश गौतम र मध्यपश्चिमाञ्चलका सुजन विक, रेड बेल्टमा एपीएफका श्यामकृष्ण श्रेष्ठ र मध्यमाञ्चल सुमित कँडेल, ब्ल्याक बेल्ट पहिलो डानमा एपीएफका मानबहादुर चौधरी र मध्यमाञ्चलका सागर कुँवर, ब्ल्याक बेल्ट दोस्रो डानमा आर्मीका पूर्णबहादुर मगर र एपीएफका विन्दुप्रसाद चौधरी तथा ब्ल्याक वेल्ट तेस्रो डानमा एपीएफका नाम्गेल तामाङ र आर्मीका धर्मराज कँडेलले क्रमश: स्वर्ण र रजत हात पारे।



रियल मेड्रिडले ला लिगाको ठूलो प्रतिद्वन्द्वी बार्सिलोनासँग लिभरपुलका खेलाडी फिलिप काउन्टिनो छिन्ने तयारी गरेको डेली मेलले जनाएको छ। ब्राजिली खेलाडीलाई बार्सिलोनाले पटक पटक क्लबमा भित्र्याउने प्रस्ताव राखे पनि लिभरपुलले अस्वीकार गर्दै आएको छ। रियल मेड्रिडले आगामी सिजनमा काउन्टिनोका लागि बार्सिलोनाले राखेको १ सय ५ मिलियन पाउन्डको भन्दा बढी रकमको प्रस्ताव राख्ने पनि खुलासा भएको छ।

## खेल सङ्क्षेप

### टेनिस टोली कजाकस्तान प्रस्थान

काठमाडौं, (नेस)

आईटीएफ एसियन यू-१२ टेनिस टिम च्याम्पियनसिपमा सहभागी हुन नेपाली टोली शुक्रबार कजास्तिानको अस्ताना प्रस्थान गरेको छ। नोभेम्बर ६ देखि ११ तारिखसम्म हुने च्याम्पियनसिपमा नेपाली पुरुष टोली आर्यन गिरी, आरभसम्राट हाडा र चिराग तिमिल्सिनाले प्रतिस्पर्धा गर्नेछन्। गत मेमा नेपालमै भएको आईटीएफ/एटीएफ यू-१२ टिम च्याम्पियनसिपको दक्षिण एसियाली छनोटमा दोस्रो हुँदै उक्त टोली च्याम्पियनसिपका लागि छनोट भएको थियो। प्रशिक्षकमा कृष्णराज घले छन्।

### वादोकाई कराते टोली कोलम्बोतर्फ

काठमाडौं, (नेस)

पन्ध्रौं डब्लूकेआई अन्तर्राष्ट्रिय कराते च्याम्पियनसिपमा सहभागी हुन ८ खेलाडीसहित १० सदस्यीय नेपाली कराते टोली शुक्रबार श्रीलंकाको कोलम्बो प्रस्थान गरेको छ। नोभेम्बर ४ र ५ तारिखमा हुने च्याम्पियनसिपमा ६ पुरुष र २ महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। पुरुषको ८४ केजीमाथि ध्रुव थापा, ७४ केजीमा विकास राजवाहक, ६७ केजीमा नवीन महर्जन, ५० केजीमा अनिश लामिछाने, ४५ केजी र एकल कातामा सुरेन्द्र तामाङ तथा ४० केजीमा विवेक कुँवरले प्रतिस्पर्धा गर्नेछन्। महिलाको ४५ केजी र एकल कातामा वर्षा बुढा मगर तथा ४० केजीमा विनिता चपाईंले भाग लिनेछन्। टोली प्रमुखमा मोहन महर्जन छन् भने निरज महर्जनले च्याम्पियनसिपमा निर्णायकको भूमिका निर्वाह गर्नेछन्।

### पुडासैनीको अध्यक्षतामा नगर खेलकुद

काठमाडौं, (नेस)

काठमाडौं जिल्ला खेलकुद विकास समितिले रामप्रसाद पुडासैनी (नवराज)को अध्यक्षतामा ११ सदस्यीय कागेश्वरी मनोहरा नगर खेलकुद विकास समिति गठन गरेको छ। समितिको कोषाध्यक्ष ईश्वरचन्द्र पुडासैनी छन्। सदस्यमा विदिप सिलवाल, साजन श्रेष्ठ, अशोक खड्का, सन्जु शाही, विक्रम पुडासैनी, रामेश्वर श्रेष्ठ, पुजन ढकाल, महेश बस्नेत र सुवास पुडासैनी रहेका छन्।

# सेञ्चुरी बैंक सुपर सिक्सेस आगामी सातादेखि

काठमाडौं, (नेस)

सेञ्चुरी बैंक कर्पोरेट सुपर सिक्सेस क्रिकेट प्रतियोगिताको चौथो संस्करण आगामी सातादेखि काठमाडौंमा प्रारम्भ हुने भएको छ।

एसएस इभेन्ट्सको आयोजनामा हुने प्रतियोगितामा २४ कर्पोरेट टोलीले सहभागिता जनाउने शुक्रबार पत्रकार सम्मेलनमा आयोजकले जनायो। कात्तिक २१ गतेदेखि २५ गतेसम्म कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा हुने प्रतियोगिता लिग कम नकआउटको आधारमा हुनेछ। हरेक समूहको शीर्ष दुई टोली प्रि-क्वार्टरफाइनलमा प्रवेश गर्नेछन्।

प्रतियोगिताको विजेताले ट्रफीसहित आकर्षक गिफ्टका साथै अर्को वर्षको प्रतियोगितामा नि:शुल्क प्रवेश पाउनेछन्। प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ट्रफी र गिफ्ट ह्याम्पर तथा उत्कृष्ट ब्याट्सम्यान, बलर, फिल्डर, विकेट किपर, सर्वाधिक छक्का प्रहार गर्ने खेलाडीहरूले आकर्षक पुरस्कार प्राप्त गर्नेछन्। त्यस्तै हिट दि बोर्ड र फेयर प्ले टिम पनि पुरस्कृत हुनेछन्। आयोजक सेञ्चुरी बैंक गत संस्करणको विजेता पनि हो।

आठ समूहमा विभाजित गरिएअनुसार समूह 'ए'मा नेपाल एसबीआई बैंक, इम्पोई प्रोभिडेण्ट फण्ड र कैलाश विकास बैंक, समूह 'बी'मा सूर्य नेपाल, सिप्रदी र प्रभु बैंक, समूह 'सी'मा नेपाल टेलिकम, आईसीएफसी फाइनान्स र आईएमई तथा समूह 'डी'मा माछापुच्छ्रे बैंक, सेञ्चुरी बैंक र अन्नपूर्ण मिडिया नेटवर्क रहेका छन्।

त्यस्तै समूह 'ई'मा नबिल बैंक, एनसीसी बैंक र ओम डेभलपमेन्ट बैंक, समूह 'एफ'मा एनएमबी बैंक, रमन जनरल र कुमारी बैंक, समूह 'जी'मा एनआईसी एसिया बैंक, सिभिल बैंक र सांग्रिला स्पिरिट्स तथा समूह 'एच'मा जनता बैंक, सुनवी डिजाइन र मेघा बैंकले प्रतिस्पर्धा गर्नेछन्।

# आर्सेनल अर्को चरणमा



लन्डन, (एजेन्सी)

युरोपियन क्लब फुटबलको दोस्रो ठुलो प्रतियोगिता युरोपा लिगअन्तर्गत बिहीबार राति भएको खेलमा बराबरी खेल्दै इंग्लिस टोली आर्सेनल अर्को चरणमा प्रवेश गरेको छ।

समूह 'एच'को खेलमा सर्बियाको रेडस्टार बेलग्रेडसँग गोलरहित बराबरी खेले पनि आर्सेनलले अर्को चरणमा ठाउँ सुरक्षित गरेको हो। उक्त बराबरीको नतिजासँगै आर्सेनल चार खेलमा १० अंक बटुल्दै युरोपा लिगको अन्तिम ३२ मा प्रवेश गरेको हो।

घरेलु टोली आर्सेनलले खेलमा गोल गर्ने केही उत्कृष्ट अवसरहरू पाए पनि चुकेका थिए। स्ट्राइकर ओलिभर गिरौड र मिडफिल्डर ज्याक विल्शेरले पाएको अवसरलाई गोलमा परिणत गर्न नसकेपछि आर्सेनलले एक अंकमै चित्त बुझाउनु परेको हो।

यसैगरी समूह 'ई'को खेलमा अर्को इंग्लिस टोली एभर्टनको भने लियोनसँग ३-० को हार बेहोर्दै अर्को चरणमा पुग्नबाट वञ्चित भएको छ। पहिलो हाफसम्म गोलविहीन बनेको उक्त खेलमा लियोनलाई जित दिलाउन खेलको ६८औं मिनेटमा ट्रोरेले पहिलो गोल गरेका थिए। यस्तै खेलको ७६औं मिनेटमा आओर र ८८औं मिनेटमा डिपेयले एक-एक गोल आफ्नो नाममा लेखाए। उक्त हारसँगै इभरर्टन समूह चरणबाटै बाहिरिएको हो।

यसैगरी रसियाको जेनिथ सेन्ट पिटर्सवर्ग र रोमानियाको स्टावा बुखारेस्ट पनि प्रतियोगिताको अन्तिम ३२ भित्र पर्न सफल भएका छन्। समूह 'एल'मा रसियाको जेनिट सेन्ट पिटर्सबर्ग शीर्ष स्थानमा रहेको छ। बिहीबार भएको खेलमा रोजेनबर्गसँग १-१ गोलको बराबरी खेल्दै ४ खेलबाट पिटर्सबर्गले १० अंक जोडेका हुन्। यसै समूहमा रहेको भार्दर भने रियल सोसिडाडसँग ३-० ले पराजित भएपछि चार खेलबाट अंकविहीन हुँदै बाहिरिने पक्का भएको छ। यसैगरी समूह 'जी'मा रहेको स्टावा बुखारेस्टले पनि चार खेलबाट १० अंक जोड्दै अर्को चरणमा प्रवेश पाएको हो।

यसैगरी समूह 'ए'को खेलमा स्लाभिया प्रागलाई २-० ले हराउँदै स्पेनको भियारियलले पनि समूहको शीर्ष स्थान ओगटेको छ। जितसँगै भियारियलले चार खेलबाट ८ अंक जोडेका छन्। यस समूहमा चार खेलबाट एक अंक जोडेका माकाबी तेल अभिभ प्रतियोगिताबाट बाहिरिएका छन्। बिहीबार राति नै सम्पन्न अन्य खेलमा फ्रान्सको निसलाई १-० ले हराँउदै समूह 'के'बाट इटालीको लाजियो र स्विट्जरल्यान्डको योङ ब्वाईजलाई १-० ले हराउँदै समूह 'बी'बाट युक्रेनको डाइनामो किभ पनि अन्तिम ३२ उक्लेका छन्।

# नाडालको शीर्ष स्थान सुरक्षित

पेरिस, (एजेन्सी)

स्पेनका स्टार टेनिस खेलाडी राफाल नाडालले यस वर्षको अन्त एटीपी रेन्किङमा विश्व नम्बर एक खेलाडीबाट समाप्त गर्ने भएका छन्। नाडालले पेरिसमा जारी पेरिस मास्टर्स टेनिसअन्तर्गत क्वार्टरफाइनलबाट नाम फिर्ता लिए पनि उनको शीर्ष स्थान सुरक्षित नै रह्यो। स्विस खेलाडी रोजर फेडेररले पेरिस मास्टर्स नखेल्ने भएपछि नाडाल विश्वको नम्बर एक टेनिस खेलाडी बन्ने तय भएको हो।



३१ वर्षीय नाडाल एटीपीको ४४ वर्षको इतिहासमा शीर्ष खेलाडीमा पुग्ने पहिलो पाको उमेरका खेलाडीसमेत बनेका छन्। नाडालले शुक्रबार नै क्वार्टरफाइनलमा सर्बियाका फिलिप क्रायिनोभिचसँग खेल्नुपर्ने थियो। तर उनले घुँडाको चोटको कारण प्रतियोगिता छाड्नुपरेको बताएका थिए। तर उनले बताए- 'म धेरै खुसी छु। यो साल सानदार रह्यो। एक वर्षअगाडि मैले सोचेको पनि थिएन कि म फेरि शीर्ष स्थानमा पुग्नेछु। अहिले सिजन पनि सकिएको छैन।'